सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ साउन २०८२, शनिबार (19 July 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन्नयाँ

समृद्ध नेपाली परिकार



परिकार

● एलबी कौसल, अध्यक्ष
इन्टरनेसनल सेफ सोसाइटी नेपाल

नेपाल परिकारमा अत्यन्त धनी छ- पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म जुन कुनामा पुगे पनि नयाँ-नयाँ परिकार पाइन्छन्

सामुदायिक स्वास्थ्य सचेतनामा

पुष्पाका ३३ वर्ष



पुष्पा भन्छिन्- हामीलाई केही सुविधा दिँदैनन्, काम मात्र दिन्छन्, पालिकाले तलब दिने भन्थे दिएका छैनन्

चीनको आर्थिक खुलापनका प्रवर्तकले झेल्नुपरेका कठिनाइ



विदेश

● राना मिटर

■ ऊर्जामन्त्री र भौतिक पूर्वाधार मन्त्रीको एक वर्ष



दीपक खड्का, ऊर्जामन्त्री



देवेन्द्र दाहाल, भौतिकमन्त्री

● ऊर्जामन्त्रीको प्राधिकरणमा निरन्तर हस्तक्षेप, सवा ८ अर्ब विद्युत् बक्यौता नउठाउने नियत

● विगतभन्दा धेरै पुँजीगत खर्च भएको भौतिकमन्त्रीको दाबी, तर ७ वर्षदेखि नारायणगढ-बुटवल सडकखण्ड अधुरै

(विस्तृत पृष्ठ ७)

ओली आफ्ना लागि विधानै फेर्ने, विद्यालाई छेक्ने

ओली पुनः अध्यक्ष र प्रधानमन्त्री बन्ने बाटो खुलाउन ७० वर्षे उमेरहद र कार्यकारी पदमा दुई कार्यकालको व्यवस्था योजनाबद्ध रूपमा संशोधन गरिँदै, विद्यालाई छेक्न पार्टी बैठकदेखि विधान संशोधन र सदस्यता नवीकरणसम्मका बहानामा थरीथरी दाउपेच

● सचिवालय बैठकमार्फत ७० वर्षे उमेरहद र दुई कार्यकालभन्दा बढी कार्यकारी पदमा उम्मेदवार बन्न पाउने पक्षमा निर्णय

● विधान महाधिवेशनमा प्रतिनिधि नै बन्न नदिने गरी विधान संशोधन प्रस्ताव सचिवालयबाट अनुमोदन

● पोलिटब्युरो बैठकमा पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण हुन नसक्ने जनाउ, ओलीकै लाइनअनुसार निकट नेताहरूको धारणा

● कांग्रेस सभापति शेरबहादुर देउवासँग मिलेर पूर्वराष्ट्रपति राजनीतिमा आउनुहुँदैन, यसले लोकतान्त्रिक प्रणालीमा क्षति गर्छ भन्ने भाष्य निर्माणको प्रयास

● विद्यामा संगठनात्मक नेतृत्वको अनुभव नरहेको भन्दै उनको नेतृत्व क्षमतामाथि सार्वजनिक रूपमै प्रश्न र धम्की

● अध्यक्ष मान्न नसकिने जनाउसहित विद्याको नेतृत्व अस्वीकारको घोषणा

● बहुमतका बलमा हरेक कमिटीमा निर्णय गरेर रोक्ने प्रपञ्च, विद्यानिकट नेताहरूमाथि घेराबन्दी र दबाब

● पार्टीभित्रबाट रोक्न नसके अध्यादेश ल्याएर भए पनि विद्याको बाटो रोक्ने दाउ र सत्ता राजनीतिमार्फत विद्याका काममा व्यवधान गर्ने रणनीति

■ शुक्रबार पार्टी पोलिटब्युरो बैठकमा अध्यक्ष ओलीले भने–

> उहाँ (विद्या भण्डारी) सदस्यता त्यागेर राष्ट्रपति बन्नुभएको हो। सदस्यता त्यागिसकेपछि नवीकरण गर्ने व्यवस्था विधानमा छैन। नयाँ सदस्यता लिनुपर्छ या अलगै विशेष निर्णय गरेर नवीकरण गर्न दिनुपर्ने हुन्छ। उहाँजस्तो व्यक्तित्व कसैले उचालेका आधारमा सक्रिय राजनीतिमा आउनुहुँदैन। उहाँको सदस्यताको निर्णय विधिसम्मत छलफल गरेर कमिटीले गर्छ।



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले आफू पुनः अध्यक्ष र प्रधानमन्त्री बन्ने बाटो खुलाउन ७० वर्षे उमेरहद र कार्यकारी पदमा दुई कार्यकालको व्यवस्था योजनाबद्ध रूपमा संशोधन गर्दै लगेका छन्। तर, पूर्वराष्ट्रपति विद्या भण्डारीलाई रोक्न भने पार्टी बैठकदेखि विधान संशोधन र सदस्यता नवीकरणसम्मका बहानामा थरीथरी दाउपेच चलाएका छन्।

एमाले अध्यक्ष हुने योजनासहित सक्रिय राजनीत थालेकी भण्डारीलाई रोक्ने ओली समूहको अभियानले एमालेभित्रको आन्तरिक संघर्ष सतहमा ल्याएको छ। शक्तिसंघर्षमा विधि र संस्थागत प्रक्रियाभन्दा ओलीको व्यक्तिगत रणनीति हाबी

» पृष्ठ २ मा क्रमशः

सचिवालय बैठकमा बहुमत-अल्पमत

६ नेताले नोट अफ डिसेन्ट लेख्ने बताएपछि फेरिए ओली

बिहीबार मध्यरातमा सम्पन्न एमाले केन्द्रीय सचिवालय बैठकले बहुमत-अल्पमतबाट विधान संशोधन प्रस्ताव पोलिटब्युरोमा लैजाने निर्णय गरेको थियो। उपाध्यक्ष विष्णु पौडेलले प्रस्तुत गरेको उमेरहद र कार्यकारी पदको समयसीमा हटाउने प्रस्ताव बहुमतबाट निर्णय भए पनि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहित ६ पदाधिकारीले निर्णयमाथि 'नोट अफ डिसेन्ट' लेख्न खोजेका थिए। त्यसो हुँदा फरक मत पोलिटब्युरो हुँदै केन्द्रीय कमिटीमा छलफलमा जाने निश्चित भएपछि अध्यक्ष ओलीकै आग्रहमा दुवैखाले मतलाई छलफलका लागि खुला गर्ने निर्णयसहित विधान संशोधन प्रस्ताव पारित गरिएको थियो।

'राष्ट्रपति, पूर्वराष्ट्रपति भइसकेका व्यक्ति फर्किएर पार्टी राजनीति गर्छु भन्नु गलत हो, यसले लोकतान्त्रिक प्रणालीलाई नोक्सान गर्छ, देशको सर्वोच्च पदमा जाने भनेको अब पार्टीमा फर्कन्नँ भनेर हो, फेरि फर्किएर आउँदा त्यो पदको गरिमा सकिन्छ,' ओलीले बैठकमा यस्तो मत राखेपछि वरिष्ठ उपाध्यक्ष पोखरेल, उपाध्यक्ष युवराज ज्ञवाली र नेता सुरेन्द्र पाण्डेले प्रतिवाद गरेका थिए।

'अब तपाईं के कारण तेस्रोपटक अध्यक्ष बन्ने ? तपाईंले अब नेतृत्व गर्न सक्नुहुन्न, तपाईं हट्नुपर्छ भन्ने मेरो क्लियरकट मत छ,' पोखरेलले आमने-सामने यसरी मत राखेपछि ओली पनि प्रतिवादमा उत्रिएका थिए। विधानसमेत आफूअनुकूल छापेको पोखरेलको आरोपपछि ओलीले कर्ण थापाको प्रवक्ता बनेको भन्दै मिनिमाइज्ड गरेका थिए। 'तपाईं कर्ण थापाको प्रवक्ता बन्ने ? कहाँ छापियो तीनवटा विधान ! दर्सौं महाधिवेशनबाट संशोधन भएको होइन ? जथाभावी नबोल्नुस्' भन्दै ओली जंगिएपछि पोखरेलले पनि सवालजवाफ गरेका थिए। 'मलाई अरूको प्रवक्ता किन हुनु छ ? के मेरो आफ्नो विवेक हुँदैन, मत छैन ? तपाईंको कार्यशैली, सोच केही पनि ठिक छैन, यसरी पार्टी चल्दैन। तीनवटा विधान छापिएको यथार्थ हो। त्यसलाई पुष्टि गर्ने महाधिवेशनका दस्तावेज सुरक्षित छन्, तिनैले बोलिरहेका छन्,' पोखरेलले प्रतिवाद गरेका थिए।

राष्ट्रपति भइसकेको व्यक्ति राजनीतिमा फर्किन नपाउने हो भने त्यतिबेलै पार्टीले निर्णय गर्नुपर्थ्यो भन्दै पोखरेलले सर्वसत्तावादी सोच र शैली स्वीकार्य नहुने चेतावनी दिएका थिए। पोखरेलकै जस्तो मत ज्ञवाली र पाण्डेले राखेपछि ओली झस्किएका थिए। उनीहरूले हिजो पार्टीमा आफ्नो स्वार्थका लागि लोकतान्त्रीकरणको प्रस्ताव ल्याएको भन्दै जस लिने र नेता बन्ने, तर आज त्यही कुरा अरूले उठाउँदा बन्देज लगाउन खोजेको आरोप लगाए। उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, सचिव योगेश भट्टराई र गोकर्ण विष्टले पनि उस्तैखाले मत राखेका थिए। भट्टराईले उमेरहद र कार्यकारी पदको समयसीमा राखेर जानुपर्ने मत राखेका थिए। त्यस्तै, सचिव रघुवीर महासेठ र पद्मा अर्याल मौन बस्दा बाँकीले ओलीकै लाइनमा उभिए।

■ शेखर सक्रिय

विद्या र प्रचण्डलाई छुट्टाछुट्टै भेटेर राखे सहकार्यको प्रस्ताव



■ डा. शेखरले प्रचण्ड र विद्यासँग छलफल गरेपछि उनलाई भेटेका कांग्रेस नेता गुरुराज घिमिरेले नयाँ पत्रिकासँग भने–



> नेताहरूले चिन्तित भएर भेटघाट गर्नुभयो। देश सही बाटोमा अगाडि बढ्न नसकेको उहाँहरूको साझा धारणा रहेछ। साथै, सरकार सुधारको बाटोमा हिँड्दैन भने विकल्प खोज्ने हो कि भन्ने खालको संवाद भएको पाएँ। सरकारका लागि सरकार भएको छ। यस्तो अवस्था टुलुटुलु हेरेर बस्न सकिँदैन भन्ने छलफल भएको रहेछ। पार्टीगत आफ्ना सीमा छन्। त्यसभित्र पनि राष्ट्रको अवस्था हेरेर सबै एकताबद्ध भएर अगाडि बढ्ने वातावरण बनाउन भेटघाट भएको देखिन्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

सुशासन, सेवा प्रवाह र संविधान संशोधनको एजेन्डामा सरकार ठिक ढंगले चल्न नसकेको निष्कर्षमा पुगेका कांग्रेस नेता डा. शेखर कोइरालाले राजनीतिक भेटघाट र सक्रियता बढाएका छन्। विपक्षी दलका नेता माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग मात्र नभई डा. कोइरालाले हालै मात्र एमालेको सक्रिय राजनीतिमा फर्केकी पूर्वराष्ट्रपति

» पृष्ठ २ मा क्रमशः

■ कर्णाली विकास बैंक हिनामिना

राष्ट्र बैंकका कर्मचारीको खातामा बैंकबाट १० लाख गएको भेटियो

■ सुपरिवेक्षणमा खटिएका राष्ट्र बैंकका तत्कालीन कर्मचारी ६१ वर्षीय भुवन बस्नेतको खातामा कर्णाली विकास बैंकबाट १० लाख गएको पुष्टि, बैंकको बदमासी लुकाएबापत उक्त रकम लिएको सिआइबीको दाबी



● होबिन्द्र बोगटी
एसएसपी, सिआइबी

कर्णाली विकास बैंकको सुपरिवेक्षणमा राष्ट्र बैंकको भूमिका सन्तोषजनक देखिँदैन। हालसम्मको अनुसन्धानमा उनको (भुवन बस्नेत) पनि भूमिका शंकास्पद देखिएपछि नियन्त्रणमा लिएर अनुसन्धान थालेका छौं।

नयाँ पत्रिका

कर्णाली विकास बैंकको साढे दुई अर्बभन्दा धेरै रकम हिनामिनामा नेपाल राष्ट्र बैंकका कर्मचारीको मिलेमतो पुष्टि भएको छ। अनुगमन तथा सुपरिवेक्षणमा खटिने कर्मचारीले व्यक्तिगत लाभ लिएर बैंकभित्रको बदमासी लुकाउने गरेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः

भ्रष्टाचार मुद्दामा निलम्बित सांसद बस्नेत सरकारी कार्यक्रममै प्रमुख अतिथि

बिहीबार जिल्ला समन्वय समितिले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि बनेका बस्नेत विभिन्न पालिकाका बजेटसभा, खानेपानी आयोजनादेखि स्वास्थ्य चौकी उद्घाटनमा सक्रिय



बिहीबार तातोपानी नाकासम्बन्धी अन्तर्क्रियामा प्रमुख अतिथि बस्नेत

निलम्बनपछि बस्नेत गृहनगर बाह्रबिसे नगरपालिका र भोटेकोशी गाउँपालिकाको बजेटसभामा पनि प्रमुख अतिथि बने। त्यस्तै, ५ जेठमा लिसंखुपाखर गाउँपालिका- २, निगालेमा खानेपानी योजनाको उद्घाटन गरे भने त्यसको भोलिपल्ट सुनकोशी गाउँपालिका- २, ठोकर्पामा स्वास्थ्य चौकी भवन पनि उद्घाटन गरे। भ्रष्टाचार मुद्दामा निलम्बित सांसदको यो रवैयाको स्थानीय जनप्रतिनिधिले सार्वजनिक रूपमै विरोध गरेका थिए।

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

गृहजिल्ला सिन्धुपाल्चोकमा आफ्ना आलोचकमाथि खुलेआम धाकधम्की दिने कांग्रेस सांसद एवं पूर्वमन्त्री मोहनबहादुर बस्नेतले भ्रष्टाचार मुद्दामा निलम्बन भएपछि पनि रवाफ देखाउन छाडेका छैनन्। टेरामक्स प्रकरणमा तीन अर्बभन्दा बढी भ्रष्टाचार अभियोगमा १ जेठमा विशेष अदालतमा मुद्दा चलेपछि निलम्बनमा परेका उनी सरकारी कार्यक्रममै अतिथि बनेर हिँडिरहेका छन्। बिहीबार मात्रै जिल्ला समन्वय समितिले आयोजना र सिन्धुपाल्चोक उद्योग वाणिज्य संघले समन्वय गरेको 'तातोपानी नाकासम्बन्धी अन्तर्क्रियामा उनी प्रमुख अतिथि नै बनेका छन्।

बाढीले रसुवा नाका बन्द भएपछि तातोपानीमा पर्न जाने सवारीचाप, कोदारी सडकको अवस्था र यसको व्यवस्थापनबारे बाह्रबिसेस्थित सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको हलमा बिहीबार अन्तर्क्रिया आयोजना

» पृष्ठ २ मा क्रमशः

एक वर्षमै गए आठ लाख ३९ हजार युवा वैदेशिक रोजगारीमा

विश्वका १९३ देशमध्ये ०८१/८२ मा नेपाली १७८ मुलुकमा वैदेशिक रोजगारीका लागि पुगे



फाइल तस्बिर

■ श्रमका लागि धेरै युवा गएका १० देश



युएई २,७४,५९१



साउदी १,५२,८५७



कतार १,४०,७९१



कुवेत ५९,०६५



मलेसिया ४९,१८७



रोमानिया २७,८७४



जापान २३,०७१



कोरिया १४,२२४



क्रोएसिया १३,८३५



बहराइन ११,६२४

अजित अधिकारी/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८१/८२ मा आठ लाख ३९ हजार २६६ युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन्। यसरी बिदेसिनेमध्ये ६०.२८ प्रतिशत नयाँ हुन् भने २९.७२ प्रतिशत पुनः श्रम स्वीकृति लिएर गएका छन्।

» पृष्ठ २ मा क्रमशः

पाँच वर्षमा ३५ लाख १६ हजार ९६५ नेपाली वैदेशिक रोजगारीमा गए

■ सबै देशमा जाने कामदारका लागि न्यूनतम पारिश्रमिक तोक्ने तयारी



कमलप्रसाद भट्टराई

वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले सबै मुलुक जाने कामदारका लागि न्यूनतम पारिश्रमिक तोक्ने गरी काम भइरहेको बताए। 'वैदेशिक रोजगार थप पारदर्शी र प्रभावकारी बनाउन वैदेशिक रोजगार खुला गरिएका मुलुकमा नेपाली श्रमिकले पाउने न्यूनतम पारिश्रमिक तोक्ने कार्यको थालनी भइसकेको छ। युएईको हकमा न्यूनतम एक हजारदेखि १५ सय दिरामसम्म तोकिएको छ,' उनले भने, 'आगामी दिनमा सबै गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्दै जाने र सम्बन्धित देशमा पेसागत दक्षताका आधारमा अलग-अलग न्यूनतम पारिश्रमिक तोक्ने व्यवस्था गर्न पहल गर्नेछौं।' वैदेशिक रोजगारीमा जानुअघि सरकारले प्रदान गर्ने सबै प्रकारका अभिमुखीकरणलाई डिजिटल प्रविधिमा आधारित बनाइने पनि विभागले जनाएको छ।

पुरानो ठेक्का ब्युँताएर हतियार खरिद गर्नबाट पछि हट्यो सरकार

नयाँ पत्रिका

तीन वर्षअघि स्थगित ठेक्का ब्युँताएर नेपाल प्रहरी र सशस्त्रका लागि डेढ अर्बका हतियार किन्ने योजनाबाट सरकार पछि हटेको छ। गृहमन्त्री रमेश लेखकले प्रहरीका लागि पुराना ठेक्का ब्युँताएर हतियार खरिदको काम नहुने स्पष्टीकरण दिएका छन्। जबकि यसअघि यसका लागि सार्वजनिक खरिद नियमावलीसमेत संशोधन गरिएको थियो।

राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको शुक्रबार बसेको बैठकमा सांसदहरूले बिचौलियाको सेटिङमा पुरानो ठेक्का ब्युँताएर हतियार खरिद गर्ने कुरा आएको भन्दै गृहमन्त्री लेखक र दुवै प्रहरी संगठनका आईजिपीसँग जिज्ञासा राखेका थिए। जवाफमा गृहमन्त्री लेखकले पुराना ठेक्का ब्युँताएर हतियार खरिद नहुने स्पष्टीकरण दिएका हुन्।

'पुरानो हतियारको टेन्डर र ठेक्का भएर विगतमा रोकिएको र अहिले फेरि त्यसलाई ब्युँताउने अथवा अगाडि बढाउने कुरा भएको छ कि भन्ने आयो। तर, त्यो बिलकुल हुँदैन,' मन्त्री लेखकले भने, 'तीन-चार



गृहमन्त्री लेखक भन्छन्- कानुनबमोजिम पारदर्शी ढंगले हतियार खरिद हुन्छ

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

ठुला भ्रष्टाचार छानबिनका लागि अख्तियार र सम्पत्ति शुद्धीकरण विभागमा राप्रपाको ज्ञापनपत्र

काठमाडौं/ राप्रपाले सबै ठुला भ्रष्टाचार र नेताहरूको सम्पत्ति छानबिनको माग गर्दै शुक्रबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई ज्ञापनपत्र बुझाएको छ। अध्यक्ष राजेन्द्र लिङ्देन नेतृत्वमा प्रदर्शनसहित दुवै निकायमा पुगेर ज्ञापनपत्र बुझाएको हो।

सुडान घोटाला, ललितानिवास प्रकरण, वाइडबडी जहाज खरिद, ओम्नी काण्ड, एनसेल लाभकर प्रकरण, क्यान्टोनमेन्ट घोटालाजस्ता चर्चित काण्डहरूमा राजनीतिक नेतृत्वमाथि अनुसन्धान नहुनु अख्तियारकै प्रभावकारितामाथि प्रश्न उठाउने विषय भएको ज्ञापनपत्रमा उल्लेख छ। 'राजनीतिक नेतृत्वको संरक्षणविना यस्ता ठुला भ्रष्टाचार सम्भव छैन,' ज्ञापनपत्रमा भनिएको छ, 'मुख्य जरो राजनीतिमा भएकाले छानबिनको दायरामा उनीहरूलाई ल्याउनुपर्ने हाम्रो स्पष्ट माग छ।'

राप्रपाले भुटानी शरणार्थी प्रकरण, सहकारी घोटाला, रड-सिमेन्ट मूल्यवृद्धि, पोखरा र गौतमबुद्ध विमानस्थल निर्माण, मणिपाल मेडिकल कलेज, कृषि अनुदान दुरुपयोग, चाइनिज विमान खरिदजस्ता काण्डहरूको ढिलासुस्तीपूर्ण अनुसन्धान र मौनताप्रति पनि असन्तुष्टि जनाएको छ। राप्रपाले सम्पूर्ण भ्रष्टाचार प्रकरणमा पुनः छानबिन र राजनीतिक नेतृत्व तहलाई उन्मुक्ति नदिन माग गरेको छ।

०४६ पछिका उच्चपदस्थ राजनीतिक, प्रशासनिक नेतृत्वको सम्पत्ति छानबिन गर्न माग गर्दै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पनि बेग्लै ज्ञापनपत्र दिएको छ।

एमाले छाडेको चार वर्षपछि वामदेव एकीकृत समाजवादीमा

तेस्रो वरीयता पाए, समाजवाद ल्याउने दाबी

नयाँ पत्रिका

वामदेव गौतम नेतृत्वको नेकपा राष्ट्रिय अभियान शुक्रबारदेखि एकीकृत समाजवादी पार्टीमा समाहित भएको छ। राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले गौतमसहित अभियानका पदाधिकारीलाई पार्टीमा समाहित गरेका हुन्।



नेकपा विभाजनसँगै चार वर्षअघि १८ भदौ ०७८ मा गौतमले एमाले परित्याग गरेका थिए। त्यसअघि २५ पुसमा ०७७ मै उनले नेपाल कम्युनिस्ट पार्टी एकता राष्ट्रिय अभियान घोषणा गरेका थिए। तर, पार्टी भने घोषणा गरेका थिएनन्।

गौतमले एमाले र एकीकृत समाजवादीमा समाहित हुनका लागि निरन्तर प्रयास गरेका थिए। उनले माओवादीदेखि रास्वपासँगसमेत संवाद गर्दै आएका थिए। १७ पुस ०८१ मै एकीकृत समाजवादीमा समाहित हुने सहमति गरेका उनी बिचमा एमाले अध्यक्ष केपी ओलीसँग संवाद गरेपछि बदलिएका थिए। गौतमले ४ माघमा एमाले अध्यक्ष ओलीसँग लामो वार्ता गरेपछि एमालेमा प्रवेश गर्ने निश्चित भएको सार्वजनिक गरेका थिए। त्यसवेला एकीकृत समाजवादीमा जाने सहमति तोडेर एमाले जाने निष्कर्ष निकालेका गौतमले बृहत् एकताका लागि एमाले रोजेको सार्वजनिक गरेका थिए। एमालेमा जाने स्थान र मिति भने ओलीले तय गर्ने गौतमको भनाइ थियो। तर, एमाले केन्द्रीय सचिवालयले ९ माघमा पार्टी एकता नभएर राष्ट्रिय एकता अभियानसँग सहकार्य गर्ने निर्णय गरेको थियो। त्यसपछि बिच्किएका गौतमले एकीकृत समाजवादीसँग एकताका लागि पुनः संवाद थालेका थिए। वरीयतामा गौतम तेस्रो नेता भएका छन्। अध्यक्ष नेपाल, सम्मानित नेता झलनाथ खनालपछिको वरीयतामा गौतमलाई राख्ने सहमति भइसकेको छ।

शुक्रबार आयोजित एकता सभामा गौतमले चार वर्षको प्रयासमा आफू एकीकृत समाजवादीमा आउन सफल भएको र असाध्यै खुसी भएको बताए। 'एकीकृत समाजवादीमा आइपुग्न चार वर्ष लाग्यो। चार वर्षपछि मैले भनेजसरी हामी एकीकृत हुँदै छौँ,' गौतमले भने, 'आज ज्यादै खुसी छु। म धेरै कुरा व्यक्त गर्न सक्दिनँ। एकीकृत समाजवादीमा एकीकृत हुन चार वर्षदेखि यात्रा सुरु गरेँ, तर पूरा भएको थिएन। आज पूरा भएको छ।'

गौतमले आफू एक्लै नगएको पनि एकता सभामा बताए। 'म एक्लै आएको छैन। ७५ सदस्यीय केन्द्रीय कमिटी सदस्यको समर्थन, उपत्यका प्रदेश कमिटी र नौ जिल्ला कमिटीको समर्थन बोकेर आएको छु,' उनले अभियानको सांगठनिक अवस्थाबारे भने। गौतमले आफ्नै जीवनकालमा समाजवाद देख्न चाहेको पनि बताए।

'मेरो जीवनमा समाजवाद देख्न पाएँ भने, मैले प्रयास गरेको समाजवादी पद्धति देख्न पाएँ भने मेरो जीवन पूर्ण रूपमा सफल भएको ठान्नेछु,' गौतमले भने, 'आवश्यक परे यी हात अहिले पनि समाजवादका लागि हतियारका रूपमा प्रयोग गर्छु। आन्दोलनको व्यक्ति हुँ, नेता हुँ। मैले गरेको आन्दोलन अहिलेसम्म असफल भएको छैन।' उनले नेपालको संविधानमा लोकतान्त्रिक, मूल्य-मान्यतामा आधारित समाजवाद उल्लेख भएअनुसार अघि बढ्ने पनि बताए।

उनले अर्को प्रसंगमा एमाले र माओवादीबिच विगतमा एकताका प्रक्रियामा ओली पछि मात्रै सकारात्मक भएको टिप्पणी गरे। 'पार्टी एकताका लागि ओली सुरुमा तयार हुनुभएन। माधव र म तयार भएर उहाँलाई तयार गरेपछि बल्ल पार्टी एकता भएको हो,' गौतमले भने।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले गौतम नेतृत्वमा पार्टीमा समाहित भएकालाई यथोचित जिम्मेवारी दिइने बताए। उनले एमालेसँग एकता सम्भव नभएको समेत स्पष्ट पारे। 'एमालेसँग एकताको कुनै सम्भावना छैन किनभने त्यहाँभित्रको अवस्था हामीले देखेका छौँ,' उनले भने, 'एमालेसँग कसैको लसपस छ भने वा आशा-अपेक्षा केही छ भने मेरो भन्नु केही छैन। हामी विचार मिल्नेसँग सहकार्य, मोर्चाबन्दी र एकताका लागि तयार छौँ।'

ओली आफ्ना...

पृष्ठ १ बाट क्रमशः

भएको छ। र, विद्यानिकट नेताहरूले यसलाई ओलीको स्वेच्छाचारी कदमका रूपमा व्याख्या गरेका छन्।

शृंखलाबद्ध योजनामा काम गरिरहेका ओलीले पूर्वराष्ट्रपति भण्डारीलाई पार्टी सदस्यतामै रोक लगाएर एमालेको राजनीतिमा नफर्काउने रोडम्याप पोलिटब्युरो बैठकमा प्रस्तुत गरेका छन्। शुक्रबारको पोलिटब्युरो बैठकमा ओलीले भण्डारीको सदस्यता नवीकरणकै विषयमा पुनर्विचार गर्नुपर्ने अवस्था आएको धारणा राखेका छन्।

केन्द्रीय सचिवालय बैठकमार्फत आगामी एघारौँ महाधिवेशनबाट आफू तेस्रो कार्यकाल अध्यक्ष बन्न पाउने बाटो खुलाएपछि ओलीले सदस्यता नवीकरणको विषय प्रवेश गराएका हुन्। सचिवालयले बहुमतबाट पारित गरेको ७० वर्षे उमेरहद र दुई कार्यकालभन्दा बढी कार्यकारी पदमा उम्मेदवार बन्न पाउने व्यवस्था गरेपछि पोलिटब्युरो बैठकमा त्यसैमा केन्द्रित छलफल भएको छ।

पार्टी संगठन विभागले एक वर्षअघि नै भण्डारीको पार्टी सदस्यता नवीकरण गरिसके पनि अध्यक्ष ओलीले 'त्यो काम नभएको' बताएर उनलाई पार्टी राजनीतिबाट परै राख्नुपर्ने आशयको मत राखेका छन्। 'उहाँ सदस्यता त्यागेर राष्ट्रपति बन्नुभएको हो। सदस्यता त्यागिसकेपछि पुनः नवीकरण गर्ने व्यवस्था विधानमा छैन। अब नयाँ सदस्यता लिनुपर्छ या उहाँलाई अलग्गै विशेष निर्णय गरेर नवीकरण गर्न दिनुपर्ने हुन्छ,' बैठकमा ओलीले भने, 'उहाँजस्तो व्यक्तित्व कसैले उचालेका आधारमा सक्रिय राजनीतिमा आउनुहुँदैन। उहाँप्रतिको विश्वासको कुरा हुन्छ। उहाँको सदस्यताको निर्णय विधिसम्मत छलफल गरेर कमिटीले गर्छ। यो मेरो व्यक्तिगत धारणा हो।'

एमालेका एक पदाधिकारीले पार्टी सदस्यता त्यागेरै सभामुख भएका सुवास नेम्वाङको कार्यकाल सकिएपछि नवीकरण गरेर उपाध्यक्ष मनोनीत गरिएको नजिर रहेको बताए। तर, ओलीले बैठकमा स्वेच्छाचारी शैलीमा अनौठो तर्क गरेको उनको भनाइ छ। 'दसौँ राउन्ड ओलीजीसँग विद्या भण्डारीको छलफल भएरै सदस्यता नवीकरण भएको छ। सहमतिमै संगठन विभागले सदस्यता नवीकरण गरेको अभिलेख राखेको छ। अघिल्लो वर्ष अध्यक्षले नै सचिवालय बैठकमा यसाबारे जानकारी गराइसक्नुभएको विषय हो,' ती पदाधिकारीले भने, 'त्यसैले आज उहाँले जुनसुकै तर्क गरे पनि भण्डारीलाई सदस्यता नवीकरण रोक्न सम्भव छैन। जबर्जस्ती गर्न खोजिए सबै कुरा बाहिर आउन सक्छ। त्यसैले आतंकित भएर पनि अहिले अध्यक्ष र महासचिवले प्रतिस्पर्धी ठानेर रोक्ने नियतले अनेक जालझेल गरेको हुन सक्छ।'

बैठकपछि प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले राष्ट्रपतिजस्तो गरिमामय पदमा पुगिसकेको व्यक्ति राजनीतिमा प्रवेश गर्नु गम्भीर विषय भएकाले पाटीले केन्द्रीय कमिटीबाट उचित निर्णय लिने विचार ओलीले राखेको बताए। 'राष्ट्रपतिजस्तो गरिमामय पदमा बसेको व्यक्ति राजनीतिमा प्रवेश गर्नु गम्भीर विषय हो। यसबारे उचित समयमा निर्णय लिइने अध्यक्षले जानकारी गराउनुभएको छ,' गौतमले भने। उनले त्यस्तो उचित समयमा उचित निर्णय लिने फोरम केन्द्रीय कमिटी बैठक भएकाले त्यहीँबाट निर्णय हुनेसमेत बताए।

बैठकमा खगराज अधिकारी, डा. राजन भट्टराई, कर्णबहादुर थापा, लालबाबु पण्डित, काशीनाथ अधिकारी, शेरधन राई र किरण गुरुङसहित सातजनाले विधान संशोधनसम्बन्धी प्रस्तावमा केन्द्रित रहेर धारणा राखेका थिए। उनीहरूमध्ये थापाबाहेक कसैले पनि ७० वर्षे उमेरहद र दुई कार्यकालभन्दा बढी कार्यकारी पदमा उम्मेदवार बन्न नपाउने विचारको पक्षमा मत राखेनन्। भण्डारीसँग नजिक रहेका राई त्यस विषयमा मौन रहे भने बाँकी नेताहरूले ओलीकै प्रस्तावलाई सहयोग पुग्ने गरी विचार राखेका छन्।

स्थायी समिति सदस्य अधिकारीले पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण नहुने र राजनीतिमा आउने भए नयाँ सदस्यता लिनुपर्ने मत राखेका थिए। 'उहाँ पार्टी सदस्यता परित्याग गरेर राष्ट्रपति बन्नुभएको हो, त्यसैले पार्टीमा आउने हो भने उहाँले अब नयाँ सदस्यता लिनुपर्छ, नवीकरण हुँदैन,' अधिकारीको मत थियो।

त्यस्तै, डा. भट्टराई, गुरुङ, अधिकारी र पण्डितले पनि उनकै जस्तो मत राखेका थिए। 'पार्टीको दसौँ महधिवेशनले हटाइसकेको कार्यकालको समयसीमा र केन्द्रीय कमिटीले निलम्बन गरेर सचिवालयले हटाइसकेको उमेरहदबारे बहस गरेर पार्टीमा अनावश्यक विवाद सिर्जना गर्दा पार्टी बलियो हुँदैन,' भट्टराईको भनाइ थियो।

तर, स्थायी समिति सदस्य थापाले भने पार्टीलाई राम्रो र बलियो बनाएर नेतृत्व हस्तान्तरणको दिशामा अगाडि बढ्नका लागि उमेरहद र कार्यकालको समयसीमा कायम राखेर जानुपर्ने मत राखेका थिए। उनले विधान प्रकाशनमै जालझेल भएको भन्दै प्रतिवाद गरेपछि ओलीले थापालाई बिचमै रोकेका थिए।

थापाले भने, 'दसौँ महाधिवेशनअगाडि विधान महाधिवेशन भयो। त्यसवेला कात्तिकको १ गते एउटा विधान छापियो। त्यो विधान महाधिवेशनबाट पारित भएको भनियो। त्यसपछि मंसिरको १० देखि १४ सम्म दसौँ महाधिवेशन गर्‍यौँ। ५ पुसमा दुई विधान एकै दिन छापियो। बाहिरको कभर एउटै छ, भित्रको गुदी फरक छ। त्यो प्रिन्ट मिस्टेक भएको हो कि, छापिएकै होइन कि ? त्यो सबै मसँग छ। तर, मसँग मात्रै भएर भएन। सबैले पाउनुपर्छ।'

थापाले विधानमै जालझेलको प्रसंग निकालेपछि ओली झस्किएका थिए। ओलीले झस्किएको शैलीमा 'हो र!' भनेपछि उनीहरूबिच सवालजवाफ भएको थियो। 'नपत्याए चेक गर्नुस्,' थापाले जवाफ फर्काएपछि ओलीले त्यस्तो हो भने जसले त्यस्तो गर्‍यो उसलाई कारबाही हुन्छ भनेका थिए।

थापाले आफूमाथि पार्टी केन्द्रीय कार्यालयले नै विरोधी गतिविधि गरेको आरोप लगाएको भन्दै प्रतिवाद गरेका थिए। 'पार्टी सदस्यका रूपमा म कहिले पनि आफ्नो विवेक बन्धक राख्न सक्दिनँ, विवेकले बोल्छु। मलाई अरू केही (पद) चाहिएको छैन। अहिलेको अवस्थामा पार्टीलाई राम्रोसँग अगाडि बढाउन ७० र दुई कार्यकाल सीमा लागू गरेर जानुपर्छ,' उनले भनेका थिए। त्यस्तै, थापाले पार्टीमा लोकतान्त्रीकरणको प्रस्ताव ओलीकै नेतृत्वमा आएकाले अहिले उमेरहद र कार्यकाल हटाइनु गलत हुने भन्दै प्रतिवाद गरेका थिए। 'हिजो आफू अध्यक्ष बन्ने वेला उमेरहद र कार्यकालको कुरा ल्याएर लोकतान्त्रीकरणको प्रस्ताव ल्याउँदा हामीले पनि साथ दियौँ। तर, आज त्यसैलाई तपाईं गलत भन्दै हुनुहुन्छ, के त्यसो भए हिजो माधव नेपाललाई हटाएर आफू अध्यक्ष बन्ने उद्देश्यले पार्टी सत्ता प्राप्तिको भर्‍याङका लागि त्यो प्रस्ताव ल्याइएको थियो भनेर भन्न सक्नुहुन्छ ?' थापाको भनाइ थियो।

बैठक सुरु गर्दै ओलीले पार्टीका विरुद्ध ठुलो संगठित हमला भएको भन्दै पार्टीभित्रबाट भएका हमला रोक्नुपर्ने भनाइ राखेका थिए। 'पार्टीभित्रको अराजकतालाई रोक्नुपर्छ, रोकिनुपर्छ, नभए पार्टीले रोक्छ,' ओलीले भनेका थिए। उनले पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा आउने कुरा पत्रिकाबाट मात्र थाहा भएको भन्दै अहिलेको संवैधानिक व्यवस्थाअनुसार पुनः राजनीतिमा फर्किने सम्भावना छैन भनेरै भण्डारीलाई जिम्मेवारीमा पठाइएको बताएका थिए। 'उहाँलाई दुईपटक पार्टीले राष्ट्रपतिमा पठाएको हो। अहिलेको संवैधानिक व्यवस्थाअनुसार फर्किनुहुन्न भनेर जिम्मेवारी दिइएको हो,' ओलीले भनेका थिए।

संगठन विभाग प्रमुखसमेत रहेका काशीनाथ अधिकारीले विधानमा भएको त्रुटि औँल्याउन खोजे पनि उनलाई महासचिव शंकर पोखरेलले बिचैमा रोकेका थिए। 'विधान कार्यान्वयनमा त्रुटि भएको छ, विभागीय प्रमुखका हिसाबले आत्मालोचना गर्छु,' उनले भनेका थिए। त्यसपछि महासचिव पोखरेलले अहिले आत्मालोचनाको एजेन्डा नभएकाले अरू धारणा राख्न भनेका थिए। पोखरेलको भनाइपछि अलमलमा परेका अधिकारी बिचैमा रोकिएका थिए।

राष्ट्र बैंकका...

पृष्ठ १ बाट क्रमशः

कर्णाली विकास बैंकको सुपरिवक्षेणमा खटिएका तत्कालीन कर्मचारी ६१ वर्षीय भुवन बस्नेतलाई सिआइबीले शुक्रबार पक्राउ गरेको छ। बस्नेतको खातामा बैंकबाट १० लाख रुपैयाँ गएको देखिएको छ। बैंकको बदमासी लुकाएबापत नै उनले सो लाभ लिएको प्रहरी दाबी छ। बस्नेतले एक वर्षअघि मात्र केन्द्रीय बैंकको सहायक निर्देशक पदबाट अवकाश पाएका थिए। हालसम्मको अनुसन्धानमा उनको पनि भूमिका शंकास्पद देखिएपछि नियन्त्रणमा लिएर अनुसन्धान थालिएको सिआइबीका एसएसपी होविन्द्र बोगटीले बताए। 'कर्णाली विकास बैंकको सुपरिवेक्षणमा राष्ट्र बैंकको भूमिका सन्तोषजनक देखिँदैन,' उनले भने, 'त्यसकारण सुपरिवेक्षणकर्तामाथि पनि अनुसन्धान थालेका छौँ।'

स्रोतका अनुसार बस्नेतले बैंकका सञ्चालकसँग लाभ लिएर त्यहाँभित्रका गलत गतिविधिलाई ढाकछोप गर्दै आएका थिए। सिआइबीले राष्ट्र बैंकमा कार्यरत अन्य कर्मचारीलाई पनि बयानका लागि बोलाएको छ।

दर्जनौँ बैंकमा भएको अनियमिततामा सञ्चालकलाई समेत पक्राउ गरी अनुसन्धान गरिसकेको सिआइबीले यसरी मिलेमतोका आधारमा केन्द्रीय बैंककै कर्मचारीलाई नै पक्राउ गरेको यो पहिलोपटक हो। 'विगतमा पनि सुपरिवेक्षणमा राष्ट्र बैंकको शंकास्पद भूमिका नदेखिएको होइन,' सिआइबीका एक उच्च अधिकारी भन्छन्, 'यसपटक पैसा नै लिएको र धेरै नै बदमासी देखिएपछि अनुसन्धानमा तानेका हौँ। नत्र बैंकहरूमा पनि सहकारीकै अवस्था नआउला भन्न सकिन्न।'

कर्णाली विकास बैंकमा वर्षौंदेखि ठुलो हिनामिना हुँदै आएपछि राष्ट्र बैंकले त्यसलाई ढाकछोप गर्दा बैंक एक्कासि धराशयी हुने अवस्थामा पुगेको सिआइबीको निष्कर्ष छ। हाल केन्द्रीय बैंकले नै सो बैंकको व्यवस्थापनमा हात लिएर अनुसन्धान गरिरहेको छ। सिआइबीले बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर राय, पूर्वअध्यक्ष पशुपतिदयाल मिश्रा र वित्त विभागका प्रमुख देवप्रकाशसिंह ठकुरीलाई थुनामा राखी अनुसन्धान गरिरहेको छ।

कर्णाली विकास बैंकमा ०७० देखि नै हिनामिना हुँदै आएको थियो। तर, १० वर्षसम्म पनि केन्द्रीय बैंकले सुपरिवेक्षणमा सो तथ्य लुकाइको आरोप छ। बैंकको वित्तीय अवस्था राम्रो रहेको भन्दै राष्ट्र बैंकले सुपरिवेक्षण प्रतिवेदन दिएकै वेला एक्कासि सर्वसाधारणको निक्षेप नै फिर्ता गर्न नसक्ने अवस्थामा संस्था पुगेको थियो। राष्ट्र बैंकले स्थलगत सुपरिवेक्षण गरी तयार गरेको प्रतिवेदनमा आर्थिक वर्ष ०८०/८१ सम्म सो बैंकमा सामान्य कमजोरीबाहेक 'राम्रो अवस्था' रहेको उल्लेख गरेको थियो। पछि बैंकले सर्वसाधारणको निक्षेप नै फिर्ता गर्न नसक्ने अवस्था आएपछि मात्र राष्ट्र बैंकले हस्तक्षेप गरेको हो।

बैंकमा एक लाख एक हजार सर्वसाधारणको चार अर्ब ९० करोड बचत थियो। त्यसमध्ये अधिकांश रकम सञ्चालकले नै दुरुपयोग गरेका हुन्। सर्वसाधारणलाई निक्षेप पनि फिर्ता दिन नसकेको र खराब कर्जा ४० प्रतिशत पुगेपछि मात्र राष्ट्र बैंकले हस्तक्षेप गरेको थियो। यसअघिका प्रतिवेदनमा कर्जा असुलीमा ध्यान दिनुपर्नेलगायत सामान्य कमजोरी मात्र सुपरिवेक्षकले औँल्याएका थिए। सोही कारण बैंकको सेयरसमेत उच्च मूल्यमा पुगेको थियो। सिआइबीले पछिल्लोपटक स्थलगत सुपरिवेक्षणमा खटिएका राष्ट्र बैंकका कर्मचारीलाई पनि अनुसन्धानको दायरामा ल्याएको हो। तर, बैंकका कर्मचारीले भने सिआइबीले अनुसन्धानमा तानेपछि त्यसविरुद्ध आन्तरिक संघर्ष सुरु गरेका छन्। सोधपुछमा बोलाउँदासमेत उनीहरू गएका छैनन्।

एक वर्षमै...

पृष्ठ १ बाट क्रमशः

यस वर्ष नेपाली १७८ मुलुकमा वैदेशिक रोजगारीका लागि पुगेका छन्।

वैदेशिक रोजगार विभागले शुक्रबार पत्रकार सम्मेलनमार्फत यस अवधिमा सात लाख ४४ हजार ८११ पुरुष र ९४ हजार ४५५ महिला रोजगारीका लागि विदेश गएको जानकारी दिएको हो। युवालाई श्रमका लागि विदेश पठाउन देशभर ७२५ म्यानपावर सक्रिय छन्। यो संख्या हालसम्मकै उच्च हो। आव ०८०/८१ मा सात लाख ४१ हजार २९७ युवा वैदेशिक रोजगारीमा गएका थिए। त्यसअघि आव ०७९/८० मा सात लाख ७१ हजार ३२७ युवा विभिन्न देशमा श्रमका लागि पुगेका थिए।

विभागका अनुसार गत आवमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेमध्ये सबैभन्दा बढी युएई पुगेका छन्। गत आवमा युएईपछि साउदी अरब, कतार, कुवेत, मलेसिया, रोमानिया, जापान, कोरिया, क्रोएसिया र बहराइन रोजगारीका लागि युवाको रोजाइमा पर्दै आएका मुलुक हुन्।

भ्रष्टाचार मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

गरिएको थियो। कार्यक्रममा उनी प्रमुख अतिथिको रूपमा उपस्थित भएका हुन्। सिन्धुपाल्चोक क्षेत्र नम्बर २ बाट निर्वाचित उनी अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेपछि विशेष अदालतबाट २५ लाख धरौटी बुझाएर रिहा भएका थिए। उक्त कार्यक्रममा सिन्धुपाल्चोक क्षेत्र नं. १ बाट निर्वाचित सांसद माधव सापकोटा भने उपस्थित थिएनन्। टेरामक्स प्रकरणमा मुद्दा खेपिरहेका बस्नेतलाई प्रमुख अतिथि बनाउने सूचना पाएपछि सापकोटा कार्यक्रममा नगएको बताए। 'नीति, विधि र राज्यको अनुशासन नै उल्लंघन गर्ने नेता प्रमुख अतिथि हुने कार्यक्रममा नैतिकताको हिसाबले पनि म सहभागी हुन सकिनँ,' सापकोटाले भने।

जिसस प्रमुख बालकृष्ण श्रेष्ठले माननीय सापकोटालाई पत्राचार गरेको र उनी नआएपछि पूर्वमन्त्रीको हैसियतमा बस्नेतलाई प्रमुख अतिथि बनाएको दाबी गरे। 'सांसद सापकोटालाई पत्राचार गरेका थियौँ, उहाँ नआएपछि पूर्वमन्त्रीको हैसियतमा बस्नेतलाई प्रमुख अतिथि बनाएका हौँ,' उनले भने। तर, प्रदेश माननीय मसिना खड्का र सरल सहयात्री पौडेललाई भने पत्राचार नै गरिएको थिएन।

अन्तर्क्रियामा प्रमुख जिल्ला अधिकारी (सिडिओ) किरण थापा, तीनवटै सुरक्षा निकायका जिल्ला प्रमुख, तातोपानी भन्सारका प्रतिनिधि, सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख, बाह्रबिसे नगरपालिका प्रमुख बालकृष्ण बस्नेत, भोटेकोशी गाउँपालिका प्रमुख पासाङ नुर्पु शेर्पा, हिमालय सीमापार वाणिज्य संघ, नेपाल ट्रक कन्टेनर ढुवानी सेवा लिमिटेड, नेपाल चेम्बर अफ कमर्स र नाकासम्बद्ध ट्रान्सपोर्ट कम्पनीहरू सहभागी थिए। सिडिओ थापाले सहायक सिडिओ गणेश नेपालीलाई क्षेत्र नम्बर १ का स्थानीय सरकार, व्यापारिक संघसंस्था, जनप्रतिनिधि र राजनीतिक नेतालाई पत्राचार गर्न निर्देशन दिएका थिए। चीनसँग सिमाना जोडिएको महत्त्वपूर्ण नाकाको सवालमा छलफल गरिएको थियो।

भ्रष्टाचारको आरोपमा निलम्बित सांसद बस्नेत सांसदकै हैसियतमा जिल्लामा विभिन्न स्थानको कार्यक्रममा प्रमुख अतिथिको रूपमा जाने गरेका छन्। बाह्रबिसे नगर र भोटेकोशी गाउँपालिकाको बजेटसभामा पनि बस्नेत नै प्रमुख अतिथि थिए। पूर्वमन्त्री बस्नेत गृहनगर बाह्रबिसेआसपास कांग्रेसका कार्यकर्ता जम्मा पारेर बैठक र छलफलमा व्यस्त देखिएका छन्। आश्चर्य त भ्रष्टाचारको आरोप खेपिरहेका बस्नेत सांसदकै हैसियतमा जिल्लामा विभिन्न स्थानको कार्यक्रममा प्रमुख अतिथिको रूपमा जाने प्रचारप्रसार गरिएको छ।

बस्नेतले निलम्बनमा रहेकै वेला यसअघि ५ जेठमा लिसंखुपाखर गाउँपालिका- २ निगालेमा खानेपानी योजनाको उद्घाटन गरेका थिए। लिसंखुपाखर गाउँपालिका अध्यक्ष राजु लामाले विज्ञप्ति नै जारी गरेर भ्रष्टाचार मुद्दामा रहेका निलम्बित सांसदले खानेपानी योजना उद्घाटन गर्न नमिल्ने आवाज उठाए पनि अन्ततः बस्नेत नै पुगेर उद्घाटन गरेका थिए। त्यसको भोलिपल्ट सुनकोशी गाउँपालिका-२ ठोकर्पामा स्वास्थ्य चौकी भवन पनि उद्घाटन गरेका थिए। सुनकोशी गाउँपालिका अध्यक्ष टपिन्द्र तिमल्सिनाले पनि विज्ञप्ति जारी गरेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा २ (झ) मा भएको व्यवस्थाविपरीत कांग्रेस कार्यकर्ताले जबर्जस्ती गरे प्रतिकारमा उत्रने चेतावनी दिएका थिए।

विद्या र प्रचण्डलाई...

पृष्ठ १ बाट क्रमशः

विद्या भण्डारीसँगसमेत भेटघाट गरेका छन्। डा. कोइरालाले पछिल्लो दुई दिनमा गरेका यी भेटघाटलाई राजनीतिक वृत्तमा रणनीतिक र अर्थपूर्ण रूपमा हेरिएको छ।

बिहीबार माओवादी अध्यक्ष प्रचण्डसँग भेटेका कोइरालाले शुक्रबार एमाले राजनीतिमा फर्किएकी पूर्वराष्ट्रपति भण्डारीसँग भेट गरेका छन्। सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै आएका कांग्रेस नेता डा. कोइरालाले सत्तारूढ दलभित्रको विद्रोही खेमा र विपक्षी दलका नेतालाई भेटेर सत्तागठबन्धनमाथि दबाब बढाएका छन्। कतिपय नेता पार्टीभित्र र बाहिर आफ्नो भूमिका बढाउन डा. कोइरालाले सक्रियता बढाएको बताउँछन्।

कोइरालानिकट नेताहरूका अनुसार दुवै भेटमा सरकारको काम-कारबाहीको समीक्षा र कोर्स करेक्सनबारे छलफल भएको छ। शेखरपक्षीय नेता राजीव कोइरालाले यी भेटघाट नयाँ गठबन्धनको सुरुवाती चरण भएको बताए। 'राजनीतिक व्यक्तिले एकआपसमा भेटघाट गर्नु सामान्य हो। तर, अहिले परिस्थिति सामान्य छैन। जुन सोचका साथ ठुला दल मिलेर सरकार बन्यो। त्यसअनुसार सरकार जान सकेन। सातबुँदेअनुसार काम हुन सकेन। त्यसैमा नयाँ संवादको थालनी गर्न खोज्नुभएको हो,' उनले नयाँ पत्रिकासँग भने।

नेता गुरुराज घिमिरेले तीन नेताबिचको भेटको निष्कर्ष सरकार सही ढंगले नचलेको रहेको बताए। प्रचण्ड र विद्या भण्डारीसँगको भेटबारे शुक्रबारै शेखरलाई भेटेर जानकारी लिएका घिमिरेले भने, 'देश सही बाटोमा अगाडि बढ्न नसकेको साझा धारणा नै छ। साथै, सरकार सुधारको बाटोमा हिँड्दैन भने विकल्प खोज्ने हो कि भन्ने खालको संवाद भएको पाएँ।'

भेटमा मुख्य विपक्षी र राष्ट्रिय राजनीतिमा प्रभाव राख्ने व्यक्तिको समन्वयबाट देशलाई अगाडि बढाउने कुरा भएको घिमिरेको भनाइ छ। 'मैले बोलिरहेको छु। प्रचण्डले बोलिरहनुभएको छ। तपाईं पनि बोल्नुस्। सबै एकताबद्ध भएर मुलुकलाई अगाडि बढाउनुपर्‍यो,' विद्या भण्डारीसँगको शेखरको संवाद उद्धृत गर्दै घिमिरेले भने। सरकारले आफ्नो कार्यशैली नसुधार्ने र तदर्थवादमै चलाउने हो भने विकल्प खोज्नुपर्नेसम्मको कुरा भएको उनले बताए। 'राष्ट्रको अवस्था हेरेर सबै एकताबद्ध भएर अगाडि बढ्ने वातावरण बनाउन भेटघाट भएको हो,' उनी भन्छन्।

अहिले सरकारका लागि सरकारजस्तो भएको उल्लेख गर्दै उनले भने, 'सरकारका लागि सरकार भएको छ। यस्तो अवस्था टुलुटुलु हेरेर बस्न सकिँदैन। यथास्थितिमै रमाउने हो भने विकल्प खोज्नुपर्छ। विकल्पबारे सोच्न थाल्नुपर्छ भनेर कुरा भएको छ।'

शेखरसँगको संवादमा विद्या भण्डारीले पनि सरकारको कार्यसम्पादनप्रति असन्तुष्टि जनाएको घिमिरेले बताए। 'शेखरदासँगको संवादमा विद्या भण्डारी पनि वर्तमान सरकारसँग सन्तुष्ट हुनुहुन्न। उहाँका केही बाध्यता छन्। जसले उहाँ मुखरित हुनुभएको छैन,' घिमिरे भन्छन्, 'राष्ट्रिय शक्ति एकताबद्ध भएर सरकारलाई सुधारका लागि दबाब दिने, सकारात्मक बाटोमा हिँडाउने कुरा भएको छ। नेताहरूले चिन्तित भएर भेटघाट गर्नुभयो। पार्टीगत आफ्ना सीमा छन्। सरकार सुधारको बाटोमा हिँड्दैन भने विकल्पमा खोज्ने हो कि भन्ने पनि निष्कर्ष रह्यो।'

उनका अनुसार डा. कोइरालाले सरकारका कामकारबाही चित्तबुझ्दो नरहेको भनेर प्रधानमन्त्रीले सुन्ने र थाहा पाउने गरी बोल्दै आएको, पार्टी सभापतिलाई पनि भन्दै आएका थिए। 'दुई ठुला दलको सरकार बन्दा जनअपेक्षा धेरै थियो। राजनीतिक स्थिरताको आवश्यकता, तीव्र भौतिक विकास, सुशासन, संविधान संशोधन र सबै पक्षलाई समेटेर राष्ट्रिय सहमतिको सरकार बनाउने राष्ट्रिय आवश्यकताले गठबन्धन बनेको थियो, तर यो एक वर्ष खेर गयो। जनताको जीवनमा परिवर्तन ल्याउने, बेराजगारी हटाउने, अर्थतन्त्र उकास्ने, सुशासन, भ्रष्टाचार नियन्त्रण, वैदेशिक सम्बन्ध सुधार कुनै पनि काम हुन सकेन,' घिमिरे भन्छन्, 'यो विशेष बारम्बार उठाएको, औँल्याएको हिसाबले अब विपक्षी दलको नेतासँग पनि कुरा गरौँ, राजनीतिमा आउनुभएकी पूर्वराष्ट्रपतिसँग पनि कुरा गरौँ भनेर शेखरदाले भेट्नुभएको हो। समसामयिक राजनीतिक र नेपालको भविष्यबारे पनि कुराकानी भयो।'

शेखरको दौडधुपको रणनीति सभापति शेरबहादुर देउवामाथि दबाब बढाउनु पनि रहेको कतिपय नेता बताउँछन्। 'शेखरदाको रणनीति देउवामाथि दबाब बढाउने देखिन्छ। उहाँले केन्द्रीय समिति बैठकमै सरकारको नेतृत्व कांग्रेसले गर्नुपर्छ भनेर राख्नुभएको थियो,' एक केन्द्रीय सदस्य भन्छन्, 'सायद प्रचण्ड र विद्यासँग मिलेर देउवामाथि दबाब बढाउन खोज्नुभएको हुन सक्छ। संवादका विषयवस्तु यिनै हुन सक्छन्।'

सांसद दीपक गिरीले माओवादी अध्यक्ष प्रचण्डले लामो समयदेखि भेट्न खोजेको र शुक्रबार भेट्न गएको बताए। तर, पूर्वराष्ट्रपति विद्या भण्डारीसँगको भेटबारे आफूलाई जानकारी नभएको उनको भनाइ छ। कतिपय नेताहरूका अनुसार पार्टीभित्र हालै भएको अनुशासनको कारबाहीप्रति डा. कोइराला असन्तुष्ट छन्। आफूपक्षीय नेतालाई मात्र कारबाही गरेर तर्साउन खोजेकाले भेटघाटको दबाबमार्फत शक्तिसन्तुलन गर्न खोजेको एक नेता बताउँछन्।

शेखर कोइरालाका स्वकीय सचिव दिनेश थपलियाले दुवै भेटघाटमा सुशासन, बेथिति र सरकारको कामकारबाहीबारे छलफल भएको बताए। उनले मोर्चा बनाउने, सरकार ढाल्ने कसरत नभएको स्पष्ट पारे। थपलियाका अनुसार विद्या भण्डारीको भेटमा कोइरालाले राष्ट्रपति भइसकेको मान्छे राजनीतिमा फर्किनुहुँदैन भन्ने आफ्नो मान्यता रहेको र अब निर्णय नै गरेर आइसकेपछि सुशासनको पक्षमा आवाज उठाउन भण्डारीलाई सुझाव दिएका थिए।

भण्डारीले आफू सक्रिय राजनीतिमा आएको भन्दै कोइरालाको नैतिक समर्थन खोजेकी थिइन्। उनले आफ्नो इच्छाले भन्दा साथीहरूको करकापले राजनीतिमा आएको र निर्णय नै गरिसकेको जानकारी गराएकी थिइन्। 'तपाईं र म जुन पार्टीमा भए पनि देशका लागि त काम गरौँ न। त्यसमा मेरो सहयोग रहिहाल्छ,' शेखरले विद्यालाई भने।

कोइरालाले को कहिले नेता बन्ने भन्दा पनि सुशासन ठुलो कुरा भएको बताएका थिए। 'को के बन्ने भन्दा पनि जनतामा असाध्यै निराशा छ। सुशासन ठुलो कुरा हो। सुशासनको मुद्दा बोकेर हिँडेको छु,' शेखरले विद्यालाई भने, 'भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा बोलिदिनुस्। तपाईंको बोलीले अर्थ राख्छ। म पनि लडिराखेको छु।'

शेखरले एकातिर जनतामा निराशा बढिरहेको र एकपछि अर्को मन्त्री भ्रष्टाचारमा परेको, घुस डिलको अडियो नै आइरहेको भन्दै यसरी सरकार चलाएर नहुने र यसमा बोल्नुपर्‍यो भनेर भण्डारीलाई अनुरोध गरेको स्वकीय सचिव थपलियाले बताए। 'सरकारले गरेका गलत कामबारे बोल्नुपर्‍यो। सुशासन नै ठुलो कुरा हो भन्नुभयो,' थपलियाले भने।

स्वकीय सचिव थपलियाले नेता कोइराला प्रचण्डले बोलाएरै भेट्न खुमलटार पुगेको बताए। 'प्रचण्डसँग सरकारकै बारेमा कुराकानी भयो। संविधान संशोधनको मुद्दा, सरकारको कामगराइबारे, पार्टीको आ-आफ्नो वस्तुस्थितिबारे लामो कुरा भयो,' थपलिया भन्छन्, 'यसरी सरकार चल्न सक्दैन। यसरी भएन। मैले नै ६-६ महिनामा सरकार परिवर्तन हुन थाल्यो। दुई ठुला दल मिलेर स्थिर सरकार र संविधान संशोधन गरौँ भनेर अगुवाइ गरेको हो। त्यो लाइनमा यो सरकार भएन। अब बोल्नुपर्‍यो भन्ने कुरा भयो।'

पुरानो ठेक्का...

पृष्ठ १ बाट क्रमशः

वर्ष पहिला खोलिएका ठेक्काहरूलाई अहिले निरन्तरता दिने, त्यसअनुसार हतियार खरिद गर्ने काम हुँदैन। त्यसमा कुनै द्विविधा मान्न पर्दैन।'

मन्त्री लेखकले हतियार खरिद गर्न बजेट विनियोजन गरिएको उल्लेख गरे। 'चालू आर्थिक वर्षमा सरकारले विनियोजन गरेको बजेटको सीमाभित्र रहेर कानुनबमोजिम पारदर्शी ढंगले हतियार खरिद हुन्छ। त्यसमा म सम्मानित समितिलाई विश्वस्त गर्न चाहन्छु,' उनले भने।

०७९ को निर्वाचनको मुखमा सरकारले दुवै प्रहरीलाई हतियार किन्न बजेट विनियोजन गरेको थियो। नेपाल प्रहरीका लागि करिब एक अर्बको र सशस्त्रका लागि करिब ५० करोड रुपैयाँको हतियार किन्ने ठेक्का सम्झौता भएको थियो। दुवै प्रहरीको ठेक्का विवादास्पद व्यापारी दीपक भट्टका कम्पनीहरूले हात पारेका थिए। तर, खरिद प्रक्रियामा मिलेमतोको प्रश्न उठेपछि त्यतिखेर स्थगित गरिएको थियो। अहिले त्यही ठेक्का ब्युँताएर हतियार खरिद प्रक्रिया अघि बढाउने प्रयास भएको थियो। विवादित ठेक्कामा फसिने डरले दुवै प्रहरीको नेतृत्व पन्छिन खोजेको थियो।

प्रहरी संगठनमा हतियार प्राथमिकता हो कि भौतिक पूर्वाधार भन्ने प्रश्न उठेको भन्दै गृहमन्त्री लेखकले दुईवटै प्राथमिकताको विषय भएको बताए। 'भौतिक पूर्वाधार पनि चाहियो। बिओपीका भवनहरू बनाउनु छ। कहीं प्रहरीका लागि सुत्ने ठाउँ छैन। उचित शौचालयको व्यवस्था छैन। राम्रोसँग बस्ने स्थिति छैन। यी पूर्वाधारहरूको निर्माण पनि आवश्यक छ,' उनले भने, 'सँगसँगै हतियार पनि आवश्यक छ। टिचरलाई त डस्टर र चक नै किन्नुपर्ने होला। विद्यार्थीलाई किताब नै किन्नुपर्ने होला। अब शिक्षकलाई हतियार किन्ने कुरा र पुलिसलाई चक-डस्टर किन्ने कुरा गरेको भए अचम्म मान्नुपर्थ्यो। पुलिसलाई हतियार नदिएर के दिने होला ?'

गृहमन्त्री लेखकले अपराधी समात्न, हुलदंगा नियन्त्रण गर्न गोली चलाउनुपर्ने र त्यसका लागि हतियार चाहिने तर्क गरे। 'अपराधीलाई पुलिससँग हतियार छैन भन्ने पर्‍यो भने के होला ? त्यसकारण आवश्यक हतियार चाहिन्छ। अनावश्यक किन्ने काम छैन,' उनले भने।

गृहमन्त्री लेखकले हतियार नभएकै कारण तीनकुनेमा म्याद गुज्रेको टियर ग्यास प्रहार गर्नुपरेको उल्लेख गरे। 'तीनकुनेमा संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध अराजक खालका गतिविधि भए। त्यसमा न्यूनतम शक्तिको प्रयोग गर्नुपर्‍यो। टियर ग्यास हान्नुपर्‍यो। डेट एक्सपायर टियर ग्यास हान्यो भन्ने कुरा उठ्यो। अब टियर ग्यास नयाँ किनेन भने त डेट एक्सपायर हान्नुपर्ला। अनि डेट एक्सपायर हान्ने कि नयाँ किन्ने ?' उनले भने। त्यसैले आवश्यक हतियार खरिद गरिने उनको भनाइ छ।

गृहमन्त्री लेखकले पारदर्शी ढंगले चालू आर्थिक वर्षको सीमाभित्र बसेर हतियार खरिद हुने स्पष्ट पारे। 'अब मिठाईको बट्टा बोकेर जा भनेर प्रहरीलाई भन्नु ?' लेखकले प्रश्न गरे, 'त्यो अपराधी मिठाई खाएर कहिलेकाहीँ नमान्ने हुन्छ। कहिलेकाहीँ त हतियार बोकेर जानुपर्ने होला पुलिस। मिठाईले काम चल्ने भए त्यही किने हुन्थ्यो, तर कहिलेकाहीँ हतियार चाहिन्छ। तालिमका लागि पनि चाहिन्छ।' अराजक, अशान्त, उग्रवादी गतिविधि र अपराध नियन्त्रण गर्न आवश्यक न्यूनतम हतियारको खरिद गर्न खोजेको उनको भनाइ थियो।

नेपाल प्रहरीका आइजिपी दीपक थापाले खरिद प्रक्रिया कानुनी र प्रणालीगत ढंगले हुने तथा यसमा गृह मन्त्रालय वा मन्त्रीबाट कुनै विशेष निर्देशन नभएको बताए। 'हतियार खरिदको विषय जसरी पत्रपत्रिकामा आएको छ, त्यस्तो हो जस्तो मलाई लाग्दैन। हामीलाई त्यो किसिमको निर्देशन गृहमन्त्री र सचिवज्यूबाट आएको छैन। खरिद निर्देशनले गर्ने होइन। यो त एउटा सिस्टमेटिक र सदनले बनाएको प्रचलित कानुनबाट गर्ने हो। कुन पुरानो हतियार ठेक्का ब्युँत्यायो, के गर्‍यो भन्ने विषय रातो किताबबाटै प्रस्ट छ,' उनले भने।

आइजिपी थापाले भवन निर्माण र आवश्यकताअनुसारका गैरघातक हतियार खरिदलाई संगठनको प्राथमिकताभित्रै राखी नेपाल सरकारबाट बजेट प्राप्त भएको जानकारी गराउँदै सम्पूर्ण प्रक्रिया पारदर्शी र जवाफदेही हुने प्रतिबद्धता व्यक्त गरे। 'हतियारको विषय पनि हाम्रै सिलिङभित्रै आएको हो। हामीलाई ननलेथन वेपन्सहरू जस्तो अश्रुग्यास सेल, रबर बुलेटहरू, ब्यारिकेटङ भेइकलहरू, टुप्स करियर भेकलहरू र सवारीसाधनहरू आवश्यक छ। ती पनि हाम्रो संगठनको प्राथमिकीकरणभित्र भएको र नेपाल सरकारबाट प्राप्त भएको छ। यसलाई पारदर्शी, जवाफदेही, जिम्मेवारीपूर्ण ढंगले गर्नेमै हामी छौँ। पुराना कुरा कसरी उठ्यो, तर त्यस्तो किसिमको केही पनि छैन,' उनले भने। थापाले भवनहरू बनाउन पाँच सय करोड आएको बताए। 'चौकीदेखि प्रदेश कार्यालयसम्म ५६ वटा भवनहरूका लागि बजेट आएको छ। टेन्डर निस्किसकेको छ,' उनले भने।

सशस्त्र प्रहरी आइजिपी राजु अर्यालले हतियार खरिद नियमविपरीत नहुने बताए। 'हतियार खरिदको विषय आयो। नियमविपरीत हतियार मात्र होइन, केही पनि खरिद हुँदैन। नियमभन्दा विपरीत खरिद कुनै पनि हुँदैन। अब यो औषधिको गोली त अहिले हामीले खरिद ऐनबमोजिम गर्नुपर्छ भने यस्तोमा यहाँ कुनै शंका गर्नुपर्दैन। नियमविपरीत र यहाँहरूले शंका गरेको त्यस्तो कुनै काम हुँदैन,' उनले भने।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार ३ साउन ०८२
nayapatrikaofficial @nayapa trika

समृद्ध नेपाली परिकार

नेपाल परिकारमा अत्यन्त धनी छ- पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म जुन कुनामा पुगे पनि नयाँ-नयाँ परिकार पाइन्छन्



नेवारी खाजासेट

परिकार



● **एलबी कौसल**, अध्यक्ष
इन्टरनेसनल सेफ सोसाइटी नेपाल

*नेपाली खानाको प्रवर्द्धनमा लागिपरेका सिनियर सेफ हुन्, एलबी कौसल। उनले झन्डै २५ वर्ष देश-विदेशका तारे होटेलमा काम गरिसकेका छन्। इन्टरनेसनल सेफ सोसाइटी नेपालका अध्यक्षसमेत रहेका उनी नेपालका विभिन्न ठाउँमा पुगी भान्सामा जातीय र परम्परागत खानाको प्रवर्द्धन गरिरहेका हुन्छन्। सिद्धार्थ हस्पिटालिटीमा कार्यरत उनले नेपाली परिकारको विविधतालाई आफ्नो मेनुमा समावेश गरिसकेका छन्। सेफ कौसलसँग नेपाली लोकपरिकार, परिकारको विशेषता, लोकप्रियता, विविधताबारे **पवन बराइली**ले गरेको कुराकानी :*



पूर्वको प्रसिद्ध बंगुरको परिकार



मौलिक नेपाली खाना ढिँडो



पाल्पाली चुकौनी



साँधेको गुन्द्रुक



मौलिक नेपाली खाजा मकै-भटमास



थारु समुदायको मौलिक परिकार घाँघी



जुम्लाको मार्सी भात



नेपाली सेल तरकारी



जनकपुरको मिथिला थाली



थकाली खाना



पूर्वको चर्चित खाजा भक्का



नेवार समुदायको मौलिक परिकार योमरी

नेपालका हरेक जातजाति र भूगोलसँग आफ्नै खानाको परिकार छ। एकाध किलोमिटर दूरी पार गर्नेबित्तिकै खानाका नयाँ-नयाँ परिकार खान पाइने नेपालजस्तो देश दुनियाँमा सायदै अरू होला। तर हामी दाल, भात, तरकारीलाई मात्रै नेपाली खाना भन्छौं। दाल-भात-तरकारी नेपाली खानाको एक प्रतिनिधि रूप मात्र हो।

नेपालमा भूगोलअनुसार फरक-फरक जातजातिको बसोवास छ। भौगोलिक हिसाबले विभिन्न क्षेत्र र समुदायको आफ्नै खानाका परिकार छन्। नेपालका हरेक जातजाति र भूगोलसँग आफ्नै खानाको परिकार छ। नेपाल खानाको परिकारमा अत्यन्त धनी छ। पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म जुनजुन कुनामा पुगेपछि नयाँनयाँ खानाको परिकार खान पाइन्छ। एकाध किलोमिटर दूरी पार गर्नेबित्तिकै खानाका नयाँनयाँ परिकार खान पाइने नेपालजस्तो देश दुनियाँमा सायदै अरू होला। तर हामी दाल, भात, तरकारीलाई मात्रै नेपाली खाना भन्छौं। दाल-भात-तरकारी नेपाली खानाको एक प्रतिनिधि रूप मात्र हो। दालभात तरकारीले अरू खानालाई ओभेलमा पारेको छ। ढिँडो, रोटी, सेल, फापरको परिकार, मकैका रोटीजस्ता परिकार छन्। हामीले नेवारी खाना, थकाली खाना, थारू खानाजस्ता केही समुदाय विशेष खानेकुरा मात्रै चिन्छौं। तर, नेपाली खानाको लोकपरिकार एक हजारभन्दा बढी छ। भात नखाइने धेरै ठाउँमा कोदो, मकै, फापर, गहुँबाट बनाइने परिकार मुख्य हुन्छन्। भातलाई मात्र नेपाली खानको रूपमा प्रस्तुत गर्दा ती क्षेत्रको पहिचान मेटिन्छ। स्थानीय अन्नपातबाट बनाइने ढिँडो, आँटा, अनेकौं प्रकारका रोटी र अनेक अन्नका भातलाई खानाका रूपमा खान सकिन्छ। त्यसैले सबै खानाको समान प्रतिनिधित्व हुनु आवश्यक छ।

■ पूर्वका परिकार

राजवंशी समुदायको भक्का निकै चर्चित छ। राजवंशीको मुख्य खाना नै भक्का हो। यो चामलको पिठोबाट बनाइन्छ। कपडामा बेरेर स्ट्रिम गरेर पकाइन्छ। झापाको काँकडभिट्टादेखि जनकपुर, इटहरीलगात ठाउँमा चाख्न पाइन्छ। जाडो मौसममा यो खानालाई प्राथमिकता दिइन्छ। जाडो मौसममा भक्का खाँदा शरीरको तापक्रम बढ्छ।

पूर्वमै चामलबाट बन्ने चाम्रे भातकै एउटा परिकार हो। सबभन्दा स्वादिलो चाम्रे झापामा मेचे जातिको भान्सामा पाक्छ। यसको स्वाद निकै फरक छ। इमालमा चियाको विभिन्न भेराइटी छ। नेपालमा दुई-तीन प्रकार मात्रै पाइन्छ भन्ने बुझाइ छ। चियाको ४०-५० वटाका भेराइटी पाइन्छ। कुन मौसममा कुन चिया टिप्ने भन्ने हुन्छ। कुन चियालाई कसरी पकाउने बेग्लै तरिका छ। पूर्व चियाको चिनारी बोकेर बसेको छ। पूर्वमा खानामा विविधता छ। अकबरे खुर्सानीबाट बनेको अचार र तामाको अचार स्वादिष्ट छ। पूर्वका इलाम, झापा, धरानमा 'पोर्क'को परिकारमा विविधता छ। पोर्कको सेकुवा, सुकुटी, करी, मःमःजस्ता परिकार बन्छन्। धरानमा आलुबाट बनेको 'आलुचप' चर्चित छ।

■ तराई-मधेशको खानाका परिकार

दाङ, चितवन, टीकापुरलगायत ठाउँमा थारू समुदायको बसोवास छ। थारू समुदायको बाक्लो बसोवास भएको ठाउँमा खानेकुरा र पाक विधि अत्यन्त फराकिलो छ। उनीहरूले बनाउने तरिका र स्वाद पनि फरक छ। खानेकुराको विविधताको हिसाबले थारू समुदाय अगाडि छ।

थारू समुदायको जुनसुकै ठाउँको खानाको परिकारमा समानता छ। उनीहरूको ढिग्री निकै चर्चित खाना हो। चामलको पिठोबाट ढिग्री बनाइन्छ। मध्यपूर्वदेखि टीकापुरसम्म ढिग्री खाने गरिन्छ। थारू समुदायको माघीजस्ता चाडपर्वमा ढिग्री बनाउने गरिन्छ। अनदी चामलको बगिया खाना पनि निकै चर्चित छ। अनदी तराई क्षेत्रमा रोपिने धानको जात हो।

उनीहरूमा खेती गर्ने, माछा मार्ने र पशुपक्षी पाल्ने चलन छ। उनीहरूका शाकाहारी-मांसाहारी सबै प्रकारका खानाका परिकार पाक्छन्। चितवन-कैलाली-टीकापुरमा थारू समुदायको भान्सामा अनदीको भात, मिसमासे सन्ना, मासको बरिया, मासको पनडुबु, घोंगी, करमुवाजस्ता परिकार पाक्छन्। दाङमा लट्टी ढिक्री, मासको खर्या, घोंगी, माछा, कर्कलाको डाँठसहितको पातको गब्डक भुर, बयरको चटनी, सिन्की, सुकाएको रायोको सागको झँभ्र्या, कब्ली आदिजस्ता परिकार पाक्छन्। घोंगीको तीन-चारवटा भेराइटी बन्छन्। अलग-अलग तरिकाले बनाइन्छ। थारू समुदायले बनाउने मुसाको अचार निकै स्वादिष्ट छ। धान फल्ने समयमा मुसा मारेर मुसाको मासुबाट अचार बनाइन्छ। यो थारू समुदायमा निकै चर्चित छ। खोलामा पाइने गंगटाको मासुबाट अचार बनाउँछन्।

थारू समुदायमा प्रचलित घोंगको तरकारी, गंगटा, मुसा, सिद्रा माछाको चटनी, आलुको अचार, कचालु, ढिक्री, अनदी चामलको रोटीलगायत मौलिक खानाका परिकार प्रदर्शनीमा राखिएका छन्।

खानेकुराको विविधताका हिसाबले नेपालगन्ज पनि अगाडि छ। नेपालगन्जमा अन्त विरलै पाइने समोसा पुलाव पनि पाइन्छ। भात, रोटी, मिठाई, मासु नेपालगन्ज कुनै पनि परिकारमा पछाडि छैन। सप्तकोशी क्षेत्रमा माछाका विभिन्न परिकार खाना पाइन्छ। स्थानीय खोला र नदीमा पाइने माछाको परिकार बन्छ। जनकपुरदेखि सप्तकोशीआसपासको स्थानमा फ्राई र ग्रिल फ्रिस चर्चित छ। जनकपुरमा मिथिला थाली निकै चर्चित छ। त्यसमा करी, दाल फ्राई, तरुवा पनि समावेश हुन्छ। मधेशमा तरुवाको विविधता र महत्त्व निकै चाखलाग्दो छ।

■ पहाडको खानाका परिकार

पहाडी भेगमा स्याङ्जा, पाल्पा, गुल्मीआसपासका ठाउँमा खानेकुरामा विविधता छ। यहाँ बटुक, सेलरोटी परिकार बन्छ। पाल्पा, गुल्मी स्याङ्जामा चुकुनी, सेलरोटी, बटुक, झिलिनी, चनादानको धेरै परिकार बनाइन्छ। त्यहाँ मकैको ढिंडो, गुन्द्रुक, मस्यौरा, कोदो-फापरका परिकार बनाइन्छ। दमौली-तनहुँमा भोटी माछा निकै चर्चित छ। त्यहाँ भोटीबजार भनेर पनि परिचित रहेछ। टाउको ठुलो भएको माछा पाइन्छ। त्यहाँ माछाका धेरै परिकार बन्छन्। दमौली, तनहुँ, लमजुङतिर कोदो र फापरको रोटी पनि बनाइन्छ। पोखरामा पोखरेली धानको खाना निकै चर्चित छ।

नेवारी खाजा र खाना खानलाई चाडपर्व कुर्नु पर्दैन। नेपालको सबैभन्दा सम्पन्न नेवारी परिकारभन्दा फरक नपर्ला। नेवारी खानेकुरासँग बलियो परम्परा जोडिएको छ। चिउरा, छोयला, आलु, अचार, भटमास, बारा, साग, अदुवा, बोडीका साथै अन्य धेरै परिकार छन्। माछाको सिद्रा र हड्डी गलाएर बनाएको परिकार निकै चर्चित छ। अन्डा, बारा, माछा, भुटन, ह्नपु, तिस्य, छोइला, ऐलालगायतको परिकार पनि नेवारी संस्कृति झल्किने परिकार हुन्। नेवारी पाराले पकाएको बोडी तामा (मासु हालेको), जुजु धौ निकै चर्चित छ।

हिमाली भेगका खाना

थकाली परिकार नेपालको परम्परागत परिकारमध्ये प्रचलित परिकार हो। थकाली खाना मुस्ताङका थकाली जातिको परम्परागत खानाको रूपमा चिनिन्छ। थकाली खानामा घिउ हालेको मसिनो चामलको भात वा ढिँडो मिलाएर पस्किने गरिन्छ। मुस्ताडी कालो दाल, साँधेको गुन्द्रुकको अचार, मिक्स अचार, मौसमी तरकारी, साग, सलाद, मोही, कुखुरा वा खसीको मासु समावेश गरिन्छ। यसमा कालो दाल, मुला, गोलभेँडा, लसुनको अचार, जिम्बुजस्ता सामग्रीले थकाली खानालाई थप स्वादिष्ट बनाइन्छ। उच्च हिमाली भेगमा फल्ने फापर, आलु तथा मेथीको विशेषता छ। फापरको सागबाट तयार गरिएको सुप पनि निकै स्वादिष्ट छ। जसले नेपालमा थकाली खानामा आफ्नै पहिचान बनाइसकेको छ।

हिमाली क्षेत्रमा गहुँ र आलु धेरै उत्पादन हुन्छ। हिमाली भेगमा आलुको परिकार धेरै बन्छ। आलुको ढिँडो, आलुको रोटी, रेल्दुक, थेक्दुक बनाइन्छ। हिमालमा दुई किसिमको फापरको पिठो पाइन्छ। स्याउ, आलु, छुर्पीहरूका परिकार बनाइन्छ। ढिँडो, रोटी, सेल, फापरको परिकार, मकैका रोटी, सुकुटी, थकाली खाना, थारू खाना, हाम्रो भूगोलअनुसार जातजातिको संस्कृति पहिचान बोकेका खानेकुरा हुन्छन्। पकाउने तरिका पनि फरक छ।

■ कर्णालीको कागुनो र मार्सी

कर्णालीमा कोदो, फापर, मकै, भटमास, चिनु, कागुनो र मकैका परिकार धेरै बन्छन्। जुम्लाको उत्पादन मार्सी, सिमी, फापर र स्याउजस्ता रैथाने बालीबाट बनेका खानेकुराहरू धेरै छन्। जुम्ला, मुगु मार्सी चामलको भातबाट निकै चर्चित छ। कर्णालीमा फल्ने कागुनोबाट खिर बनाइन्छ। त्यहाँ लट्टे, जुनेलो निकै चर्चित छ। कर्णाली प्रदेश खानेकुराका लागि निकै समृद्ध छ। खानेकुरामा विविधता छ। त्यहाँ पाउने दाँतेओखर हाडेओखर पनि निकै चर्चित छ। कर्णालीमा स्याउबाट जुस, जाम, चाना पनि उत्पादन हुन्छ।

■ सुदूरपश्चिमको खाना

सुदूरपश्चिममा पनि खानाको विविधता छ। त्यहाँ निसुसे वा भुन्या रोटी (चामलको केकजस्तो रोटी), तलेमाडा, माडेरोट, असिका, चम्चिउरा, फूल खाजा, घुरेजस्ता खानाका परिकार छन्। तलेमाडा, गहतानी डुब्का, भित्र दाल हालेर पकाइएको रोटी पुरी पनि पाइन्छ।

मधेश-पहाड, पूर्व-पश्चिमको तरकारीमा समानता र फरकपना दुवै छ। बेसार, नुन, तेल, प्याज, लसुनको प्रयोग लगभग सबैजसोमा हुन्छ। मसला, पकाउने तरिका, सागको प्रजाति, प्रयोग हुने तेल (सर्स्यु र घिउ) र परिकारको नाम फरक-फरक हुन्छन्। झोल तरकारी मधेशमा बढी, सुकुटी र चटनी पहाडमा बढी बनाइने चलन छ।

■ चिन्न सकेनौं कोदो र मकै

गुन्द्रुक, सिन्की, खल्पी, पिनापानी, सोमार, मेसु-तामा, मस्यौराजस्ता परिकार स्वादिलो मात्र नभई पाचनशक्ति बढाउने, रोग प्रतिरोधात्मक, र स्थानीय वातावरणअनुकूल भएकाले अत्यन्त स्वस्थकर हुन्। ढिँडो, रोटी, आँटो आदि खानालाई पूर्ण रूपमा मिल्छ। यी सबै नेपाली अन्नपातबाट बनेका पारम्परिक परिकार हुन्। ढिँडो स्वास्थ्यवर्द्धक मात्र नभई सांस्कृतिक रूपमा पनि समृद्ध खाना हो। यी परिकारलाई मुख्य नेपाली खानाको रूपमा मान्यता दिन जरुरी छ।

मकै पहाडी भेगमा उत्पादन हुन्छ। नेपालका अधिकांश ठाउँमा मकै खाइन्छ। असार-साउनमा कलिलैमा मकैलाई पोलेर र उसिने पनि खाने गरिन्छ। मकैको फ्याप्लो, फाँडो, आँटो, ढिँडो, रोटो र भात खाइन्छ। ठाउँअनुसारको यसको नाम पनि फरक छ।

दशकअघिसम्म गाउँघरमा भान्सामा कोदोको ढिँडो, रोटी, पुवाजस्ता परिकार पाक्थ्यो। तर, कोदोको ढिँडो गरिबले मात्रै खान्छन् भनिन्थ्यो। कोदोलाई हेयको दृष्टिले हेरिन्थ्यो। अहिले कोदोलाई हेर्ने दृष्टिकोण बदलिएको छ। सहरको रेस्टुरेन्ट, क्याफेदेखि पाँचतारे होटेलमा कोदोको ढिँडो मेनुमा थपिएको छ।

कोदोको ब्राउनी, मफिन, ब्राउन ब्रेड पनि बन्न थालेका छन्। मैले पनि कोदोबाट कुकिज, ब्रेडको परिकार बनाएको छु। कोदोको ब्राउनी स्वादिस्ट बनाउन सकिन्छ। यसलाई अझै हामीले चिनाउन सकेका छैनौं। कोदोलाई गाउँलेले खाने खानाको रूपमा मात्रै चिनायौं।

कोदोको परिकार स्वाथ्यका लागि फाइदैफाइदा हुन्छ। कोदोलाई हामीले चिन्न सकेका छैनौं। विशेष गरी कोदो पूर्वी पहाडमा उत्पादन हुन्छ। कोदो उत्पादनमा श्रम कम लाग्छ। पहाडको रुखो र भिरालो जमिनमा पनि उत्पादन हुन्छ। एकपटक रोपेपछि बाली टिप्न गए पुग्छ। उत्पादनमा लागि धेरै स्याहार्नु पर्दैन।

नेपाली समुदायका आफ्नै मौलिक खानेकुरा छन्, जुन स्वस्थ पनि छ। विषादी नहालेका खानेकुरा पाइन्छ। मकैको पुवा पनि बनाइन्छ। मकै, कोदो, फापरलाई हेर्ने दृष्टिकोण बदलिएको छ। तर, गाउँघरका जमिन बाँझा छन्। खेतबारीमा कोदो, मकै उत्पादन हुन छाड्यो। गाउँका भान्सामा पनि कोदो र मकैका खानेकुरा पाक्न छोडिसक्यो।

नेपालमा इटालियन, जापानिज, कोरियान, चाइनिजलगायतका संसारको खानाको रिसर्च गरिन्छ। तर, नेपाली खानाबारे अन्वेषण गरिँदैन। नेपालको मौलिक परिकारको स्वाद लोप हुँदै गएको छ। केही दशकअघिसम्म नेपाली भान्सामा धान, गहुँ, मकै, फापर, कोदोजस्ता आफ्नै ठाउँमा उब्जिने अन्नका भात, रोटी, ढिँडो पाक्थ्यो। सञ्चार, यातायातको पहुँचसँगै, शिक्षा, रोजगारी, बसाइँसराइ र जीवनशैलीमा आएका परिवर्तनका कारण भान्सा र परिकारमा पनि ठुलो फेरबदल आएको छ। राज्यले रैथाने बालीलाई आम्दानीसँग जोड्नुपर्छ। नेपाली खाना विश्वलाई चिनाउनुपर्छ। हाम्रा खानेकुराका भेराइटीलाई विदेशमा पुऱ्याउन आवश्यक छ। चिनाउन नसकेका धेरै खानेकुरा छन्। नेपाली माटोका खानेकुरा धेरै छन्। राज्यले रैथाने बालीको उत्पादनका परिकारलाई आय-आर्जनसँग जोड्नुपर्छ। यसले पर्यटन तथा आर्थिक समृद्धिमा ठुलो टेवा पुग्छ।

साप्ताहिक राशिफल



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

३ साउन (शनिबार) – **९ साउन** (शुक्रबार)

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

व्यवसायबाट सोचेको लाभ मिल्नेछ। अरूको मन जित्न सकिनेछ। नयाँ काम र जिम्मेवारी मिल्ने समय छ। धार्मिक, सामाजिक तथा परोपकारजन्य क्रियाकलापमा मन जाला। राजनीति र नोकरीमा उन्नति होला। दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। प्रतिनिधिमूलक यात्राको सम्भावना छ। पुराना साथीभाइसँग भेटघाट गर्ने अवसर मिल्नेछ। भविष्यका लागि लगानीको समय छ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आरोग्य र स्फूर्ति बढ्नेछ। प्रतिस्पर्धी तथा शत्रुपक्ष विस्थापित होलान्। प्रशस्त धनलाभ हुनेछ। अधुरा काम बन्ने समय छ। रमाइलो यात्रा र मनोरञ्जनमा सहभागी भइएला। व्यवसायको सिलसिलामा भ्रमण गर्ने मौका आउला। आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ। केही झमेला, विवाद र चोटपटक लाग्न सक्छ, सचेत रहनुहोस्। केही अस्वस्थता र कामको दायित्व बढ्नेछ तापनि प्रयत्न गर्दा इच्छाएको वस्तु प्राप्त होला।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

काम गरेर अरूलाई आकर्षित गर्न सकिनेछ। तपाईंको प्रतिभाको धेरैले कदर गर्नेछन्। व्यापार-व्यवसायमा फाइदा होला। शिक्षा र बौद्धिक क्षेत्रमा उन्नति हुनेछ। शत्रुबाधा समाप्त होला। प्रशस्त धनलाभ हुनेछ। अप्ठ्यारा चुनौतीलाई पनि सजिलै पन्छाउन सकिनेछ। प्रेम र मित्रताको गाँठो कसिनेछ। व्यवसायमूलक भ्रमणको सम्भावना छ। आतिथ्यपूर्ण सम्मान पनि पाइएला।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

प्रयत्न गर्दा विगतका कमजोरीलाई सुधार गर्ने मौका छ। पारिवारिक असमझदारीको भने सम्भावना छ। बुधबारदेखि व्यापार-व्यवसायमा फाइदा हुनेछ। पढाइलेखाइमा प्रगति होला। गुरुजनको साथ मिल्नेछ। प्रतिस्पर्धीहरू पराजित होलान्। आर्थिक पक्ष पनि सबल बन्नेछ। काममा उत्साह थपिनेछ। चुनौती सजिलै पार लाग्नेछन्। रमाइलो यात्रा र आतिथ्यपूर्ण सम्मानसमेत पाइने योग छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

कर्मप्राप्तिको योग छ। सोचेजस्तै सफलता मिल्नेछ। सहयोगीहरूले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ। प्रशस्त धनआर्जन गर्ने मौका छ। आफन्तबिच असमझदारी र गलत निर्णयले फाइदा अरूकै हातमा जान सक्छ, सचेत रहनुहोस्। पढाइलेखाइको गतिमा कमी आउने देखिन्छ। तापनि, आफ्नो प्रतिभा अरूलाई देखाउन सकिनेछ। व्यवसायबाट लाभ होला। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

मानसम्मान बढ्नेछ। बोलीकै प्रभावले महत्त्वपूर्ण काम सम्पादन हुने समय छ। आत्मबल बढ्नेछ। गरेका कामबाट प्रशस्त फाइदा उठाउने मौका मिल्नेछ। वैचारिक क्षमता बढ्नेछ। आँटिका सहयोगीहरूले साथ दिनेछन् र थप हौसला मिल्नेछ। प्रतिस्पर्धीहरूले हार खालान्। विगतका कमजोरीलाई सुधार गर्ने मौका छ। पारिवारिक सहयोग र सद्भाव बढ्नेछ। पढाइ-लेखाइमा प्रगति हुनेछ। कृषि र व्यापारमा लाभ मिल्नेछ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

पार्टी, पिकनिक वा खानपान समारोहमा सहभागी भइएला। विभिन्न अवसरले पछ्याउनेछन्। कामबाट विश्राम लिने मौका छ। प्रियजनसँग भेटघाटको समय छ। विभिन्न उपहारसमेत पाइएला। तपाईंको विचारलाई धेरैले मन पराउनेछन्। बोलीकै भरमा काम बन्ने देखिन्छ। सहयोगीहरूबाट साथ पाइनेछ। कर्मयोगमा अभिवृद्धि हुनेछ। पराक्रम बढेर जाला। बुधबार भने अलि खर्च र विवाद बढ्ने योग छ, सचेत रहनुहोला।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

अलि दौडधुप गर्नुपर्ला। तापनि, अनुकूल स्थानान्तरण र टाढाको यात्रा सम्भावना छ, आफन्तजन भेटिएलान्। शरीरमा आरोग्य एवं स्फूर्ति बढ्नेछ। विशिष्ट व्यक्तित्वसँग भेटघाट गर्ने अवसर जुट्ला। मन पर्ने वस्त्र, अलंकार आदि लाभ हुने योग रहेको छ। बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्न सक्छ। मानसम्मान पाइनेछ। आम्दानी पनि प्रशस्तै हुनेछ। सहयोगी जुट्नेछन्। अधुरा काम बन्नेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको सुरुमै राम्रो आम्दानी होला। काममा उत्साह बढ्नेछ। व्यावसायिक काममा लाभ होला। श्रमको उचित मूल्यांकन हुनेछ। बुधबार भने आकस्मिक खर्च बढ्नेछ। तापनि, वैदेशिक क्षेत्रबाट लाभ लिने मौका रहेको छ। टाढाको यात्रा हुने सम्भावना छ। बिहीबारदेखि काममा उत्साह, आरोग्य एवं स्फूर्ति बढ्नेछ। भेटघाटले प्रसन्नता मिल्नेछ। मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मान-सम्मान बढ्नेछ, प्रशंसा पाइएला। रमाइलो भ्रमण हुने सम्भावना छ। नयाँ काम गर्ने मौका मिल्नेछ। रोकिएका कामहरू सम्पादन गर्ने समय आएको छ। आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। व्यवसायबाट सोचेको लाभ मिल्नेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। आम्दानी पनि प्रशस्तै हुनेछ। समग्रमा साता उत्साहवर्धक नै रहनेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

रमाइलो यात्राको योग छ। मनोरञ्जनपूर्ण क्रियाकलापमा सहभागी भइएला। मंगलबारपछि भने केही समस्यामा परिनेछ। चोटपटक लाग्ने, अस्वस्थ भइने र सानातिना काममै अल्झिनुपर्ने समस्या आउलान्। बिहीबार साँझदेखि स्थितिमा सुधार आई समयअनुकूल बन्नेछ। धर्मकर्ममा मन जाला। समाजसेवा, परोपकारजस्ता प्रतिष्ठा बढ्ने काम सम्पादन हुनेछ। आम्दानी पनि प्रशस्तै बढ्नेछ। नयाँ काम पाइनेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सुरुमा कामको बोझ थपिनेछ। व्यावहारिक समस्या पनि आउलान्। सप्ताहान्तमा स्थितिमा सुधार आउला। बिस्तारै नयाँ जिम्मेवारी पाइनेछ। धार्मिक क्रियाकलापमा रुचि जाग्नेछ। मान-सम्मान बढ्नेछ, प्रशंसा पाइएला। रमाइलो भ्रमणको सम्भावना छ। नयाँ काम गर्ने मौका मिल्नेछ। आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला। आय-आर्जनमा सुधार आउनेछ। अरूको मन जित्न सफल भइनेछ।

सुदूरपश्चिमतिर



● शान्ति तामाङ

सामुदायिक स्वास्थ्य सचेतनामा पुष्पाका ३३ वर्ष



पुष्पा भन्छिन्- हामीलाई केही सुविधा दिँदैनन्, काम मात्र दिन्छन्, पालिकाले तलब दिने भन्थे दिएका छैनन्

दाचुलाकी पुष्पा धामीको गाउँभन्दा माथि एउटा मात्रै गाउँ छ। त्यो गाउँपछि अर्को गाउँ खोज्ने हो भने अर्कै देश तिब्बत पुग्नुपर्छ। तलतिर झर्ने हो भने पनि सडक, गाडी, बजार देख्न घन्टौं पैदल हिँड्नुपर्ने हुन्छ। तर, उनलाई यो सबैको कुनै पर्वाह छैन। भौतिक सुख-सुविधासँग कुनै लगाव छैन। धार बदल्न भुलेको नदीझैं उनी ३३ वर्षदेखि अनवरत रूपमा लागिरहेकी छिन्, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका रूपमा।

आधारभूत स्वास्थ्यबारे कति पनि जानकारी नहुँदै पुष्पा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका बनेकी थिइन्। जतिबेला बच्चा जन्माउन नसकेर आमाको मृत्यु हुनु, बच्चा सकुशल जन्मिए पनि सालनाल अड्किएर आमाको मृत्यु हुनु अथवा गर्भमै शिशुको मृत्यु हुनु, घरमै सुत्केरी गराउनु सामान्य थियो। आधारभूत स्वास्थ्य सचेतनाबारे समेत गाउँ शून्य अवस्थामै थियो। त्यहीआसपास सुरु भयो, मातृ तथा बाल स्वास्थ्य सुधारका नाममा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम। कार्यक्रम सम्पन्न गर्न विभिन्न योग्यतासहित महिला हुनु आवश्यक थियो। योग्यतामध्येमा कम्तीमा १० कक्षा पास गरेको हुनुपर्ने, तर हिमाली, दुर्गम र सेवाबाट वञ्चित क्षेत्रमा आधारभूत शिक्षा पाएको हुनुपर्ने थियो। गाउँभर योग्य मान्छे खोज्ने क्रममा सात कक्षा पास भएकैले उनकै काँधमा आइपुग्यो, यो जिम्मेवारी। 'एसएलसी पास गरेकालाई स्वयंसेविका बनाउने भनेर गाउँभर खोजी भयो। खासै काम नहुने हुनाले निःशुल्क काम गर्नुपर्ने भन्ने थियो। तर, गाउँमा काम गर्न सक्ने मात्र होइन, पढेको पनि मान्छे खोज्दाखोज्दा कोही भेटिएन। त्यसैले निःशुल्क भए पनि मै हुन्छु भनेर काम सुरु गरेको थिएँ,' पुष्पाले भनिन्।

घरखेती सम्हालेर बसेकी उनलाई लागेको थियो, पैसा पनि हुन्न र काम पनि हुन्न होला। तर आधारभूत तालिमपश्चात् सामुदायिक स्वास्थ्यसम्बन्धी ज्ञान त बढ्यो नै, त्योभन्दा धेरै काम गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो। त्यसपछि घर व्यवहार र भर्खर एक वर्षको छोरा बोकेर कहिले स्वास्थ्य चौकी, कहिले गाउँघर कुद्नु उनको दैनिकी बन्यो। कहिले भिटामिन, कहिले हात्तीपाइले त कहिले आइरन चक्की खुवाउन घरघर जान थालिन्। दुःख, कष्टका बाबजुद काममै रमाउन थालिन्। घरघरै पुगेर खुवाउनुपर्ने ती औषधि खण्डेश्वरीस्थित स्वास्थ्यचौकीसम्म पुगेर ल्याउनमै उनको जान-आउन गरेर आठ-नौ घण्टा बित्थ्यो। अर्थात्, स्वास्थ्य चौकीबाट औषधि लिएर घर फर्कंदा एक दिन बित्थ्यो। भिटामिन वर्षको दुईपटक ६ र ७ वैशाख र २ र ३ कात्तिकमा खुवाउने तालिका हुन्थ्यो। हात्तीपाइले रोगविरुद्धको औषधि मंसिर, पुसतिर खुवाइने तालिका थियो। उनले ती औषधी खुवाउन घाम, पानी, हिउँ, पहिरो, दिन, रात केही भनिनन्। 'बिहान ५ बजे निस्केर बेलुका ७-८ बजे घर पुगिन्थ्यो। तैपनि, एकैदिनमा गाउँका सबै घर पुग सकिँदैनथ्यो,' पुष्पाले भनिन्,'कहिलेकाहीं कात्तिकमै हिउँ पर्थ्यो। हिउँ कम्मर कम्मरसम्म आउँथ्यो। हिँड्नै अप्ठ्यारो हुन्थ्यो। हिउँ धेरै पर्ने पुस-माघकै वेला हात्तीपाइलेविरुद्धको औषधी पनि खुवाउनुपर्थ्यो। जतिसुकै अप्ठ्यारो भए पनि आफ्नो काम त भ्याउनुपऱ्यो भनेर जान्थें।'

■ त्यसपछि बर्थिङ सेन्टर

उबेला पुष्पाले भिटामिन खाइनन्। जुकाको औषधी पनि खाइनन्। कुनै खोप लगाइनन्। सुत्केरी हुन स्वास्थ्य चौकी अथवा अस्पताल धाइनन्। यी सबैबारे कति पनि जानकारी पाइनन्। तर, उनको जिम्मा थियो, आफूपछिका पुस्तालाई उक्त सुविधा लिनका लागि तयार गराउने र सुविधा दिने वातावरण बनाउने। उनले यी सुविधा प्रदान गर्नका लागि काम गरिन् नै, कमजोर र कुपोषण भएका बालबालिकालाई गेडागुडी, हरियो सागपात खुवाउनुपर्छ भनेर पनि सिकाइन्। यी कुरा सिकाउने क्रममा उनलाई राम्रो भन्ने भन्दा नराम्रो भन्ने धेरै थिए। 'हरियो सागपात खुवाउनुपर्छ भनेर सिकायौं। तर, उनीहरूले एकैदिन धेरै बनाउँथे। एक दिन मात्र खान दिन्थे। त्यसैले नतिजा शून्य हुन्थ्यो। स्वयंसेविकाले हरियो सागपातमा भिटामिन पाइन्छ भन्थे। हिजो बनाएर खाएको हो। केही पाइएन भनेर थर्काउन आउँथे,' सुरुवाती दिनलाई सम्झँदै उनले भनिन्। तर, आजकल ती दिन बिदा भएको र गाउँलेलाई बुझाउन सजिलो भएको उनले बताइन्।

यी सबै गर्ने क्रममा उनीलगायत साविकको खण्डेश्वरी गाविसका नौवटै वडाका स्वास्थ्य स्वयंसेविकाले बर्थिङ सेन्टर बनाउन पहल गरे। वडा नम्बर २ को तर्फबाट उनले पहल गरिन्। किनभने, सुत्केरी गराउन चार घन्टाको बाटो हिँड्नुपर्ने भएकाले धेरै आमाहरूले ज्यान गुमाएका थिए। उनी आफैंले सालनाल अड्किएर आमाको मृत्यु भएको देखेकी थिइन्।

सामाजिक विसंगतिको सजीव चित्रण

पुस्तक समीक्षा




● तेजकुमारी अधिकारी

आर्थिक रूपमा सम्पन्न जमिनदार र उच्च जातको मानिने ठकुरी केटाको आफ्नै घरमा कमैया बस्नेको छोरीसँग प्रेम सम्बन्ध हुन्छ। केटाले आफ्नो परिवारलाई मनाई सामाजिक रूपमा विवाह गरेर घर भित्र्याउन सक्ने अवस्था देख्दैन। आफूले छाड्न नसक्ने र परिवारको सहमतिमा वैवाहिक संस्कार र परम्परा पूरा गरी विवाह गर्न नसक्ने भएपछि निजले गाउँको देवीमाताको मन्दिरमा मालतीसँग विवाह गर्छ। घरपरिवारका सबै सदस्य काठमाडौंमा भएको समयमा साँझ-बिहान आफ्ना निम्ति खाना बनाउन आउने मालतीसँग शारीरिक सम्बन्ध कायम भई छोराको जन्म हुन्छ। सो कुरा कुमारको परिवार, मुखिया बा र आमालाई ग्राह्य र मान्य हुन सक्दैन। त्यसैकारण, मालती र निजको सन्तानलाई अन्य परपुरुषको जिम्मा लगाइन्छ। यो उपन्यास 'बेचिएको नाता रगतको'को कथा हो।

भर्खरै शरदप्रसाद कोइरालाद्वारा लिखित 'बेचिएको नाता रगतको' नामक उपन्यास बजारमा आएको छ। यस उपन्यासमा कुमारले मालतीलाई मन्दिरमा लगी टीका लगाएर पत्नीको रूपमा ग्रहण गर्छ। कुमार र मालतीबिच शारीरिक सम्बन्ध कायम हुन्छ। उनी गर्भवती हुन्छिन्। मालती गर्भवती भएको आभास सबैभन्दा पहिला मालतीको आमा कमलीलाई हुन्छ। निजले आफ्नी छोरीलाई एकान्त पारी सोधपुछ गर्दा जमिनदारको छोरासँगको सम्बन्धका कारण गर्भवती भएको थाहा हुन्छ।

मालतीका बाबु चूडामणि सीमान्त र आमा कमलीले राति कुमार ठकुरीलाई भेट गरी मालतीको गर्भको विषयमा सोधपुछ गर्छन्। कुमार ठकुरीले मालतीको आमाबाबुलाई निर्धक्क आफूहरूले देवीमाताको मन्दिरमा विवाह गरेको र आफूसँगको सम्बन्धकै कारण मालती गर्भवती भएको बताउँछन्। मालतीका अभिभावकले कुमारलाई मालती र निजको बच्चा बेवारिसे हुनुहुँदैन, तपाईंले कसरी जिम्मा लिने सोच बनाउनुभएको छ भनेर सोध्छन्। कुमारले यसै गर्भका कारण बाबुआमाले आफू र मालतीबिचको सम्बन्धलाई मान्यता दिने अवस्था हुन सक्छ, त्यसो भएमा मालतीलाई आफ्नै घरमा भित्र्याउने र आफ्ना

कथा अगाडि बढ्दै जाँदा भएका संवाद तर्कसहित प्रस्तुत गरेको देखिन्छ। पीडाजनित अभिव्यक्ति सशक्त छ। कानुन व्यवसायीले लेखेकाले हुन सक्छ, उपन्यासमा कानुनी शैली र शब्दावली पनि भेटिन्छ।



बाबुआमाले नमानेमा मालतीलाई लिई अन्यत्र गएर जीवनयापन गर्ने व्यहोरा बताउँछन्। मालतीका बुबाआमा कुमारको भनाइमा विश्वास गर्छन्।

प्रकृतिको स्वाभाविक नियमअनुसार मालतीको गर्भले पूर्णता प्राप्त गरी मालतीकै घरमा छोराको जन्म हुन्छ। विवाह नभएकी मालतीले बच्चा जन्माएको विषय गाउँमा डढेलोसरह फैलिन्छ। आफैंकहाँ कमैया बसेको चूडामणिको छोरीबाट बच्चा, त्यो पनि आफ्नै कान्छो छोरा कुमारको सम्बन्धबाट भएको व्यहोरा जमिनदार मुखियाबालाई अवगत हुन्छ। उक्त सम्बन्धलाई इन्कार गर्न छोरालाई दबाब दिने र मालतीलाई बच्चासहित अन्यत्र जिम्मा लगाउन उनी हरसम्भव प्रयत्न गर्छन्। आर्थिक प्रलोभनमा मालतीलाई अन्यत्र जिम्मा लगाउने मुखियाबाको योजना सफल हुँदैन। त्यसपछि मुखियाबाले आपराधिक समूहको डरत्रासमा मालतीलाई बच्चासहित अन्य पुरुषको जिम्मा लगाउँछन्।

उपन्यासको जोडी पात्र एक-अर्काको अँगालोमा रहँदा दुवैको मनमा भएको अनुभूतिलाई उपन्यासमा उतारिएको छ। दुवैमा प्रेम र शारीरिक तापको भाव उर्लिरहेको थियो। दुवै निःशब्द थिए तर दुवैजना प्रेमरागमा एक-अर्कालाई केही भनिरहेको र केही सुनिरहेको मनस्थितिमा थिए। आत्मा नै मिलेपछि बोलिरहन नपर्ने आत्माले नै एकले अर्कालाई भन्न र सुन्न सक्ने बनाउने रहेछ। कसैको हुनुमा पनि आनन्द अनुभूति हुँदो रहेछ।

कमलीलाई आफ्नो छोरीले गरेको कार्य थाहा पाउँदा छातीमा गोली लागेजस्तो भयो। आफू बसिरहेको जमिन भासिएजस्तो भयो। विनाशकारी भूकम्पले पृथ्वी नै हल्लाएजस्तो भएको अवस्थालाई आफूभित्र दबाउँदै छोरीको कपाल मुसार्दै सम्झाउँछिन्।

मालतीको कोखबाट बच्चा जन्मिसकेपछि मालतीका बाबु र भाइ बच्चाको न्वारनका लागि मुखियाको घरमा जान्छन्। छोरी गर्भवती हुँदा लामो समयसम्म किन भन्न आएनौ, बच्चा जन्मिसकेपछि भन्न आउने भनी इन्कार गरेपछि मालतीका बाबु चूडामणिले मुखियाबालाई जवाफ दिन्छन्।

मुखियाबाले मालतीलाई अन्यत्र जिम्मा लगाउन खोज्छन्। गाउँको एक शिक्षकसँग मालतीको बाबु र मालतीलाई सम्झाइदिन सहयोग माग्न जान्छन्। त्यस अवस्थामा गाउँको शिक्षकले यस विषयलाई सम्बन्धित व्यक्तिले कसरी लिएको छ सोको आधारमा भर पर्छ भन्छन्। व्यक्तिको आत्मामा चोट लागेको भए व्यक्ति मर्मान्त हुन्छ। त्यसलाई कुनै पनि कुराले हल्लाउन सक्दैन। व्यक्तिले त्यसलाई आत्मसम्मानको रूपमा लिएको भए व्यक्तिले त्यस्तो क्रियामा सम्झौता गर्न सक्दैन। व्यक्तिको सार्वजनिक जीवनमा आँच आउने कार्य गरिएको भए त्यसलाई प्रतिष्ठाको रूपमा कायम राख्न चाहन्छ। व्यक्तिको स्वाभिमानमा प्रहार भएको भए सहमति गरी त्यसलाई तिलाञ्जली दिन सक्दैन।

उपन्यासमा कथा अगाडि बढ्दै जाँदा भएका संवाद तर्कसहित प्रस्तुत गरेको देखिन्छ। जुन पात्रको भनाइ हो, त्यही ठिक हो जस्तो लाग्छ। पीडाजनित अभिव्यक्ति पनि सशक्त छ। कानुन व्यवसायीले लेखेको उपन्यास भएकाले हुन सक्छ, कानुनी शैली र शब्दावलीको पनि आभास आउँछ। पुस्तकमा शुभकामना मन्तव्य पूर्वअर्थमन्त्री एवं साहित्यकार शंकरप्रसाद कोइरालाले दिनुभएको छ। पुस्तक प्रकाशक ताराप्रसाद भट्टराई हुनुहुन्छ। पुस्तकको वितरक पैरवी पुस्तक भण्डार पुतली सडकका चन्द्र सिवाकोटी हुनुहुन्छ।

स्वास्थ्य



● डा. रोशन झा, फिजिसियन





समुदायमा स्वास्थ्य सचेतना फैलाउन र स्वस्थ समाज निर्माणमा उनीजस्ता धेरै स्वास्थ्य स्वयंसेविकाको महत्त्वपूर्ण भूमिका छ। जुन नतिजाले नै प्रमाणित गरेको छ, तर उनीहरूको सेवा-सुविधामा भने खासै परिवर्तन आउन सकेको छैन।

शिशुको अवस्था पनि उस्तै थियो। खण्डेश्वरीमा रहेको स्वास्थ्य चौकीसम्म पुग्न पनि हिउँ, पानी पर्ने याममा गाह्रै थियो। जुन उनीहरूले टुलुटुलु हेरेर बस्नुपर्ने अवस्था थियो। यसका लागि उनीसमेतले पहल गरे। केही रकम सहयोग पनि गरे। 'घरमै बच्चा जन्माउँदा साल अड्किने, बच्चा पेटमै मर्ने, आमा र बच्चालाई गाह्रो हुने र मृत्यु नै हुने अवस्था भयो। बर्खामा हिउँ पर्ने भएकाले आमा र बच्चाको ज्यान जोखिममा थियो,' उनले भनिन्, 'मैले आमा समूहको बैठकमै सबै कुरा राखेँ। त्यसपछि गाउँमा भएको उपस्वास्थ्य चौकीमा पनि कुरा राख्यौँ। बर्थिङ सेन्टर बनाउन पाँच सय, एक हजार गरेर रकम पनि जम्मा गर्यौं। एउटा संस्था र पालिकाले पनि सहयोग गऱ्यो। सबैले पहल गरेपछि बर्थिङ सेन्टर सञ्चालनमा आयो।' अहिले अपि हिमाल गाउँपालिकाका वडा २ र ३ का महिला सुत्केरी गराउन सेन्टरमै पुग्छन्। मातृ र शिशु स्वास्थ्यमा आकाश-जमिनको फरक आएको छ। ५-६ वर्षदेखि नराम्रो खबर उनको कानमा परेको छैन। गाउँपालिकाले पनि आगामी आर्थिक वर्षको बजेटमै स्वास्थ्य सेवा केन्द्र एवं बर्थिङ सेन्टरलाई थप व्यवस्थित र सुविधा सम्पन्न गर्न जोड दिने भनेको छ। यसका लागि ३० लाख बजेटसमेत विनियोजन गरेको छ।

■ छैन सुविधा

पहिले गाउँका महिलाले ८-१० वटासम्म बच्चा जन्माउँथे। धेरै स्थानीय कृषिमै आश्रित थिए। छोराछोरीलाई पनि कृषि कर्ममै लगाउँथे। तैपनि खान-लाउन धौधौ थियो। बालबालिका लेखाउन, पढाउन र थप सुविधा प्रदान गर्न हम्मेहम्मे थियो। त्यसैले पुष्पाले धेरै बच्चा जन्माउनु हुन्न भनेर गाउँमा चेतना फैलाइन्। परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्न प्रेरित गरिन्। परिवार नियोजनका फाइदाबारे महिलालाई बताइन्। यसको सुरुवात आफैँबाट गरिन्। ५२ वर्षे उनी आफैँले तीन बच्चा भएपछि बन्ध्याकरण गरिन्। आफैँ अभिभावक बनेर सदरमुकाम खलंगा, खण्डेश्वरीको स्वास्थ्य चौकीसम्म लगेर बन्ध्याकरण गराइन्, जो परिवार नियोजनका साधन आइयुसिडी, इमप्लान्ट, पिल्स, डिपो सुईजस्ता साधन प्रयोग गरिरहेका थिए। 'दुई छोरा एक छोरी भएपछि मैले बन्ध्याकरण गरेँ। आजकल डिपो, पिल्स, कण्डमले मात्र केही हुँदैन भनेर मैले नै आठ-दश जनालाई खलंगा, खण्डेश्वरी लगेर बन्ध्याकरण गराएको छु,' उनले भनिन् 'धेरै बच्चा भएपछि लाउन-खान समस्या पर्छ। लेखाउन-पढाउन समस्या पर्छ। आमा र बच्चाकै स्वास्थ्य राम्रो हुँदैन भनेर सम्झाएँ। यसको प्रत्यक्ष र अप्रत्यक्ष मारमा पर्ने महिला नै हुन् भनेर सम्झाएँ। त्यसपछि धेरै महिलाले यो कुरालाई मनन पनि गरे।'

गत २१ मंसिरमा विविध स्वास्थ्य क्रियाकलापमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका, स्वस्थ समाज निर्माणमा सहभागिता भन्ने नाराका साथ २१औँ सामुदायिक महिला स्वयंसेविका दिवस मनाइएको छ। समुदायमा स्वास्थ्य सचेतना फैलाउन र स्वस्थ्य समाज निर्माणमा उनीजस्ता धेरै स्वास्थ्य स्वयंसेविकाको महत्त्वपूर्ण भूमिका छ। जुन नतिजाले नै प्रमाणित गरेको छ। तर, उनीहरूको सेवा-सुविधामा भने खासै परिवर्तन आउन सकेको छैन। पोसाक भत्ताले नै चित्त बुझाउँदै आएका छन्। उनीहरूले गाउँपालिकालाई तलबभत्ताको व्यवस्था गरिदिन आग्रह गरे पनि अझै तलबभत्ता पाउन सकेका छैनन्। 'हामीलाई केही दिँदैनन्। काम मात्र दिन्छन्। पहिले जिल्लाले पोसाक भत्ताबापत सात हजार दिने गरेको थियो। अहिले पालिकाले ६ हजार दिन्छ। पालिकाले तलब दिने भन्थे दिएका छैनन्,' उनले दुखेसो पोखिन्।

उनीजस्ता स्वास्थ्य स्वयंसेविकाले आमा समूहको बैठक सञ्चालन गर्ने, अभिलेख तथा प्रतिवेदन, खोप तथा गाउँघर क्लिनिक तथा स्थास्थ्य अभियानमा सहयोग, स्वास्थ्य, पोषण, सरसफाइ शिक्षा प्रदान, स्वास्थ्य संस्थामा प्रेषण र व्यक्तिगत तथा पारिवारिक सल्लाहजस्ता काम गर्नुपर्छ। स्वास्थ्य स्वयंसेविका कार्यक्रम समुदायले स्वास्थ्य प्रवर्द्धन गर्ने साझा कार्यक्रम हो। कार्यक्रमले अन्तरव्यक्ति सञ्चार तथा समुदाय परिचालनको माध्यमबाट समुदायमा रहेका महिला, पुरुष, नवजात शिशु, बालबालिका, किशोर-किशोरी, युवायुवती तथा ज्येष्ठ नागरिकको स्वास्थ्य तथा सरसफाइसम्बन्धी ज्ञानमा र धारणामा सकारात्मक परिवर्तन गरी व्यवहारमा लागू गर्न सहजीकरण गर्छ। स्वास्थ्य स्वयंसेविकाले हरेक महिना स्वास्थ्य आमा समूहको बैठक सञ्चालन गर्ने, समुदायमा स्वास्थ्य पोषण, सरसफाइ शिक्षाको प्रवर्द्धन गर्ने, परिवार योजना, सुरक्षित मातृत्व, किशोरकिशोरी, यौन तथा प्रजनन स्वास्थ्य, नवजात शिशु स्याहार, खोप कार्यक्रम, पोषण, सरुवा तथा महामारी रोग, श्वासप्रश्वास तथा झाडापखाला नियन्त्रण, मानसिक स्वास्थ्य, नसर्ने रोगको रोकथाम, वातावरणीय सरससफाइ र विपत् व्यवस्थापन विषयमा स्वास्थ्य शिक्षा प्रदान गर्छन्।

सुनौला हजार दिनका आमा तथा शिशु भएका घर परिवारको सामाजिक नक्सांकन गर्ने, आवश्यकताअनुसार सेवाका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्छ, आफूले गरेको कामको अभिलेख तथा प्रतिवेदन भर्नुपर्छ, खोप तथा गाउँघर क्लिनिक तथा स्वास्थ्य अभियानमा सहयोग गर्ने, प्राथमिक उपचार, उचित सल्लाह र आवश्यक भएमा प्रेषण गर्ने, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले समुदायको स्वास्थ्य सुधार गर्ने कामका लागि धेरै संस्था वा व्यक्तिको सहयोग लिने, स्वास्थ्य स्वयंसेविकाले आमा समूह, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था, स्थानीय शिक्षक, औषधी व्यवसायी, सामुदायिक कार्यकर्ता, स्थानीय संगठन, नगारिक समाज र स्थानीय तहको सहयोग लिएर काम गर्ने काम उनीहरूको कार्यक्षेत्र हुन्।

मातृ तथा बाल स्वास्थ्य सुधारका लागि योजनाअन्तर्गत ०४५ सालदेखि यो कार्यक्रम सुरु भएको हो। स्वास्थ्य स्वयंसेविकाहरूको परिचालन तथा व्यवस्थापन गर्ने कार्य हाल सम्बन्धित स्थानीय तहअन्तर्गत छ। पछिल्लो समय उनीहरूको कार्यक्षेत्रको दायरा भने फराकिलो हुँदै आएको छ। कम्तीमा आधारभूत तह हासिल गरेको व्यक्ति स्वास्थ्य स्वयंसेविका हुने व्यवस्था रहेको छ। मातृ स्वास्थ्य, बाल स्वास्थ्य, सरुवा रोग नियन्त्रण सम्बन्धित ज्ञान र सीप प्रदान गरिन्थ्यो। तर, अहिले नसर्ने रोग, मानसिक स्वास्थ्य, माहामारी तथा विपत् व्यवस्थापनजस्ता तालिम प्रदान गरेर काम हुँदै आएको छ। राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, ०६७ (पहिलो संशोधन, ०७६) अन्तर्गत विभिन्न काम हुने गरेको छ। सोहीअनुसार स्वास्थ्य स्वयंसेविकाले काम गर्दै आएका छन्।

■ आँखा देखुन्जेल काम गर्ने रहर

पुष्पाको उमेर ढल्किँदै छ। तर, पेसाप्रतिको उनको लगाव भने बढ्दै गएको छ। सेवा-सुविधा आस गर तर भर नपरको अवस्था छ। तर, उनको रहर भने अझै कायम छ। प्रवेशिका परीक्षा पास गरेकालाई मात्रै स्वास्थ्य स्वयंसेविका राख्ने भन्ने व्यवस्थापछि उनले कान्छो छोराभन्दा पनि पछाडि ४० वर्षको उमेरमा प्रवेशिका पास गरिन्। त्यतिवेला उनलाई श्रीमानूले मात्र होइन, कान्छो छोराले समेत जाँच नदिए हुन्थ्यो, लाज हुन्छ भने। 'म पढ्दा केको लाज हुन्छ भनेर जिद्दी गरेर पढ्न गएँ। प्राइभेट जाँच दिएँ। पास पनि भएँ। इन्टर (प्रवीणता प्रमाणपत्र तह) त गर्ने भनेको हो। तर, बुढाले ४० वर्ष काटिगो। अब के नोकरी पाउँछ ? नपढ् भने र मैले पढिनँ। डडेल्धुरामा गएर पढेर प्राइभेट मेडिकल खोल्ने सोच थियो। तर, बुढाले मानेनन्। त्यही भएर मैले छोडेँ,' उनले भनिन्।

सुरुवाती दिन फर्केर हेर्दा उनलाई आफूले अहेव र अनमीले झैँ काम गरेकोजस्तो लाग्छ। 'अहेव र अनमीले झैँ काम गरौँ भन्ने लाग्छ,' उनले भनिन्, 'धेरै काम गर्न नसके पनि आजकल सबैले बर्थिङ सेन्टर, स्वास्थ्य चौकीमा गएर बच्चा जन्माउने भएका छन्। ५-६ वर्षजति भयो, अहिले नराम्रो खबर सुन्न परेको छैन। स्वास्थ्यमा मान्छेहरू हेलचेक्राइँ गर्दैनन्। मान्छेहरूमा स्वास्थ्य सचेतना बढेको छ। यी सबैलाई हेर्दा केही त गरौँ कि भन्ने लाग्छ।'

अचेल उनीसँगै स्वास्थ्य स्वयंसेविका भएर गाउँगाउँ हिँडेकाहरूले अवकाश पाउन थालेका छन्। ६० वर्षे उमेर हदका कारण असार अन्तिम साता उनीसँगै हिँड्ने एकजना स्वास्थ्य स्वयंसेविकाले पनि अनिवार्य अवकाशमा जाँदै छिन्। उनको पालो पनि सात वर्षपछि आउँदै छ। तर, उनलाई आँखा देखुन्जेल काम गर्ने रहर छ। 'काम गर्ने वेला बच्चा बोकेरे धेरैपटक विभिन्न ठाउँमा पुगेँ। धेरै अप्ठ्यारा अवस्था पार गरियो। अब छोड्नुपर्छ भन्छन्, कसरी छोड्ने ? अब त आँखा देखुन्जेल काम गर्ने हो,' उनले भनिन्, 'सकेसम्म नछोडौँ जस्तो लाग्छ। तर, अब केही वर्षमा छाड्नैपर्छ। के-के सिकिन्थ्यो। के-के काम गरिन्थ्यो भन्ने लागिरहन्छ होला।'

हाल वडा नम्बर ३ पाथामा पाथा उपस्वास्थ्य चौकी पनि छ। जहाँ, एकजना अनमी, अहेव र दुईजना कार्यालय सहयोगी गाउँपालिकाले राखेको छ। बर्थिङ सेन्टरमा थप सुविधा थपिएको छ। मान्छेहरूमा आधारभूत स्वास्थ्य ज्ञान बढेको छ। त्योबाहेक अहिले धेरै सुविधा उनको गाउँ पाखासम्म पुगेको छ। यसले पुष्पालाई पुलकित बनाउँछ। जीवनको कुनै समयमा गरेका धेरै कष्टहरू क्षणभरमै पानीको फोकाझैँ बिलाएर जान्छ।

देश हाँक्नेहरू चाहँदैनन् छाउघर भत्काउन



०६६ वैशाखतिरको कुरा हो। जाजरकोट, सल्यान, दैलेख, रुकुमलगायत पश्चिमका केही जिल्लामा हैजाको प्रकोप फैलियो। सामान्य उपचारविना धेरै मानिसको ज्यान गयो। त्यतिवेला सिन्धुलीस्थित जनमुक्ति सेनाको अस्थायी शिविरमा स्वास्थ्यकर्मीको रूपमा काम गरिरहेको थिएँ। पार्टीको निर्देशनमा हामी केही स्वास्थ्यकर्मी टोली रातारात जाजरकोट पुगेका थियौँ। अहिलेको जस्तो बाटोघाटो र सञ्चारको सुविधा थिएन। सल्यानको सल्ली बजारनजिकैबाट भेरी नदी पार गर्दै जाजरकोटको थैला रैकर, टुनीबगरलगायत प्रभावित ठाउँमा पुग्यौँ। वनपोलार झोलामा हामी केही औषधी पनि बोकेर गएका थियौँ।

हामीसँग रुटर(बाटो देखाउने)को रूपमा एकजना पश्चिमकै साथी हुनुहुन्थ्यो। उहाँ सम्बन्धित ठाउँमा पुऱ्याउने हाम्रो रुटर हुनुहुन्थ्यो। जब भेरी नदी तरेर जाजरकोटको जंगलमा प्रवेश गऱ्यौँ त्यसपछि जतातैते छाउगोठ देखिन थाल्यो। मधेशको मान्छे म, त्यतिन्जेलसम्म छाउगोठबारे पूरै अनभिज्ञ थिएँ। ससाना झुपडी देखेर अचम्म पनि लाग्यो। यी ससाना घर किन बनाएको ? भनेर रुटर साथीलाई सोधेँ। उहाँले जिस्किदै भन्नुभयो, 'यी घर होइनन्। यहाँ बेलुकातिर आउनुभयो भने राम्री-राम्री परी बसेका भेटिन्छन्। मन परे एउटी राम्रीलाई पट्याउनुस्। अनि पूर्वतिर लैजानुस्।' ती साथीले जिस्किएर भनेका थिए। (अन्यथा नलागोस्, उनीहरूको अपमान गर्ने नियतले यो लेखिरहेको छैन। बस् यथार्थ देखाउन जे भन्यो त्यही लेख्दै छु।) यति भनेपछि मलाई थप केही भन्ने आँट आएन। चुप लागेँ। ती साथी भने रोमाञ्चक, चञ्चल हुँदै अरू पनि के-के भन्दै थिए।

युद्धका वेला लड्न पूर्वबाट दुईपटक पश्चिम आउने अवसर मिलेको थियो। त्यो पनि महिनौँ हिँडेर। तर, जंगलमा देखिने त्यो छाउगोठबारे कसैलाई सोध्न सकेको थिएन। सामाजिक परम्पराको रूपमा पश्चिममा ग्रस्त छाउपडी कुप्रथाबारे मैले समाचारमार्फत जानकारी पाएँ। आजको दिनमा पनि त्यो ठाउँमा कहिले पुग्ने हो जस्तो लागिरहेको छ। किनभने, जीवनमा अवसर सधैँ एकनासले आउँदैन।

कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ की २८ वर्षीया कमला दमाईंको छाउगोठमा सर्पले टोक्दा उपचारका क्रममा मृत्यु भएको समाचार यतिवेला चर्चामा छ। यसरी शिक्षा र जनचेतनाको अभावका कारण हरेक दिन छाउगोठमा चेलीहरू प्रताडित छन्। कहिले खुला छाउगोठमा, कहिले चिसोमा कठ्याङ्ग्रिएर, कहिले विषालु सर्प र जनावरको आक्रमणमा परेर, कहिले न्यानो बनाउन छाउगोठमा आगो बाल्ने क्रममा जलेर महिलाहरू अकालमै मृत्यु रोज्न विवश छन्।

छाउपडी कुप्रथाबाट सुदूरपश्चिम र कर्णाली प्रदेश ठुलो समस्याबाट गुज्रिरहेको छ। यहाँका अछाम, बाजुरा, डोटी, बैतडी, बझाङ, कैलाली, कञ्चनपुर, दैलेख, जुम्ला, कालिकोट, सुर्खेतलगायत जिल्लाहरू 'डेथ जोन' बनेका छन्। विभिन्न तथ्यांक र अनुसन्धानअनुसार आजको दिनमा पनि हरेक वर्ष एकदेखि तीनजनासम्म छाउगोठमा पश्चिमेली चेलीको जीवन अस्ताइरहेको छ। जो अहिलेको लोकतान्त्रिक व्यवस्थाका लागि अभिशाप नै हो। तर पनि, राजनीतिक दल र तीन तहको सरकार गम्भीर देखिँदैन। यसलाई सानोतिनो कानुनी व्यवस्था र सामाजिक अभियानमार्फत समाधान खोजिरहेको देखिन्छ। र, सामाजिक परम्पराकै रूपमा छुट दिइएको छ। जो गम्भीर छ।

०७४ मा सरकारले छाउपडी प्रथा उन्मूलन गर्न दोषीमाथि तीन महिना कैद र तीन हजार जरिवानाको व्यवस्था गरेको छ। सरकारले छाउगोठ भत्काउने अभियान नै चलायो। विभिन्न सामाजिक संघसंस्थाले समेत यसलाई निर्मूल गर्न ठुलो धनराशि खर्च गरेका छन्। तीन तहको सरकारले समेत ठुलो धनराशि खर्च गर्दै आएको छ। तर, उपलब्धि भइरहेको छैन, बरु व्यापारजस्तो भएको छ। दिनानुदिन छाउगोठका दर्दनाक घटना सुन्नुपरिरहेकै छ। सामन्ती समाजको अवशेषको रूपमा रहेको छाउगोठको अन्त्य हुन सकेको छैन। जो सतीप्रथाभन्दा कम पीडादायी छैन, आजको युगमा।

समाज



● राजेश विद्रोही

०७४ मा सरकारले छाउपडी प्रथा उन्मूलन गर्न दोषीमाथि तीन महिना कैद र तीन हजार जरिवानाको व्यवस्था गरेको छ। सरकारले छाउगोठ भत्काउने अभियान नै चलायो। विभिन्न सामाजिक संघसंस्थाले समेत यसलाई निर्मूल गर्न ठुलो धनराशि खर्च गरेका छन्। तर, उपलब्धि भइरहेको छैन, बरु व्यापारजस्तो भइरहेको छ।

यतिसम्मको मानवीय अपराधमा सरकारले गरेको कानुनी व्यवस्था र सजाय न्यून हो। यस्तो किसिमको अमानवीय तथा विभेदकारी कार्यमा सरकारले एउटै खालको कानुनी व्यवस्था गरेको देखिन्छ। जो संशोधन वा पुनर्लेखन गर्न जरुरी छ। जुन अपराध कार्यमा सरकारले सामान्य खालको कानुनी र सजायको व्यवस्था गर्नुपर्थ्यो, त्यस्तोमा जटिल खालको बनाएको छ। अमानवीय र जटिल प्रकृतिको घटनामा कानुनी व्यवस्था कमजोर छ। त्यस्ता घटनामा कडा कानुन बनायो भने जसले देश, समाज र सरकार चलाइरहेको छ, उनीहरूको व्यापार घाटामा जान्छ। राजनीतिक रूपमा उनीहरू हार्नेछन्। उनीहरूको राजनीतिक आन्दोलन कमजोर हुनेछ। त्यही डरले उनीहरू कडा कानुन बनाउन पछि हटिरहेका छन्। त्यसैले यस्ता घटनालाई निर्मूल पार्नुभन्दा प्रचार गर्ने र त्यहींबाट निहित स्वार्थपूर्ति गर्ने साधन बनाइरहेका छन्।

यदि कानुनी व्यवस्था र सजाय कडा खालको बनायो भने यसको चपेटामा सबैभन्दा बढी देश र समाज हाँकिरहेकाहरू नै पर्छन्। यसको सिकार र भागिदार उनीहरू नै हुने निश्चित छ। दलित, महिलालगायत जातीय लैंगिक तथा धर्मिक विभेदको घटना आजसम्म जति घटिरहेका छन्, ती सबैमा उनीहरूको प्रत्यक्ष-परोक्ष संलग्नता नै छ। त्यसैले यस्तो संवेदनशील विषयमा सरकारले त्यस्तै खालको नीति, नियम र कानुनी व्यवस्था गर्नु आजको आवश्यकता हो।

किन लाग्छ रिंगटा ?

हामीलाई कहिलेकाहीँ बसिरहँदा वा हिँडिरहँदा घुमाइरहे जस्तो महसुस हुने, हल्लाएजस्तो हुने हुन सक्छ। यस्तो कसैलाई कहिलेकाहीँ हुन्छ भने कसैलाई निरन्तर दोहोरिएको पनि हुन सक्छ। जब तपाईंको दिमागमा नियमित मात्रमा रगत सञ्चालन हुन सक्दैन त्यतिवेला रिंगटा लागेको महसुस हुन्छ।

■ कारण

- कानमा शरीरलाई सन्तुलन राख्ने नसा हुन्छ। उक्त नसामा समस्या भए रिंगटा लाग्छ सक्छ।
- आँखाको समस्याका कारण पनि रिंगटा लाग्न सक्छ। रिफ्लेक्टिभ पावरको सन्तुलन नमिलेर कम वा बढी भयो भने रिंगटा लाग्न सक्छ।
- कुनै कारण मस्तिष्कमा रगत जम्न गयो भने पनि रिंगटा लाग्न सक्छ। यस्तै, उच्च रक्तचाप वा कम रक्तचाप हुँदा पनि दिमागमा रगतको प्रवाहमा असर पुग्छ, जसका कारण रिंगटा लाग्ने हुन्छ
- मुटुको धड्कन कम हुँदा वा रगत सर्कुलेसन नियमित नहुँदा वा मुटुले रगत पम्प गर्न नसेकमा पनि हुन्छ।
- शरीरमा कडा खालको दुखाइ भएमा पनि हुन्छ।
- शरीरमा ग्लुकोजको मात्रा कम भएमा वा बढी पनि हुन सक्छ।
- एक्कासी धेरै तातो ठाउँमा बस्दा वा हिँड्दा पनि रिंगटा लाग्छ।

यसबाहेक खानपानमा कमी, झाडापखाला, बान्ता, उच्च ज्वरो, धेरै गर्मी हुँदा पानी पिउने वा बढी काम गर्दा पनि शरीरमा पानीको मात्रा कम भई रिंगटा लाग्छ।

■ जटिल अवस्था

- टाउको दुखेर रिंगटा लागेमा
- बारम्बार रिंगटा लागिरहे वा लामो समय लागिरहेमा
- सुन्ने शक्ति र दृष्टिमा फरक परेमा
- हातखुट्टा कमजोर भएको महसुस भएमा
- सामान्य मानिस सहयोगविना हिँड्न नसकेमा
- छाती दुख्ने, सास फेर्न गाह्रो हुने भएमा। टाउँको चोट लागेमा, छारेरोग, घाँटी कडा हुने समस्या भएमा।

■ रिंगटा लागे के गर्ने ?

- आराम गरेर बस्ने, हलचल नगर्ने
- शारीरिक अवस्था चाँडोचाँडो परिवर्तन नगर्ने
- बढी चम्किलो प्रकाशमा नहेर्ने
- नजिकै रहेको कुनै पनि चिजको सहायता लिने समाउने
- शारीरिक सन्तुलनका लागि खानपानलाई सन्तुलित बनाउने।
- बारम्बार रिंगटा लाग्छ भने बसेर उठ्दा नजिकैको चिज समातेर उठ्ने
- सुतेर उठ्दा पहिले बिस्तारै बस्ने र एकछिन आराम गरेर मात्र उठ्ने
- अचानक उठ्ने, बस्ने वा शरीरको स्थिति परिवर्तन नगर्ने, रिंगटा लाग्ने समस्या छ भने मेसिनरी सामग्रीको नजिक रहेर काम नगर्ने। जस्तै ड्राइभिङ, पौडी नखेल्ने।
- रिंगटा लाग्ने धेरै कारण भएकाले पहिले कारण पत्ता लगाएर त्यसको उपचार गर्नुपर्छ।

भक्याप्पै !



रवि मिश्र
@rabimishra



चीनको आर्थिक खुलापनका प्रवर्तकले झेल्नुपरेका कठिनाइ

विदेश



● राना मिटर



देङ सियाओपिङ (दायाँ) र हु याओबाङ।

विश्व अहिले ठुलो आर्थिक र भूराजनीतिक परिवर्तन अवधिबाट गुज्रिरहेको छ। विश्व व्यापार भन्सार अवरोध तथा द्विपक्षीय सम्झौतामाथि निर्भर हुँदै जाँदा खुला बजारमा आधारित विश्वव्यापी प्रणालीमा निरन्तर क्षय देखिन थालेको छ। यस परिवर्तन पछाडिको बहसको केन्द्रबिन्दुमा छ- चीन, जसले एकातर्फ आपूर्ति शृंखला, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्ति चोरी र अन्तर्राष्ट्रिय ऋण वित्तको आरोप खेपिरहेको छ। तथापि, पछिल्लो समय यसको घरेलु बजार भने आर्थिक मन्दीबाट बाहिरिन संघर्ष गरिरहेको छ। यस परिस्थितिमा धेरैको नजर अहिले चीनले लिने निर्णय र आगामी दिशामाथि रहेको छ।

चीन र चिनियाँ नीतिसम्बन्धी समकालीन बहसमा बिरलै आधा शताब्दीअघि सो देश पुँजीवादी संसारमा पुनः प्रवेश गरेको अवधिले महत्त्व पाउने गरेको छ। सन् १९६० र १९८० को दशकको अवधिमा चीन कठोर सोभियत शैलीको नियन्त्रित अर्थतन्त्रबाट राज्य पुँजीवादको एक विशिष्टमा बदलियो, जसलाई सत्तारुढ दलले 'चिनियाँ विशेषतासहितको समाजवाद' भन्ने गरेको छ। पछिल्लो समय प्रकाशित केही पुस्तकले भने त्यस परिवर्तन र त्यसका सूत्रधारको चर्चा गरेको पाइन्छ।

चीनको रूपान्तरण अवश्य पनि शून्यतामा भएको थिएन। सन् १९७० को दशकबाटै पकड जमाउँदै गएको नवउदारवादले स्वतन्त्र पुँजी प्रवाहलाई प्रोत्साहन गरेर र सरकारी हस्तक्षेपलाई निरुत्साहित गर्दै विश्वव्यापी अर्थतन्त्रलाई पुनः आकार दिँदै थियो। सन् १९८० र १९९० को दशकमा चीनको असाधारण वृद्धि यही विश्वव्यापी प्रवृत्तिसँग नजिकबाट जोडिन पुग्यो। यस अवधिमा बेइजिङले आफ्नो विशाल सस्तो श्रमशक्तिलाई प्रयोग गरेर आफूलाई विश्वको 'निर्माण क्षेत्रको पावरहाउस' बन्न सक्षम बनायो।

राष्ट्रपति रोनाल्ड रेगनको शासनकालमा सहज बनेको ऋण प्रवाहबाट उत्साहित अमेरिकी उपभोक्ता चीनमा उत्पादित सस्तो सामानमा प्रमुख ग्राहक बने। चीनमा उत्पादन र अमेरिकामा उपभोगको एकैपटक भएको यस वृद्धि र दुई देशको एक-आपसमा निर्भरतालाई इतिहासकार निल फर्गुसन र मोरिट्ज सुलारिकले 'चि-मेरिका' शब्दावलीमार्फत अभिव्यक्त गरेका थिए। यसबिच, चीनमा उद्यमशीलताको ठुलो लहर नै उठ्यो, जो विश्वको सबैभन्दा ठुलो कम्युनिस्ट देशलाई सबैभन्दा गतिशील पुँजीवादी अर्थतन्त्रमा द्रुत गतिमा बदल्न सहयोगी बन्यो।

■ सुधारवादी युग

हालै प्रकाशित दुई पुस्तकहरू रोबर्ट सुएटिंगरद्वारा लिखित 'द कन्साइन्स अफ द पार्टी' र जोनाथन च्याटविनले लेखेको 'द साउदर्न टुर'ले चीनको आर्थिक रूपान्तरणलाई अगाडि बढाउने प्रमुख व्यक्तिमाथि प्रकाश पारेका छन्। बिल क्लिन्टनको प्रशासनमा काम गरेका सुएटिंगरको किताबले चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) का पूर्वमहासचिव हु याओबाङको कथा बताउँछ। प्रायः चीनको आर्थिक रूपान्तरणको नेतृत्व गरेको जस देङ सियाओपिङले पाउने गर्छन्। तर, त्यस काममा उनलाई प्रमुख रूपमा सघाउने र प्रेरित गर्ने व्यक्ति थिए हु। तर, देङ सियाओपिङको आज चीन र विश्वमा जति चर्चा हुन्छ, हु भने सुधारका प्रवर्तकका रूपमा आधिकारिक भाष्यमा प्रायः अनुपस्थित छन्।

हु सुधारवादी युगको अधिकांश समयमा सिपिसीभित्र सबैभन्दा प्रभावशाली उदारवादी आवाजमध्ये एक थिए। सन् १९८० को दशकमा देङसँग नजिक रहेर काम गर्ने क्रममा हुले चीनको रूपान्तरण सफल हुन आवश्यक राजनीतिक वातावरणलाई मलजल गर्न मद्दत गरे। गहन अनुसन्धानात्मक पुस्तक 'द कन्साइन्स अफ द पार्टी'ले हुलाई चीनको सांस्कृतिक क्रान्तिपछिको परिवर्तनका केन्द्रीय व्यक्तित्वको रूपमा प्रस्तुत गरेको छ।

हुनानको एक गरिब किसान परिवारमा जन्मिएका हु सानै उमेरमा कम्युनिस्ट आन्दोलनमा जोडिएका थिए। उनी सन् १९३४-३५ मा माओले सञ्चालन गरेको 'लङ मार्च'का सबैभन्दा कान्छा सहभागीमध्ये एक थिए। सांस्कृतिक क्रान्तिको समयमा भने उनलाई राजनीतिक अपराधमा संलग्न भएको आरोप लाग्यो। उनलाई सार्वजनिक रूपमा घाँटीमा काठ बाँधेर परेङ गराइयो। त्यसपछि उनलाई सुधारका लागि भन्दै ग्रामीण क्षेत्रमा शारीरिक श्रम गर्न पठाइयो, जहाँ उनी झन्डै आठ वर्षभन्दा बढी समय रहेका थिए। हु, सांस्कृतिक क्रान्तिको सिकार हुने असंख्य चिनियाँ कम्युनिस्ट पार्टीका नेतामध्ये एक थिए। जस्तो- देङ आफैं पनि यस अवधिमा आन्तरिक निर्वासनमा पठाइएका थिए। रेड गार्डहरूले एक घरको माथिल्लो तलाको झ्यालबाट फ्याँक्दा देङका एक छोरालाई पक्षाघात भएको थियो।

यी व्यक्तिगत पीडादायी अनुभवले हुलाई अनियन्त्रित अधिनायकवादको खतरा प्रस्ट पार्न सघाएको देखिन्छ। माओको मृत्युपछि चीनको नेतृत्व सम्हालेका देङका प्रमुख सहयोगीका रूपमा उदाएका हु उनका आर्थिक सुधारको प्रमुख वास्तुकारसमेत बने। यस नयाँ दिशामा हुको प्रभाव उलेख्य थियो। वान लीजस्ता सुधारवादी सहकर्मीसँग सहकार्य गर्दै हुले सुधारवादी युगको सबैभन्दा प्रारम्भिक र सबैभन्दा परिणाममुखी पहलमध्ये एक कृषि सामूहीकरण उल्ट्याउने कार्यक्रमको नेतृत्व गरे। सन् १९८० र १९८४ को बिचमा हुले हजारौं सामूहिक फार्मको विघटन र परिवारमा आधारित कृषिफार्मको विकासको निरीक्षण गरे।

> प्रायः चीनको आर्थिक रूपान्तरणको नेतृत्व गरेको जस देङ सियाओपिङले पाउने गर्छन्। तर, त्यस काममा उनलाई सघाउने धेरै व्यक्ति थिए। तीमध्ये प्रमुख व्यक्ति थिए हु याओबाङ। तर, देङ सियाओपिङको आज चीन र विश्वमा जति चर्चा हुन्छ, हु भने सुधारका प्रवर्तकका रूपमा आधिकारिक भाष्यमा अनुपस्थित छन्।

तर, हुको राजनीतिक प्रभाव सन् १९८१ को एक दस्ताबेजमा एकाएक कमजोर बन्यो। हुलाई पार्टीको इतिहाससम्बन्धी प्रस्तावको मस्यौदा तयार गर्ने जिम्मेवारी सुम्पिइएको थियो। त्यस क्रममा उनलाई जनवादी गणतन्त्रका संस्थापक माओको विरासतलाई चोट नपर्ने गरी चिनियाँ कम्युनिस्ट पार्टीमाथि सांस्कृतिक क्रान्तिको असरको निन्दा गर्न खटाइएको थियो। तर, हुले त्यसमा माओमाथि नै कठोर दृष्टिकोणको पक्ष लिएको बताइन्छ, यद्यपि, उनका प्रस्तावको विवरण कहिल्यै बाहिर आएनन्। हुका विचारबाट देङ तर्सिएको बताइन्छ। उनले हुले सीमा नाघेको ठाने। (हुपछि देङकै पालामा सन् १९८९ मा विद्यार्थी अन्दोलनमाथि भएको क्रूर दमनले पनि उनी आर्थिक उदारीकरणलाई राजनीतिक बहुलवादतर्फ डोहाऱ्याउन इच्छुक नरहेको देखाउँछ।)

देङले अचानक हुलाई मस्यौदा समितिबाट हटाए। यो परियोजना देङ ली कुन र हु किआओमुजस्ता पुराना वैचारिक व्यक्तित्वलाई हस्तान्तरण गरियो। यसबिच, हुलाई सान्डोङ प्रान्तको रमणीय माउन्ट ताईमा 'जबर्जस्ती आराम'का लागि पठाइयो। देङ र हुबिचको अन्तिम विच्छेद जनवरी १९८७ मा भयो। त्यस वेला एक बैठकमा देङ र उनका सहयोगीले हुलाई उनको उदारवादी झुकाव र बफादारीका लागि चर्को आलोचना गरे।

■ देङले पुनः लिए सुधारको नेतृत्व

सन् १९८९ को अप्रिलमा हुको मृत्युले विद्यार्थी नेतृत्वको विशाल प्रदर्शनलाई उत्प्रेरित गऱ्यो। सो विरोध प्रदर्शन जुन ३-४ को रातमा तियानमेन चोक घटनापछि मात्र थामिएको थियो। यो धक्काले पूर्वी युरोप वा रुसमा जस्तो चिनियाँ कम्युनिस्ट पार्टीलाई पतन गर्न सकेन। तथापि, लगत्तैका वर्ष चीनको आर्थिक वृद्धि एक हिसाबले गतिहीन रहे। यस अवसरलाई उपयोग गर्दै चेन युनलगायतको नेतृत्वमा रहेको गुटले आर्थिक र राजनीतिक उदारीकरणको संयोजनले चीनलाई खतरामा पारेको तर्क पेस गऱ्यो।

तथापि, १९९० को दशकको प्रारम्भसम्म आइपुग्दासम्म देङ आर्थिक सुधारबाट पछि हटिसकेपछि फेरि अगाडि बढ्न नसकिने निष्कर्षमा पुगे। यस अवधिमा पार्टीका कट्टरपन्थी गुटविरुद्ध देङले कसरी लडे भन्ने कुरा जोनाथन च्याटविन आफ्नो 'द साउदर्न टुर'मा आकर्षक ढंगले उल्लेख गरेका छन्। च्याटविनको पुस्तक सन् १९८९-९२ को अपेक्षाकृत धेरैले कम ध्यान दिएको अवधिमा केन्द्रित छ। पुस्तकले पार्टीभित्र विशाल अधिकार भए पनि देङले त्यस अवधिमा आर्थिक सुधारहरू पुनः सुरु गर्न कडा मिहिनेत गर्नुपरेको देखाएको छ।

पर्दापछाडिको गतिशीलता रोचक थियो। जनवरी १९९२ मा देङले मकाउनजिकैको झुहाईमा रहेको आधुनिक रेस्टुराँमा चीनको शीर्ष सैन्य नेतृत्वलाई एक निजी भेटघाट र सम्बोधन गरे। 'जो सुधारका विरुद्धमा छ, उसलाई सत्ताबाट निकालिनेछ,' सम्बोधनमा देङले चेतावनीको भाषामा भने। उक्त भेटघाट र कथन सेना देशको सुधारको पक्षमा रहेको देखाउने प्रयास थियो। सो भेलामा उपस्थित भएको मात्र होइन, अनुपस्थित एक व्यक्तिको पनि चर्चा भएको थियो। देङको चेतावनी खासमा ती व्यक्तिप्रति पनि लक्षित थियो। ती व्यक्ति थिए, पार्टी महासचिव जियाङ जेमिन।

पदका हिसाबले जियाङ चीनको सबैभन्दा शक्तिशाली व्यक्ति थिए। तर, देङले झुहाई भेलाबाट जियाङ र अरू पनि जति नै शक्तिशाली भए पनि सुधारको मार्गबाट पछि हट्नेहरूको राजनीतिक करियर समाप्त हुने संकेत गरेका थिए।

■ कमजोर बनेको उदारवादी सहमति

आज धेरै अमेरिकी नीति-निर्माता विश्वव्यापी अर्थतन्त्रमा चीनको पुनः एकीकरणप्रति अमेरिकी समर्थनलाई गम्भीर राजनीतिक भुल मान्छन्। विशेषगरी चीन सन् २००१ मा विश्व व्यापार संगठनको सदस्य हुँदा अमेरिकाले पनि समर्थन जनाएको थियो। यस सदस्यताले चीनलाई एक प्रतिस्पर्धी शक्तिको रूपमा उदय गर्न सक्षम बनाएको तिनको तर्क हुने गर्छ। तर, यस्ता तर्क गर्नेहरूले अन्य कारक पक्ष भने बिर्सने गर्छन्। प्रारम्भमा चीनको आर्थिक वृद्धिका लागि अमेरिकाको समर्थनपछाडि अहिले प्रायः बेवास्ता गरिने भूराजनीतिक अनिवार्यता प्रेरक बनेको थियो, सोभियत संघलाई कमजोर पार्ने प्रयास।

पूर्व र पश्चिम दुवै प्रमुख खेलाडीहरू सन् १९८० र १९९० को दशकलाई परिभाषित गर्ने उदारवादी मान्यताबाट टाढिँदै गएका देखिन्छन्। सन् २०२१ मा चीनले घरेलु माग बढाउने र आफ्नो अर्थतन्त्रलाई सकेसम्म आत्मनिर्भर बनाउने उद्देश्यले 'दोहोरो तक्रीय' रणनीति अपनाएको छ। त्यस्तै आफ्नो पहिलो कार्यकालमा चिनियाँ आयातमा केही प्रतिबन्ध लगाएका ट्रम्प पुनः सत्तामा फर्किएका छन्। यसपटक उनले आयात प्रतिबन्धलाई चीनविरुद्ध मात्र हेइन, अन्य देशविरुद्धसमेत प्रयोग गरेका छन्। यस्तोमा उदारवादी विश्व अर्थव्यवस्था गम्भीर प्रहार सहिरहेको छ।

*('हार्वर्ड केनेडी स्कुल'का 'अमेरिका-एशिया रिलेसन्स'का अध्यक्ष राना मिटरको आलेख प्रोजेक्ट सिन्डिकेटबाट **श्रवण उप्रेती**ले अनुवाद गरेका हुन्।)*

बन्दीपुरको काठमाडौं साइनो

कंक्रिटका संरचना बढ्दा मौलिक ऐतिहासिक बस्तीमाथि धावा





पर्यटन



● शिवहरि घिमिरे

काठ, इँटा, माटो, झिंगटी र कालो ढुंगाको सम्मिश्रणबाट बनेका मौलिक शैलीका एकैनासे घर। घरको भित्तामा पोतिएको रातो र सेतो रंग। कलात्मक शैलीका झ्याल-ढोका। हरेक घरको बाहिरपट्टि काठले बनेका कौसी। घरको एक तलाबाट अर्को तला उक्लिन ओर्लन बनाइएका काठकै भऱ्याङ। लस्करै देखिने घरको बिचमा ढुंगा छापेका आँगन। यो शब्द वर्णन हो, तनहुँको ऐतिहासिक बस्ती बन्दीपुरको।

बन्दीपुरलाई पहाडकी रानी, मिनी दार्जिलिङ, नेवारी सभ्यता र संस्कृतिको सहर, पुरानो व्यापारिक नाकाजस्ता अनेकौं उपनामले समेत चिनिन्छ। बन्दीपुर तनहुँको पुरानो सदरमुकाम पनि हो। ०७१ देखि ०७३ सम्म यो ठाउँ बन्दीपुर नगरपालिकाका रूपमा रह्यो। ०७३ यता भने बन्दीपुर गाउँपालिकाका रूपमा कायम गरियो।

एउटा भिन्न इतिहास, सभ्यता र महत्त्व बोकेको यहाँको मौलिकता बिस्तारै खोसिने क्रममा छ। गाउँपालिका र सरोकारवालाले ध्यान नदिँदा बन्दीपुर कंक्रिटका संरचनाले भरिँदै छ। खाँटी नेवारी बस्ती मानिने बन्दीपुरमा बडेमानका कंक्रिट बिल्डिङ ठडिँदै छन्। पुराना घरमा अग्ला भवनको छाया ओझेलमा परेको स्थानीयको गुनासो छ। केही समयअघि मात्रै सञ्चालनमा आएको केबलकारले बन्दीपुरलाई एक तह ओझेलमा पारिसकेको छ। बन्दीपुरको डाँडामा केबलकार स्टेसन र १२ तले होटेल निर्माण भएको छ।

बन्दीपुरबारे अध्ययन गरेका अध्येता भीष्म श्रेष्ठका अनुसार बन्दीपुरले मौलिकता बिर्सिरहेको छ। 'बन्दीपुरको ऐतिहासिकता, प्राकृतिक सुन्दरता, पुराना घरको एकरूपता र मौलिकता हराउने क्रममा छन्। यहाँ नयाँ-नयाँ शैलीका कंक्रिटका घर बन्दै छन्, यो निकै नराम्रो पक्ष हो,' उनी सुनाउँछन्, 'कुनै समय यहाँ बन्दीहरू बस्ने भएकाले नामै बन्दीपुर बनेको पढ्न पाइन्छ।'

बन्दीपुरमा बनेको केबलकार र होटेलहरूले यहाँको ऐतिहासिक पक्षलाई धरापमा पारेको उनको भनाइ छ। बन्दीपुरको साइनो काठमाडौं उपत्यकासँग जोडिएको छ। काठमाडौंमा बस्ने बन्दीपुरे र बन्दीपुरमा बस्ने काठमाडौंका मानिसलाई यो ठाउँको अगाध माया मात्रै होइन, अपनत्व पनि छ।

■ बन्दीपुरको ऐतिहासिकता

पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका जितिसकेपछि भक्तपुरेहरू यहाँ आएका थिए। त्यसवेलाका शासकबाट दण्डित भएर भक्तपुरेहरू यहाँ लखेटिएको इतिहास छ।

श्रेष्ठका अनुसार सुरुमा बन्दीपुरमा नेवार समुदायको श्रेष्ठ खलक (विसं १८२५), पिया खलक (विसं १८३०) र प्रधान खलक (विसं १८३९) आएका थिए। यी खलकका तीन पुरुष सुरुमा आएर बन्दीपुरमा बस्ती बसाएको पाइन्छ। 'काठमाडौं उपत्यकाबाट यी नेवार समुदायले बन्दीपुरमा बस्ती बसाउनुभयो र व्यापार व्यवसाय सुरु गर्नुभयो, चीन र भारतबाट बन्दीपुरेहरूको व्यापार निकै चम्किyो,' श्रेष्ठ सुनाउँछन्, 'राणाकालीन अवस्थामा पनि भारतसँग व्यापार गर्ने अग्रपंक्तिमा नेवारहरू नै थिए, बन्दीपुरेसँगको बढी व्यापारिक सम्बन्ध भारतको कानपुर, बम्बई, कलकतासँग थियो, साथै काठमाडौंका केही नेवार पनि व्यापारमा अघि थिए।' उनले बन्दीपुर र यहाँको सभ्यतामाथि लेखेको महाकाव्यको टुक्कासमेत सुनाए।

■ सदरमुकाम सरेपछि...

सदरमुकाम सारेपछि यस क्षेत्रको महत्त्व र प्राथमिकता हराउँदै गएको समाजसेवी डा. मदन पियाले बताए। उनी आफैं पनि यहाँको ऐतिहासिक र मौलिकताको प्रचारप्रसारमा लागिरहेका छन्। उनका अनुसार कुनै समय बन्दीपुर व्यापारिक नाकाका रूपमा चर्चित थियो। विश्वभर चिनिन्थ्यो। तर, सदरमुकाम सरेपछि बन्दीपुरको ऐतिहासिक पक्ष कमजोर बनेको डा. पियाको बुझाइ छ। बन्दीपुरलाई युनेस्कोको विश्वसम्पदा सूचीभित्र पार्ने प्रयास पुरातत्त्व विभागले अघि सारे पनि ऐतिहासिक संरचना बिगार्ने गरी बनेका संरचनाले विभागले उक्त कदम रोकेको थियो।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापा पनि बन्दीपुर ओझेलमा पर्दै गएको स्वीकार गर्छन्। यद्यपि, पालिकाले यसलाई सुधार गर्ने प्रयास गरिरहेको उनी बताउँछन्। 'यो ऐतिहासिक ठाउँ हो, यसलाई बिग्रन र भत्कन दिँदैनौं, यहाँको मौलिकता बलियो छ, बरु यहाँ पर्यटनलाई कसरी बढाउने र व्यवस्थित गर्ने भन्नेबारे हाम्रो बढी चासो हो,' उनले भने। उनले बन्दीपुरको मुख्य सहरी क्षेत्रमा सवारीसाधन निषेध गरिएको र इको टुरिजम अवधारणाले यहाँको पर्यटन व्यवसाय वृद्धिमा टेवा पुऱ्याएको दाबी गरे। उनका अनुसार पर्यटक विकासका लागि मिनी ग्रेटवालसमेत निर्माण गरिएको छ। बन्दीपुरका होटेल व्यवसायी अनिल प्रजापति बन्दीपुरको मौलिकतामा असर नपर्ने गरी विकास निर्माण र अन्य गतिविधि गर्न आवश्यक रहेको बताउँछन्।

■ तालपार्क बनाउने भएपछि विरोध

स्थानीयवासीले आफूखुसी कंक्रिटका संरचना बनाउँदै जाँदा ऐतिहासिक बस्तीको मौलिकता मलिन बन्दै गइरहेको बन्दीपुरको संरक्षणप्रति पालिकासमेत जिम्मेवार देखिँदैन। पालिकाले ऐतिहासक बस्ती, कुवा र अन्य खानेपानीका स्रोत रहेको ठाउँमा तालपार्क बनाउन खोजेको छ। बन्दीपुर बजारदेखि पाँच सय मिटर तल पालिकाले कंक्रिटको तालपार्क बनाउन खोजेपछि विवादित बनेको छ। तीन करोड लागतमा बन्ने भनिएको उक्त तालपार्कले यहाँको ऐतिहासिकता संकटमा पार्ने स्थानीवासीको भनाइ छ। बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापा भने सोचविचार गरेर अघि बढ्ने बताउँछन्। 'ऐतिहासिक पक्ष संरक्षण गर्न नै एउटा राम्रो पोखरी बनाउन खोजेका हौं, अब समन्वय र सहकार्य गरेर मात्रै अघि बढ्छौं।'

बन्दीपुरलाई कहिले सदरमुकाम बनाइयो त कहिले नगरपालिका। अहिले बन्दीपुरलाई न त सदरमुकाम भनिन्छ न त नगरपालिका। यो केवल गाउँपालिकामा सीमित छ। मुख्यतः यहाँबाट सदरमुकाम सरेपछि यसको रूपै उजाडिएको थियो। अहिले यहाँ पुग्दा हराएको सहरजस्तो देखिन्छ बन्दीपुर।

बन्दीपुरलाई कहिले सदरमुकाम बनाइयो त कहिले नगरपालिका। अहिले बन्दीपुरलाई नत सदरमुकाम भनिन्छ न त नगरपालिका। यो केवल गाउँपालिकामा सीमित छ। मुख्यतः यहाँबाट सदरमुकाम सरेपछि यसको रूपै उजाडिएको थियो। अहिले यहाँ पुग्दा हराएको सहरजस्तो देखिन्छ बन्दीपुर।

सरकारले २५ वैशाख ०७१ मा यस क्षेत्रका धरमपानी र बन्दीपुर गाउँ विकास समितिलाई समेटेर बन्दीपुर नगरपालिका घोषणा गरेको थियो। तर, ०७३ मा नयाँ प्रादेशिक संरचना कायम हुँदा ६ वडासहित बन्दीपुर गाउँपालिका बनाइयो। त्यस समयमा बन्दीपुर नयाँ नगरपालिकासँग गाभ्ने विषय पनि उठेपछि स्थानीयले विरोध गर्दै बन्दीपुर गाउँपालिका नै राख्न माग राखेका थिए। त्यसअघि ०२५ सम्म तनहुँको सदरमुकाम बन्दीपुर नै थियो। तर, ०२५ मा सदरमुकाम दमौली सारियो। बन्दीपुरका स्थानीय समाजसेवी तथा शिक्षक विक्रम पियाले बन्दीपुरको अस्तित्व संकटमा पर्न नदिने गरी यहाँको विकासका लागि कार्य हुनुपर्ने माग राखे।

■ कमजोर आतिथ्य

बन्दीपुरको परिचय नै पर्यटकीय स्थल हो। यति हुँदाहुँदै पनि पछिल्लो समय पर्यटकको संख्या न्यून छ। त्यहाँ पुगेका पर्यटक पनि होटेलको आतिथ्य शैली र शुल्कबाट असन्तुष्ट छन्। शुक्रबार र शनिबार स्वदेशी पर्यटकको उल्लेखीय उपस्थिति रहे पनि विदेशी पर्यटक निकै कम हुने गर्छन्। बन्दीपुर बजार घुम्न आएका ललितपुर भैंसेपाटीका उत्तम खड्काले सुनाए, 'सात वर्षअघि यहाँ आउँदा खानेकुराको दरेट ठिक्क थियो, आतिथ्य पनि राम्रो थियो, पुराना घर बढी थिए, तर अहिले नयाँ र स्वरूप बिगार्ने गरी नयाँ घर बनेछन्, पर्यटकलाई टिकाउनेतर्फ चासो दिएको देखिएन।' उनले यो बस्तीमा नेवारी बाजागाजा र संस्कृतिलाई बढी प्रयोगमा ल्याउन सके पर्यटक बढ्ने सुझाव दिए।

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ३ साउन ०८२

संक्षेप

दिक्तेलको हाटडाँडामा पूर्वाधार विकास कार्यालय स्थापना



खोटाङ/ दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- १, दिक्तेल बजारस्थित हाटडाँडामा पूर्वाधार विकास कार्यालय स्थापना गरिएको छ। कोशी प्रदेश सरकारको गत जेठ २० गते बसेको मन्त्रिपरिषद्को बैठकले कोशी प्रदेशभित्र पर्ने १४ वटै जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना गर्ने निर्णय गरेअनुसार बिहीबार खोटाङको दिक्तेल बजारमा पूर्वाधार विकास कार्यालय स्थापना गरिएको हो।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारस्थित हाटडाँडामा कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालय पूर्वाधार विकास निर्देशनालयको मातहतमा रहने गरी पूर्वाधार विकास कार्यालय स्थापना भएसँगै अब खोटाङवासीले योजनाको फायल बोकेर उदयपुर, ओखलढुंगा, विराटनगरलगायतका जिल्ला धाउनुपर्ने बाध्यता हटेको छ। भाडाको घरमा स्थापना गरिएको कार्यालय कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले औपचारिक रूपमा उद्घाटन गरेका छन्। निकै तामझामका साथ उद्घाटन गरिएको कार्यालय स्थापना कार्यक्रमलाई सम्बोधन गर्दै भौतिक पूर्वाधार एवं स्वास्थ्यमन्त्री राईले विकास निर्माणका कामलाई छिटो र गुणस्तरीय बनाउन कोशी प्रदेशमा पर्ने १४ वटै जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना गर्ने निर्णय गरिएको बताएका छन्।

एउटै फार्मबाट नौ हजार कफीका बिरुवा बिक्री



पाल्पा/ यहाँको रामपुर नगरपालिका-५ स्थित भम्बकका प्रेमबहादुरसिंह ठकुरीले एकै सिजनमा नौ हजार कफीका बिरुवा उत्पादन गरी बिक्री गरेका छन्। उनले गत वर्ष करिब ६ हजारबराबरको बिरुवा बिक्री गरेका थिए। यो क्षेत्रमा फागुनदेखि असारसम्म कफीका बिरुवा रोप्ने गरिन्छ। ठकुरीले विगत तीन वर्षदेखि अरबी जातको बिरुवा उत्पादन गरिरहेका छन्। प्रतिबिरुवा ४० रुपैयाँका दरले फार्मबाटै धमाधम बिक्री भइरहेको उनले बताए। नर्सरीमा दुई हजार पाँच सय बिरुवा बिक्री गर्न बाँकी रहेको उनले जानकारी दिए।

यहाँ उत्पादन भएका बिरुवा पाल्पा, स्याङ्जा, पर्वतलगायतका जिल्लामा खपत हुने गरेको छ। बिरुवा राखेको १४ महिनामा लगाउन योग्य हुने गर्छ। ठकुरीले आफ्नै घरमा अर्गानिक चिया तथा कफी उद्योगसमेत सञ्चालन गर्दै आएका छन्।

ऋण असुलेर बचतकर्तालाई फिर्ता दिन निर्देशन

धनकुटा/ धनकुटा नगरपालिकाले सहकारी संस्थालाई भाका नाघेका ऋण असुल गरी बचतकर्ताको रकम फिर्ता गर्न निर्देशन दिएको छ। धनकुटा नगरपालिकाले एक सूचना जारी गर्दै नगरभित्र सञ्चालनमा रहेका सहकारीबाट प्रवाह भएको ऋण समयमा नै असुल नहुँदा तरलतामा समस्या देखिएपछि नगरपालिकाले सहकारी संस्थालाई भाका नाघेका ऋण असुल गरी बचतकर्ताको रकम फिर्ता गर्न निर्देशन दिएको हो। सञ्चालक समितिका पदाधिकारीबाट विशेष समिति गठन गरी ऋण असुलीका लागि कार्ययोजना बनाउन नगरपालिकाले सहकारीलाई निर्देशन दिएको छ। सम्झौताअनुसार ऋण नतिर्ने ऋणी सदस्यलाई ३५ दिनको समय तोकेर साँवा र ब्याज चुक्ता गर्न पनि सहकारीलाई निर्देशन दिइएको छ।

■ ऊर्जामन्त्री खड्का र भौतिक पूर्वाधारमन्त्री दाहालको एक वर्ष

सवा ८ अर्ब विद्युत् बक्यौता नउठाउने 'नियत', प्राधिकरणमा वर्षैभर हस्तक्षेप

ऊर्जा मन्त्रालय सम्हालेदेखि दीपक खड्काले डेडिकेटेट फिडर र ट्रंकलाइन प्रयोग गरेबापत महसुल बुझाउनुपर्ने उद्योगीको पक्षमा वकालत गर्दै आएका छन्। विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई सवा आठ अर्ब बक्यौता उठाउन नदिने नियत राखेर पदबाट हटाउन प्रमुख भूमिका पनि खेले। अहिलेसम्म उनले बक्यौता उठाउने विषयमा प्राधिकरण सञ्चालक समितिमा ठोस प्रस्ताव लगेका छैनन्। कुलमानलाई बलजफ्ती पदबाट हटाएपछि प्राधिकरणको व्यवस्थापकीय लापरबाहीले विद्युत् आपूर्ति अनियमित भइरहेको छ। विद्युत् ट्रिपिङका बारेमा उपभोक्ताले गरेको गुनासोलाई मन्त्री खड्काले अनावश्यक हल्ला फैलाइएको भन्दै उल्टै भ्रम सिर्जना गरेर समस्या समाधानका लागि उदासीन छन्।



दीपक खड्का, ऊर्जामन्त्री

मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८१/८२ मा ४३४.१२ मेगावाटका २२ परियोजनाले व्यावसायिक रूपमा विद्युत् उत्पादन सुरु गरेका छन्। विद्युत् विकास विभाग र विद्युत् प्राधिकरणबाट प्राप्त तथ्यांकअनुसार १८ वटा विद्युत्गृहले चार सय मेगावाट र चार सोलार परियोजनाले करिब ३५ मेगावाट विद्युत् उत्पादन थालेका हुन्। गत आवमा नौ सय मेगावाट उत्पादनको लक्ष्य राखिए पनि आधा हिस्सा मात्रै उत्पादन भएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पद सम्हालेदेखि प्राधिकरणसँग निरन्तर विवादमा छन्। उनले करिब आठ महिनासम्म व्यक्तिगत तहमा उत्रेर तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङसँग झगडा गरे। अन्त्यमा, मन्त्रिपरिषद् प्रयोग गरेर घिसिङलाई पदमुक्त गरे। त्यसयता विद्युत् आपूर्ति अनियमित भइरहेको छ, विद्युत् ट्रिपिङ हुँदा अपजसको भारी मन्त्री खड्काले बोकिरहेका छन्। त्यस्तै, सवा आठ अर्ब विद्युत् बक्यौता उठाउन पनि उनले चासो दिएका छैनन्।

मन्त्री खड्का आएपछि सरकारले राष्ट्रिय प्रणालीमा नौ सय मेगावाट विद्युत् थप गरेर जडित क्षमता ४५ सय मेगावाट पुऱ्याउने लक्ष्य लिएको थियो। तर, लक्ष्यको ४८ प्रतिशत मात्रै उत्पादन भएको छ। परीक्षणमा रहेका एक सय ९६ मेगावाट विद्युत् समावेश गर्दा ६३०.१२ मेगावाट विद्युत् प्रणालीमा थपिएको देखिन्छ, जुन लक्ष्यको ७० प्रतिशत हाराहारी हुनेछ।

लक्ष्यभन्दा कम विद्युत उत्पादन भए पनि हालसम्मको उत्पादनलाई देखाएर ऊर्जामन्त्री खड्काले सन्तोष व्यक्त गरे। 'गत आवमा ऊर्जा क्षेत्रका लागि उपलब्धिमूलक रह्यो। विद्युत्को जडित क्षमता झन्डै ३९ सय मेगावाट पुग्नु सकारात्मक पक्ष हो,' उनले भने।

मन्त्रालयले एक वर्षमा तीन सय सर्किट किलोमिटर प्रसारणलाइन निर्माण गरेको जनाएको छ। थप सात सय एमभिए क्षमताका सबस्टेसन निर्माण भएका छन्।

प्रतिव्यक्ति विद्युत् खपत चार सय ७० युनिट पुगेको छ। अधिल्लो आव ०८०/८१ मा प्रतिव्यक्ति खपत औसतमा चार सय युनिट थियो।

यी हुन् गत आवमा थपिएका ऊर्जा परियोजना

- रसुवागढी – १११ मेगावाट
- दुधकुण्ड खोला– १२ मेगावाट
- नीलगिरि खोला– ३८ मेगावाट
- माथिल्लो रिचेत खोला– २ मेगावाट
- सेती नदी– २५ मेगावाट
- सान्जेन– ४२.५ मेगावाट
- सुपर काबेली 'ए'– १३.५ मेगावाट
- लंखुवा खोला– ५ मेगावाट
- सान्जेन खोला– ७८ मेगावाट
- भीमखोला साना– ४.९६ मेगावाट
- सुपर काबेली खोला– १२ मेगावाट
- सुपर हेवा खोला– ६ मेगावाट
- माथिल्लो लोहोरे खोला– ४ मेगावाट
- करुवा सेती– ३२ मेगावाट
- जोगमाई क्यास्केड– ५.२ मेगावाट
- रेले खोला– ६ मेगावाट
- जिरा भवानी सेढवा– ७.७ मेगावाट
- डिडिबी सौर्य– २.३ मेगावाट
- धरमनगर सोलार (१)– १० मेगावाट
- धरमनगर सोलार (२)– १५ मेगावाट
- सेलाङ खोला– ०.९९ मेगावाट
- इदी खोला– ०.९७५ मेगावाट

मन्त्रीलाई गिज्याउँदै नारायणगढ–बुटवल सडकखण्ड र बिपी राजमार्ग

एक सय १३ किलोमिटर दूरीको बुटवल-नारायणगढ सडक निर्माण थालेको सात वर्ष भयो, तर अहिलेसम्म ६९ प्रतिशत मात्रै भौतिक प्रगति भएको छ। अर्थात्, दुवैतर्फ गरेर ८० किलोमिटर मात्रै कालोपत्रे हुन सकेको छ। ०७९ साउनमा सक्ने गरी काम थालिएको सडकको पटक-पटक गरेर आगामी ८ साउनसम्मका लागि म्याद थपिएको थियो। तर, अहिले पनि काम सकिने छाँट छैन। जसकारण यात्रुहरू दैनिक ४ देखि ६ घण्टाको जाम र हिलो बाटोको सामना गर्दै यात्रा गर्न बाध्य छन्। बर्खा लागेयता सडक हरेक दिन अवरुद्ध हुन थालेपछि जिल्ला प्रहरी कार्यालयले वैकल्पिक बाटोबाट यात्रा गर्न सूचना जारी गर्न थालेको छ। खासगरी नवलपरासीको दाउन्ने र दुम्कीबास क्षेत्रमा चर्को सवारी जाम हुने गरेको छ। अभै एक वर्ष म्याद थप गर्ने सरकारी तयारी छ।



देवेन्द्र दाहाल, भौतिकमन्त्री

गत असोजको बाढीले भत्काएको सडक अझै निर्माणको पर्खाइमा



गत १२ असोजको बाढीले भत्काएको बिपी राजमार्ग पुनर्निर्माणमा सरकारले चरम लापरबाही गरेको छ। हिउँदभर डाइभर्सन बनाएर खोलाको बगरबाट कष्टकर यात्रा गरे पनि बर्खामा बाढीले बाटो नै बन्द हुने अवस्था छ। सरकारले पुनर्निर्माणका लागि भर्खरै ठेक्का लगाएको छ। असुरक्षाको कारण देखाउँदै प्रहरीले ७ असारदेखि राति बिपी राजमार्ग हुँदै यात्रा गर्न निषेध लगाएको छ।

७६.४१ प्रतिशत पुँजीगत खर्च, ९३० किमि कालोपत्रे

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले गत आव ०८१/८२ मा विगतको भन्दा धेरै ७६.४१ प्रतिशत पुँजीगत खर्च भएको बताएका छन्। 'औसत राष्ट्रिय पुँजीगत खर्चभन्दा करिब १३ प्रतिशत बढी हामीले खर्च गर्न सकेका छौं,' उनले भने। गत आवमा ९ सय ३० किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य लिएकोमा नौ सय ३२ किलोमिटर कालोपत्रे भएको पनि उनले जानकारी दिए।

मन्त्रालयले सार्वजनिक गरेको एकवर्षे कार्य प्रगति विवरण

- आव ०८०/८१ मा निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्ने बक्यौता आठ अर्ब ६६ करोड गत आवमा चुक्ता गरिएको छ, तर अझै निर्माण व्यवसायीले पूरा रकम पाएका छैनन्।
- ललितपुरको ग्वार्कोमा फ्लाई ओभर सञ्चालन
- सिद्धबाबा सुरुङमार्गको ११ सय २६ मिटरको सुरुङ खन्ने र करिब नौ सय मिटर कंक्रिट लाइनिङ गर्ने काम सकिएको छ
- मध्यपहाडी र हुलाकी राजमार्गका विभिन्न खण्डमा समान ७५ किलोमिटर कालोपत्रे गर्ने लक्ष्य रहेकोमा क्रमशः ५८.५ किलोमिटर र ९२.५ किलोमिटर कालोपत्रे भएको छ।
- कर्णाली नदीमा बेलिब्रिज राखेर हुम्ला सदरमुकाम सिमकोटलाई राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ।
- नागढुंगा सुरुङमार्गको टनेल निर्माण गरी लाइटिङ, भेन्टिलेसन, आगलागी नियन्त्रण, पावर सप्लाई तथा सूचना प्रणालीसँग सम्बन्धित उपकरण जडान गरिएको छ।
- पृथ्वी राजमार्गको मुग्लिन-पोखरा पूर्वी खण्डमा आँबुखैरेनीदेखि जामुनेसम्मको ४१ किलोमिटर सडक तयार भएको छ। पश्चिम खण्डको जामुनेदेखि पोखरासम्म ३८ किलोमिटरमध्ये १० किलोमिटर एकतर्फी दुई लेन कालोपत्रे भएको र २६ किलोमिटर चार लेन कालोपत्रे भएको छ।
- वर्षौंदेखि ठेक्का लागेर निर्माण सम्पन्न नभएका एक सय २० आयोजनाको ठेक्का तोकिएको र एक सय ५१ ठेक्का तोड्ने वा निर्माण थाल्ने विषयमा अध्ययन भइरहेको छ।
- पूर्व-पश्चिम रेलमार्गको महोत्तरी बर्दीबास चोचा खण्डमा ३.६१ किलोमिटर मात्रै ट्रयाक वेड निर्माण गरिएको छ।
- सुरक्षण मुद्रण केन्द्रसँग सवारीचालक अनुमतिपत्र छपाइ गर्न सम्झौता भए पनि लाइसेन्स लिन करिब एक वर्ष कुर्नुपर्ने बाध्यता हटेको छैन।

किसानलाई सिँचाइ उपकरण सहयोग



महोत्तरीमा **रञ्जन भण्डारी**

मधेश प्रदेश सुक्खाग्रस्त घोषणासँगै कृषकलाई राहत प्रदान गर्न साना सिँचाइ उपकरण वितरण गरिएको छ। वर्ल्ड भिजन इन्टरनेसनलले साझेदार संस्था ग्रामीण विकास समाजमार्फत महोत्तरीको एकडारा गाउँपालिका र सम्सी गाउँपालिकाका विपन्न कृषकलाई सो सहयोग गरेको हो। वर्ल्ड भिजनले एकडारा गाउँपालिकाका १८ घरधुरी र सम्सी गाउँपालिकाको ३२ घरधुरीमा साना सिँचाइ उपकरण सहयोग गरेको हो। त्यस्तै, खानेपानीका लागि एकडारा गाउँपालिकामा ५५ र सम्सी गाउँपालिकामा तीन सय १४ वटा चापाकलसमेत जडान गरिएको वर्ल्ड भिजनका मधेश प्रदेश प्रमुख विनय अमात्यले बताए।

स्थानीय साझेदार संस्थाहरू राष्ट्रिय रोजगार प्रवद्धन केन्द्र, सर्लाही र ग्रामीण विकास केन्द्र रौतहटमार्फत सर्लाहीको हरिपुर्वा नगरपालिकामा ५० घरधुरी र रौतहट माधवनारायणमा ४७ घरधुरीमा सिँचाइ उपकरण सहयोग गरिएको उनले बताए। हरिपुर्वामा ९३ घरधुरी र पर्सामा ४२ घरधुरीमा चापाकल जडान गरिएको पनि उनले जानकारी दिए। वर्ल्ड भिजनले आफ्नो कार्यक्षेत्रमा खानेपानी तथा सिँचाइको तत्काल र दिर्घकालीन समस्या समाधानका लागि स्थानीय तहसँग सहकार्य र समन्वय गरी नियमित कार्यक्रम सञ्चालन गरिरहेको प्रमुख अमात्यको भनाइ छ।



बागमतीमा लक्ष्यको ८४ प्रतिशत मात्रै राजस्व संकलन

चार अर्ब ५३ करोड ८४ लाख लक्ष्य रहेकामा तीन अर्ब ८१ करोड ५८ लाख रुपैयाँ मात्रै संकलन भएको मन्त्रालयले जनाएको छ



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष ०८१/८२ मा लक्ष्यको ८४ प्रतिशत मात्रै आन्तरिक आय संकलन भएको छ।

गत आवमा प्रदेशले चार अर्ब ५३ करोड ८४ लाख रुपैयाँ आन्तरिक आय संकलन गर्ने लक्ष्य लिएको थियो। तर, असार मसान्तसम्म तीन अर्ब ८१ करोड ५८ लाख रुपैयाँ मात्रै संकलन भएको मन्त्रालयले जनाएको छ। अधिल्लो आर्थिक वर्ष ०८०/८१ मा भने तीन अर्ब ६६ करोड २० लाख रुपैयाँ संकलन गरेर ९७.५२ प्रतिशत लक्ष्य पूरा गरेको थियो।

मन्त्रालयको तथ्यांकअनुसार प्रदेशले आन्तरिक आयतर्फ सवारीचालक अनुमतिपत्र (लाइसेन्स), ब्लुबुक नवीकरणबापत दुई अर्ब २५ करोड ८९ लाख रुपैयाँ राजस्व संकलन गरेको छ भने वन क्षेत्रको आयबापत दुई करोड ११ लाख रुपैयाँ, व्यवसाय रजिस्ट्रेसन दस्तुरबापत ३५ करोड ९८ लाख रुपैयाँ संकलन भएको छ।

प्रदेशले यातायात क्षेत्रको आम्दानीबापत ६६ करोड २८ लाख रुपैयाँ, परीक्षा शुल्कबापत १२ करोड ३७ लाख रुपैयाँ, पर्यटन शुल्क र पदमार्ग शुल्कबापत क्रमशः ६९ हजार र ५१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। कृषि क्षेत्रको आय करतर्फ १३ हजार रुपैयाँ, कृषि उत्पादनको बिक्रीबापत तीन करोड ६९ लाख सात हजार रुपैयाँ र अन्य स्रोतबाट प्राप्त हुने रोयल्टीबापत १४ लाख ४३ हजार रुपैयाँ राजस्व संकलन गरेको छ।



कृष्णप्रसाद मैनाली, सचिव, आर्थिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशको आन्तरिक आय संकलन अपेक्षाकृत हुन सकेको छैन। बर्सेनि बजेटको आकार वृद्धि गर्नुपर्ने बाध्यता रहन्छ। बजेटको आकार बढ्दा स्रोत पनि बढाउनुपर्ने हुन्छ। तर, आर्थिक वर्षको अन्त्यमा स्रोत अनुमानअनुसारको राजस्व संकलन हुन सक्दैन। त्यसैले आन्तरिक आय घटेको हो। सरकारले आन्तरिक आय संकलनको स्रोत तथा सीमा विस्तारको व्यवस्थापन र नयाँ क्षेत्रको पहिचानको प्रयास गरे पनि कार्यान्वयनमा कठिनाइ भइरहेको छ। स्थानीय तह र प्रदेशबिच क्षेत्राधिकारको विषयमा रहेको समस्याका कारण पनि राजस्व संकलनमा समस्या भएको छ।

कुल राजस्व संकलनमा भने सुधार

आर्थिक वर्ष ०८१/८२ मा कुल अनुमानित राजस्व संकलन भने लक्ष्यको ९४ प्रतिशत संकलन भएको छ। प्रदेशले ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएकोमा असार मसान्तसम्म ६० अर्ब ७४ करोड ७५ लाख रुपैयाँ संकलन गरेको हो।

राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानीमा ८३ प्रतिशत संकलन गरेको छ। यो शीर्षकबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजस्व प्राप्त हुने अनुमान लिएकोमा २४ अर्ब ५३ करोड ४० लाख रुपैयाँ संकलन गरेको हो। घरजग्गा रजिस्ट्रेसन दस्तुर ७९.९१ प्रतिशत (६ अर्ब १५ करोड ३० लाख रुपैयाँ), मूल्य अभिवृद्धि कर ९३.९२ प्रतिशत (आठ अर्ब नौ रकोड ४१ लाख रुपैयाँ), अन्तःशुल्क ७८.४१ प्रतिशत (दुई अर्ब ८९ करोड ६१ लाख रुपैयाँ) र सवारीसाधन कर ८२.३१ प्रतिशत (६ अर्ब १७ करोड ३५ लाख रुपैयाँ) संकलन भएको मन्त्रालयले जनाएको छ।

संघीय सरकारबाट प्राप्त हुने अनुदान लक्ष्यको ७३ प्रतिशत मात्रै प्राप्त भएको छ। प्रदेशले संघीय सरकारबाट गत आर्थिक वर्षमा निर्धारित १५ अर्ब ५७ करोड ५६ लाख रुपैयाँमध्ये ११ अर्ब ९६ करोड ७८ लाख रुपैयाँ प्राप्त गरेको जनाएको छ।

धरान र इटहरीमा बजेट होलिडे

हर्क साम्पाङले नेतृत्व गरेको धरान उपमहानगरले नगरसभामा बजेट नै प्रस्तुत गरेको छैन भने इटहरी उपमहानगरपालिकाले अढाई अर्बको बजेट पेस गरे पनि नगरसभाले पास गर्न मानेको छैन

सुनसरीमा **आरबी कटुवाल**

चालू आर्थिक वर्ष ०८२/८३ का लागि कोशी प्रदेशका दुई उपमहानगरपालिका धरान र इटहरीले बजेट ल्याउन सकेका छैनन्। जसकारण दुवै उपमहानगरमा १ साउनदेखि 'बजेट होलिडे' भएको छ।



लामो समय बजेट होलिडे भएका वेला उपमहानगरपालिकाका पदाधिकारी र कर्मचारीको पारिश्रमिक भुक्तानीमा समस्या हुँदैन। त्यस्तै, अदालतको आदेश भएका भुक्तानी र ऋणको दायित्व वहन गर्न पनि खर्च गर्न सकिन्छ, तर लामो समय बजेट होलिडे भए पारिश्रमिक भुक्तानीदेखि आन्तरिक अर्थ प्रशासनमा समस्या हुनेतर्फ दुवै उपमहानगर चनाखो हुनुपर्ने अवस्था छ।

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ अनुसार स्थानीय तहले १० असारसम्ममा बजेट ल्याइसक्नुपर्ने र असार मसान्तसम्म पारित गरिसक्नुपर्ने व्यवस्था भए पनि धरानमा नगरप्रमुख हर्कराज राई र उपप्रमुख आइन्द्राविक्रम बेघाबिचको विवादले बजेट रोकिएको छ। त्यस्तै, इटहरीमा अनुसूचीविनाको बजेटलाई कार्यपालिका सदस्यहरूले स्वीकार गर्न मानेका छैनन्। धरानमा लामो समयदेखि प्रमुख-उपप्रमुखबिच भएको विवाद र वडाध्यक्षहरूबिचको टकरावले गर्दा पटक-पटक बसेको नगरसभाले पनि बजेट पास गर्न सकेको छैन।

यसअघि जनप्रतिनिधिबिच बजेट र नीति तथा कार्यक्रममा



नै विवाद भएर पटक-पटक तोकिएको नगरसभा स्थगित हुँदै आएको थियो। छलफल तीव्र रूपमा भइरहेको र चाँडै सबै विवाद टुंग्याएर बजेट ल्याउने उपप्रमुख बेघालले जानकारी दिए। 'विविध कारणले गर्दा ढिलो भयो,' उनले भने, 'हामी निरन्तर छलफल नै गरिरहेका छौं।'

अधिल्लो वर्ष पनि नगरप्रमुख राई र वडाध्यक्षहरूबिचको विवादले निर्धारित समयमा बजेट पेस भएको थिएन। यस वर्ष पनि आन्तरिक विवादका कारण बजेट निर्माण तथा छलफलमा समय लागिरहेको छ। श्रमदानमा प्रयोग गरिएको नगरको गाडीको चाबी उपप्रमुखले खोसेको र भुक्तानी रोकेको विषयमा दुई पक्षका समर्थकबिच पनि विरोध र नाराबाजी भएको थियो। १७ नम्बर वडा अध्यक्ष मनोज भट्टराईले स्रोत अनुमान समितिको बैठक बसेर निर्णय गर्ने विषयमा सहमति भएको बताए।

इटहरीमा अनुसूचीविनाको बजेट पारित भएन

इटहरी उपमहानगरपालिकाको ३२ असारमा बसेको १६औं नगरसभा बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको छ। बजेट अव्यवस्थित र कानुनी प्रावधानविपरीत भएको तथा अनुसूची पनि नभएको तर्क गर्दै उपप्रमुख संगीता चौधरीसहित केही कार्यपालिका सदस्यहरूले बजेट पास गर्न नमान्दा अड्किएको छ।



अनुसूचीसहितको विधेयक ल्याउनुपर्ने जिम्मेवारी आफ्नै भए पनि सबैतिबार बजेट सिलिङ नआउँदा समस्या भएको उपप्रमुख चौधरीले जानकारी दिइन्। '२० मध्ये १५ वटा वडाबाट र सबै शाखा-महाशाखाबाट बजेट सिलिङ प्राप्त भयो,' उनले भनिन्, 'तर, पाँचवटा वडा र नगर प्रमुख हेमकर्ण पौडेलेज्यू संयोजक रहनुभएको शिक्षा महाशाखाबाट सिलिङ नआउँदा अनुसूची बनाउन समस्या भएको हो।' उपप्रमुख चौधरीले गत १० असारको नगरसभामा दुई अर्ब ५५ करोड २१ लाखको बजेट पेस गरेकी थिइन्।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७७

नयाँ पत्रिका

भलिबलमा पहिलोपटक अक्सन

६ फ्रेन्चाइज टोलीले मार्कीसहित विभिन्न क्याटागोरीबाट ७४ मध्ये ४२ नेपाली खेलाडीलाई ३६ लाखमा अनुबन्ध गरे

रमेश सुवेदी/नयाँ पत्रिका

भलिबल इतिहासमा पहिलोपटक नेपालमा अक्सनबाट खेलाडी बिक्री भएका छन् । दोस्रो एभरेस्ट महिला भलिबल लिगमा सहभागी फ्रेन्चाइज टोलीहरूले अक्सनका माध्यमबाट खेलाडी भित्र्याएका छन् । यसअघि पहिलो संस्करणमा फ्रेन्चाइज टोलीले ड्राफ्टबाट सीधै खेलाडी अनुबन्ध गरेका थिये । गत वर्ष टिम मालिक र प्रशिक्षकको असन्तुष्टिपछि आयोजक इन्फिनिटिभ डिम्सले योपटक अक्सन गरेको हो ।

मार्कीसहित ७४ मध्ये ४२ खेलाडी अक्सनमा बिक्री भएका छन् । आपोजिटिभ हिटरतर्फ २०, सेटर १६, अपोसाइट स्पाइकर १४, मिडब्लकर १४ र लिबेरो १० जना समेटिएका छन् । सहभागी टोलीले एक मार्की र सात अक्सनबाट खेलाडी चुनिसकेका छन् । अब, सहभागी टोलीहरूले तीन विदेशी र एक ट्यालेन्ट हन्टबाट खेलाडी छनोट गर्नेछन् । एक टोलीमा १२ खेलाडी हुनेछन् ।

अक्सनमा एक टोलीलाई न्यूनतम पाँच हजारदेखि एक लाख ३२ हजार दुई सय ५० रुपैयाँसम्म खर्च गर्न पाउने प्रावधान थियो । कोही खेलाडी कम मूल्य ५० हजार रुपैयाँमा पनि बिक्री भएका छन् । अक्सनमा ६ टोलीले कुल ३६ लाख ६८ हजार सात सय ५० खर्च गरेका छन् । उच्च मूल्य पाउने खेलाडी पाँचजना मात्रै रहेका छन् ।

दोस्रो संस्करण पोखरामा २० देखि २८ भदौसम्म हुनेछ । साबिक विजेता कर्णाली यस्विस, ललितपुर क्विन्स, काठमाडौं स्पाइकर्स, पोखरा निन्जाज, लुम्बिनी जाभाज र मधेश युनाइटेड सहभागी हुनेछन् । नेपाल राष्ट्रिय टोलीकी कप्तान तथा लुम्बिनीकी मार्की अरुणा शाहीले अक्सनलाई ऐतिहासिक मानेकी छिन् । यसले महिला भलिबल विकासमा ठुलो टेवा पुग्ने उनले बताइन् । 'ऐतिहासिक अक्सन रमाइलो भयो । खेलाडी छनोट गर्न निकै गाह्रो हुँदो रहेछ । पछिल्लोपटक फुटबल, क्रिकेट र कबड्डीमा अक्सन भइरहेको थियो,' शाहीले भनिन्, 'भलिबलमा थिएन, तर यसपटक अक्सन भयो ।' उनले अक्सनमा सोचेजस्ता खेलाडी परेको बताइन् ।

अक्सनमा समग्रमा खेलाडी भित्र्याउन ३६ लाखभन्दा बढी खर्च भयो । हरेक टोलीले धेरैमा आठ लाखसम्म खर्च गर्न पाउने निर्धारण गरिएको थियो । सबैभन्दा बढी खर्च पोखराले गरेको छ । पोखराले खेलाडी भित्र्याउन ६ लाख २९ हजार सात सय ५० खर्च गरेको हो । यद्यपि, पोखरासँगै ललितपुर, लुम्बिनी र काठमाडौंले पनि ६ लाख नै खर्च गरेका छन् । कम खर्च गर्नेमा मधेश बनेको छ ।

■ अक्सनपछिका ६ टोली, कुन टोलीको कति खर्च ?



टिम : **कर्णाली यस्विस**
मार्की : **सुमित्रा रेग्मी**

खेलाडी	क्याटागोरी	मूल्य
सोफिया पुन	ए	१ लाख ३२ हजार २५०
रश्मिता दुरा	बी	१ लाख
जस्ना महतो	बी	१ लाख
पूजा थारू	बी	१ लाख
नेभिका चौधरी	सी	५७ हजार ५ सय
रेबिका लामा तमू	सी	५० हजार
एलिसा भोजू	सी	५० हजार

कुल खर्च : ५ लाख ८९ हजार ७५०



टिम : **ललितपुर क्विन्स**
मार्की : **सलिना श्रेष्ठ**

खेलाडी	क्याटागोरी	मूल्य
संगम महतो	ए	१ लाख ३२ हजार २५०
लक्ष्मी चन्द	बी	१ लाख १५ हजार
सुनीता राई	बी	१ लाख
सलिना बुढामगर	बी	१ लाख १५ हजार
सृष्टि खड्गी	सी	५७ हजार ५ सय
भावना डाँगी	सी	५७ हजार ५ सय
निशा चौधरी	सी	५० हजार

कुल खर्च : ६ लाख २७ हजार २५०



टिम : **पोखरा निन्जाज**
मार्की : **प्रगति नाथ**

खेलाडी	क्याटागोरी	मूल्य
पुनम चन्द	ए	१ लाख ३२ हजार २५०
मीना सुनार	बी	१ लाख १५ हजार
गरिमा बोहरा	बी	१ लाख १५ हजार
सुनीता खत्री	बी	१ लाख
एन्जिला प्रधान	सी	५७ हजार ५ सय
निशा महरा	सी	५७ हजार ५ सय
भावना तामाङ	सी	५३ हजार

कुल खर्च : ६ लाख २९ हजार ७५०



टिम : **लुम्बिनी लाभाज**
मार्की : **अरुणा शाही**

खेलाडी	क्याटागोरी	मूल्य
कामना विष्ट	ए	१ लाख ३२ हजार २५०
एलिसा मानन्धर	बी	१ लाख १५ हजार
शान्तिकला तामाङ	बी	१ लाख १५ हजार
जेनिशा विक	बी	१ लाख
रोमा महतो	सी	५० हजार
अनुशा चौधरी	सी	५० हजार
रिन्जना भोटो	सी	५० हजार

कुल खर्च : ६ लाख १२ हजार २५०



टिम : **काठमाडौं स्पाइकर्स**
मार्की : **उषा भण्डारी**

खेलाडी	क्याटागोरी	मूल्य
कविता भट्ट	ए	१ लाख ३२ हजार २५०
मनीषा चौधरी	बी	१ लाख १५ हजार
यमुना रसाइली	बी	१ लाख
रिमा कुँवर	बी	१ लाख
वाल्मिका आचार्य	सी	५७ हजार ५ सय
कमला पुन	सी	५७ हजार ५ सय
अशिका क्षेत्री	सी	५० हजार

कुल खर्च : ६ लाख २२ हजार २५०



टिम : **मधेश युनाइटेड**
मार्की : **निरुता ठगुन्ना**

खेलाडी	क्याटागोरी	मूल्य
आरती सुवेदी	ए	१ लाख १५ हजार
कोपिला राना	बी	१ लाख १५ हजार
सरस्वती कट्टेल	बी	१ लाख
उषा विष्ट	बी	१ लाख
बबिता बोहरा	सी	५० हजार
वसन्ती साउद	सी	५७ हजार ५ सय
स्नेहा ठगुन्ना	सी	५० हजार

कुल खर्च : ५ लाख ८७ हजार ५ सय

■ उच्च मूल्य पाउने पाँच खेलाडी

प्रतियोगिताका लागि उच्चतम मूल्य पाउने पाँच खेलाडी बनेका छन् । राष्ट्रिय टोलीबाट खेलिसकेका खेलाडीमाथि पाँच टोलीले सर्वाधिक मूल्य लगाएका हुन् । कर्णालीले सफिया पुन, ललितपुरले संगम महतो, पोखराले पुनम चन्द, लुम्बिनीले कामना विष्ट र काठमाडौंले कविता भट्टलाई समान एक लाख ३२ हजार दुई सय ५० रुपैयाँ खर्च गरे । सबैभन्दा सुरुमा बिक्री हुने खेलाडीमा लुम्बिनीकी कामना बनिन् । उनलाई अनुबन्ध गर्न तीन क्लबले बिड गरेका थिए । लुम्बिनीले ललितपुर र कर्णालीलाई गोलाप्रथामा पछि पाऱ्यो ।

खेल संक्षेप

केल्मी नेपाललाई डेभलपमेन्ट अवार्ड

काठमाडौं/ इन्टरनेसनल मार्केट डेभलपमेन्ट अवार्डबाट केल्मी नेपाल सम्मानित भएको छ । केल्मीले २०२६ ग्रीष्मकालीन अन्तर्राष्ट्रिय टिम वेयर मिटका अवसरमा केल्मी नेपाललाई सम्मान गरेको हो । केल्मी नेपालका निर्देशक प्रदीप न्यौपाने र प्रबन्ध निर्देशक उत्तम न्यौपानेले अवार्ड ग्रहण गरेका छन् । केल्मी विश्वप्रसिद्ध स्पोर्टस् वेयर ब्रान्ड हो । नेपाली बजारमा केल्मीले खेलाडी र खेलकर्मीबिच सेवा प्रदान गरिरहेको छ । केल्मी नेपालका प्रबन्ध निर्देशक न्यौपानेले अवार्डपछि थप प्रेरणा प्रदान भएको बताए । 'हामी केल्मीसँगको आफ्नो साझेदारीलाई अझ सुदृढ गर्दै नेपालमा खेलकुद संस्कृतिलाई प्रोत्साहन गर्न र विश्वस्तरीय स्पोर्टस् वेयर उपलब्ध गराउन प्रतिबद्ध छौं,' उनले भने, 'हामी आगामी दिनमा पनि उत्कृष्टताको यो यात्रालाई निरन्तरता दिनेछौं ।'

टेबुलटेनिसको लिग भदौमा

काठमाडौं/ स्ट्याग च्याम्पियन्स टेबुलटेनिस एकेडेमीको आयोजनामा लैनचौरस्थित राष्ट्रिय टेबुलटेनिस प्रशिक्षण केन्द्रमा १ देखि ६ भदौसम्म हुने तेस्रो स्ट्याग ग्लोब च्याम्पियन्स लिग हुने भएको छ । यस प्रतियोगिताको मुख्य प्रायोजक भारतको स्ट्याग ग्लोबल प्रालि हो । ६ दिनसम्म चल्ने यस मिक्स टिम लिग प्रतियोगितामा देशभरका विभिन्न क्लबहरूले सहभागिता जनाउनेछन् । सहभागी क्लबले समान एक पुरुष र महिला विदेशी खेलाडी अनुबन्ध गराउन पाउनेछन् । प्रतियोगिताको अनुमानित बजेट ३० लाख रुपैयाँ रहेको छ । विजेताले तीन लाख रुपैयाँ प्राप्त गर्नेछ । उपविजेताले एक लाख ५० हजार र सेमिफाइनलिस्टले जनही ५० हजार रुपैयाँ हात पार्नेछन् ।

सातदोबाटोलाई ८-० ले हराउँदै पुलिस शीर्ष स्थानमा

काठमाडौं/ नेपाल पुलिस क्लब एन्फा यू-१६ युथ लिगको शीर्ष स्थानमा उक्लिएको छ । एन्फा कम्प्लेक्स सातदोबाटोमा शुक्रबार पुलिसले सातदोबाटो युथ क्लबलाई ८-० ले हराउँदै पुलिस अंकतालिकाको शीर्ष स्थानमा पुगेको हो । पुलिसको जितमा रोनीवीरविक्रम सिंह र रिजनराज गौतमले ह्यात्रिक गरेका थिए । रोनीले खेलको पाचौं, २३औं र ६३औं मिनेटमा ह्यात्रिक गरे । रिजनले खेलको सातौं, ४६औं तथा ७४औं मिनेटमा गोल गर्दै ह्यात्रिक पूरा गरे । पुलिसले ६ खेलमा १६ अंक जोडेको छ । सातदोबाटो ६ खेलमा अंकविहीन छ । अर्को खेलमा मच्छिन्द्रले चर्च ब्वाइज युनाइटेडसँग बराबरी खेले । फ्रेन्ड्सले जावलाखेललाई ३-१ ले पराजित गऱ्यो ।

हेल्प नेपालको रोमाञ्चक जित

काठमाडौं/ काभा च्याम्पियन्स लिगमा नेपालको हेल्प नेपालले रोमाञ्चक जित निकालेको छ । हेल्प नेपालले घरेलु टोली माल्दिभ्सको धिवेही सिफान क्लबलाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा हराएको हो । हेल्प नेपालले पहिलो सेट ३३-३१ र दोस्रो सेट २५-२० ले जित्यो । त्यसपछि घरेलु टोली धिवेहीले उत्कृष्ट पुनरागमन गरी तेस्रो सेट २२-२५ र चौथो २०-२५ ले जित्यो । पाँचौं तथा अन्तिम सेटमा हेल्प नेपाल १५-८ ले विजयी भयो । लिग चरणका शीर्ष दुई टोलीबिच २३ जुलाईमा उपाधि भिडन्त हुनेछ ।

सबैभन्दा खराब समर्थक म्यानचेस्टर युनाइटेडका

गत सिजनको इंग्लिस प्रिमियर लिगमा मैदानभित्र र बाहिर हुलदंगा गरेका म्यानचेस्टर युनाइटेडका एक सय ५५ समर्थक समातिए



एजेन्सी

गत सिजनमा युरोपियन फुटबलमा म्यानचेस्टर युनाइटेडका समर्थक नराम्रो व्यवहार गर्ने सूचीको शीर्ष स्थानमा परेका छन् । उपाधिविहीनका साथै युरोपियन च्याम्पियन्स लिगमा समेत छनोट नभएको युनाइटेडले नयाँ सिजनअगाडि खराब रेकर्ड बनाएको छ । इंग्ल्यान्डको प्रहरीले शुक्रबार सार्वजनिक गरेको एक तथ्यांकअनुसार युनाइटेडका दर्शक सबैभन्दा खराब देखिएका हुन् । इंग्ल्यान्डका दर्शकलाई हौलिगान्स भन्छन् । यो भनेको रंगशालाभित्र र बाहिर उपद्रो मच्चाउने दर्शक हुन् ।

गत सिजनमा घरेलु मैदान ओल्ड ट्राफोर्डमा विभिन्न खेलमा उपद्रो मच्चाएका एक सय २१ दर्शकमाथि जेल चलान भएको थियो । युनाइटेडका थप ३४ समर्थक मैदानबाहिर विपक्षीको समर्थकसँग झैझगडाका क्रममा समातिएका थिए । इंग्लिस प्रिमियर लिग उपाधि रक्षा गर्न नसकेको म्यानचेस्टर सिटी दोस्रो स्थानमा छ । गत वर्ष सिटीका ९४ दर्शक समातिएका थिए ।

यसैगरी, सार्वजनिक स्थलका सामग्री बिगारेको आरोपमा ४३ सिटीका दर्शकलाई चिट काटिएको थियो । वेस्टह्यामले गत वर्षको सिजनमा गतिलो बनाउन सकेन । खराब हार सामना गरेका वेला वेस्टह्यामका दर्शक आक्रोशित हुँदा ९४ जनामाथि कारबाही चल्यो । यसैगरी, सार्वजनिक स्थलमा हुलदंगा गर्ने ४३ दर्शकलाई जेल चलान गरिएको एजेन्सीले जनाएको छ । दर्शकदीर्घामा खराब आचरण गर्ने सूचीको चौथो स्थानमा चेल्सी रहेको छ ।

गत वर्ष विभिन्न खेलमा गरी चेल्सीका एक सय दुईजना समर्थक समातिए । खराब दर्शकको सूचीमा एस्टोन भिल्ला पाँचौं स्थानमा छ । एस्टोन भिल्लाको घरेलु मैदानमा ३५ प्रतिशत खराब व्यवहार गर्ने दर्शक अहिले पनि जेलमा छन् । समग्रमा गत वर्ष लन्डन प्रहरीले एस्टोन भिल्लाका ९३ जना समर्थकलाई समातेको थियो ।

■ लागुऔषध प्रयोग गर्नेमा पनि युनाइटेडकै समर्थक अगाडि

गत वर्ष मैदानभित्र र बाहिर म्यानचेस्टर युनाइटेडले राम्रो रेकर्ड बनाउन सकेन । लन्डन प्रहरीको सूचीअनुसार युनाइटेडका २७ समर्थकले रंगशालामै प्रतिबन्धित लागुऔषध सेवन गरेका थिए । इंग्ल्यान्डमा रंगशालाभित्र लागुऔषध सेवन गरी उपद्रो मच्चाउनेलाई कडा कारबाही हुने गर्छ । दोस्रो स्थानमा रहेको वेस्टह्याम छ । उसका २६ समर्थक लागुऔषध सेवन गरिरहेको अवस्थामै सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए । लिभरपुलका १८ जना, म्यानचेस्टर सिटीका १५ जना, एभर्टनका १४ जना र लिड्सका १३ जना समर्थक यसै प्रवृत्तिमा समातिएका थिए ।

नेपालको दोस्रो चरणको प्रशिक्षण भारतमा

राष्ट्रिय टोलीका २० क्रिकेटरले २१ जुलाईदेखि ३ अगस्टसम्म भारतको चर्चित राष्ट्रिय क्रिकेट एकेडेमीमा विश्वकप छनोटको तयारी गर्नेछन् । भिभिएस लक्ष्मण डाइरेक्टर रहेको एकेडेमीमा नियमितजस्तो भारतकै सिनियर खेलाडी प्रशिक्षण गर्न आउँछन् ।

नयाँ पत्रिका

आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन प्यासिफिक छनोटको तयारी गर्न नेपालका २० क्रिकेटरले भारतको चर्चित राष्ट्रिय क्रिकेट एकेडेमीमा प्रशिक्षण गर्ने भएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले शुक्रबार भारतीय दूतावासको सहकार्य तथा भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई)को सहयोगमा बेंग्लोरमा रहेको एनसिएमा प्रशिक्षण गर्ने जनाएको छ । क्यानले प्रशिक्षक स्टुवार्ट लको सूचीअनुसार प्रारम्भिक ३२ टोली घोषणा गरेको थियो । एनसिएमा अहिले २० खेलाडीले दोस्रो चरणको प्रशिक्षणमा सहभागी हुने क्यानका प्रवक्ता छुम्बी लामाले बताए । छनोटमा परेका बाँकी १२ जना खेलाडीले नेपालमै प्रशिक्षण गर्नेछन् ।

खेलाडीले भारतको बेंग्लोरमा रहँदा २१ जुलाईदेखि ३ अगस्टसम्म प्रशिक्षण लिनेछन् । तीन वर्षपछि राष्ट्रिय टोलीको प्रशिक्षणमा परेका मोहम्मद आदिल आलम भारत जाने लिस्टमा छैनन् । उनको स्थानमा युवा स्पिनर युवराज खत्रीले स्थान बनाएका छन् ।

एकेडेमीमा प्रशिक्षण लिएपछि नेपाली टोली अस्ट्रेलियामा हुने सिरिजमा सहभागी हुन जानेछ । नेपालले पाकिस्तान र बंगलादेशका 'ए' टोलीसँगै विश्वचर्चित बिग बास लिगमा आबद्ध टोलीसँग पनि अभ्यास खेलमा सहभागी जनाउनेछ ।



■ भारत जाने नेपाली टोली

कुशल भुर्तेल, आसिफ शेख, लोकेश बम, रोहित पौडेल, अनिल साह, भीम सार्की, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, रूपेश सिंह, विवेक यादव, रिजन ढकाल, प्रतिश जिसी, नन्दन यादव, युवराज खत्री, साहब आलम, सन्दीप जोर, सागर ढकाल, आकाश चन्द, शुभ कंसाकार

■ नेपालमै अभ्यास गर्ने खेलाडी

करण केसी, सोमपाल कामी, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, गुल्सनकुमार झा, बसिर अहमद, किरण ठगुन्ना, आदिल अन्सारी, पवन सर्राफ, शेर मल्ल, अर्जुन घर्ती, कमलसिंह ऐरी

नेपालले अक्टोबरमा ओमानमा विश्वकपको एसिया तथा पूर्वी एसिया प्यासिफिक छनोट खेल्नेछ । तेस्रोपटक विश्वकपमा छनोट हुने लक्ष्य राखेको नेपालले तयारीलाई विशेष जोड दिएको छ । विश्वकप छनोटमा प्रतिस्पर्धा गर्नुअघि नेपालले ऐतिहासिक रूपमा वेस्ट इन्डिजसँग तीन खेलको टी-२० आई सिरिज खेल्नेछ ।

नेपालले पहिलोपटक एकदिवसीय तथा टी-२० विश्वकप समान दुईपटक जितेको वेस्ट इन्डिजसँग टी-२० आई खेल्न लागेको हो ।

■ विश्वकपअघि वेस्ट इन्डिजसँग सिरिज

डेढ वर्षअघि नेपालले वेस्ट इन्डिजको 'ए' टोलीविरुद्ध मूलपानीको मैदानमा प्रतिस्पर्धा गरेको थियो । विश्वकप छनोटमा नौ राष्ट्रको सहभागिता रहनेछ । सहभागी राष्ट्रलाई तीन समूहमा विभाजन गरिएको छ । हरेक समूहका शीर्ष दुई देशले सुपर सिक्समा स्थान बनाउनेछन् । सुपर सिक्सको शीर्ष तीनमा रहने टोलीले आगामी वर्ष भारत र श्रीलंकामा आयोजना हुने विश्वकपमा स्थान बनाउनेछन् । नेपालले छनोटको समूह चरणमा कुवेत र जापानको सामना गर्नेछ । नेपालको समूहमा नयाँ प्रतिद्वन्द्वीका रूपमा जापान रहेको छ ।

खेलाडीले कस्तो सुविधा पाउनेछन् एनसिएमा

सन् २००० मा बिसिसिआईले राष्ट्रियस्तरमा प्रतिभाशाली क्रिकेटर उत्पादन गर्ने उद्देश्यका साथ राष्ट्रिय क्रिकेट एकेडेमी (एनसिए) स्थापना गरेको हो । भारतको चर्चित रंगशाला चिन्नस्वामीनजिक रहेको एनसिएमा विश्वस्तरीय सुविधा खेलाडीले प्रशिक्षणका क्रममा प्राप्त गर्न सक्छन् । अहिले एनसिएका निर्देशक भारतीय टोलीका पूर्वक्रिकेटर भिभिएस लक्ष्मण रहेका छन् । एनसिएमा फास्ट तथा स्पिनर बलरको क्षमताअनुसार प्रशिक्षण गर्ने प्रबन्ध मिलाइएको छ ।

यहाँ एमआरएफ पेस फाउन्डेसन (फास्ट बलर)बाट ब्याट्समान्यानले प्रशिक्षण गर्न सक्छन् । यस एनसिएमै भारतको राष्ट्रिय टोलीमा चोट लागेका खेलाडीले रिह्याब लिने गर्छन् । सन् २०२३ मा यसै एकेडेमीमा चोटमुक्त हुन सिनियर टोलीका जसप्रित बुमराह, प्रसिद्ध कृष्ण तथा रिषभ पन्त भर्ना भएका थिए ।

सन् २०१४ मा बिसिसिआईले क्रिकेट अस्ट्रेलिया तथा इंग्ल्यान्ड क्रिकेट बोर्डको सुझावमा एकेडेमीलाई विश्वस्तरीय बनाएको थियो । त्यसवेला यहाँ भौतिक पूर्वाधार व्यापक रूपमा परिवर्तन गरिएको थियो । सन् २०२२ मा बिसिसिआईका अध्यक्ष सौरभ गांगुली तथा सचिव जय शाहले सुविधासम्पन्न जिमखाना सँगै एकैपटक ४० वटा पिच बनाएका थिए । यहाँ एकपटकमा ४० ब्याट्समान्यानले प्रशिक्षण गर्न सक्छन् । उनीहरूले स्विमिङ पुल र ड्रेसिङ रुम पनि थपे । भारतीय टोलीका पूर्वप्रशिक्षक राहुल द्रविडले पनि प्रशिक्षण दिनेछन् ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।



बसन्त राज कुँवर
रिहुयाब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा



पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com